NIC ASIA
एन आई सी एशिया बैंक लि.

# २२औं वार्षिक प्रतिवेदन
## २०७५/२०७६

22 YEARS of SERVICE

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि



अन्तिमको दाँयादेखि क्रमशः जगदीश प्रसाद अग्रवाल (चिफ एड्भाइजर), तुलसीराम अग्रवाल (अध्यक्ष), त्रिलोक चन्द अग्रवाल (सञ्चालक), रामचन्द्र संघई (सञ्चालक), राजेन्द्र प्रसाद अर्याल (सञ्चालक), विनोद कुमार प्याकुरेल (सञ्चालक), गणेश मान श्रेष्ठ (सञ्चालक), निकुञ्ज अग्रवाल (सञ्चालक)

# विषय सूची

पृष्ठ संख्या


| | | |
|---|---|---|
| १. | साधारण सभा सम्बन्धी सूचना | १ |
| २. | अध्यक्षज्यूको मन्तव्य | ४ |
| ३. | प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य | १० |
| ४. | सामाजिक उत्तरदायित्वका झलकहरु | १५ |
| ५. | सञ्चालक समितिको प्रतिवेदन | १७ |
| ६. | लेखापरीक्षकको एकिकृत प्रतिवेदन | ४३ |
| ७. | एकिकृत वित्तीय विवरण | ४५ |
| ८. | एकिकृत वित्तीय विवरणको अनुसूची | ५७ |
| ९. | एकिकृत वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु | ९४ |
| १०. | आधारभूत लेखा नीतिहरु | ९८ |
| ११. | सहायक कम्पनीको वार्षिक विवरण | |
| | ११.१ एन आई सी एशिया क्यापिटल लिमिटेडको सञ्चालक समितिको प्रतिवेदन | १३७ |
| | ११.२ एन आई सी एशिया क्यापिटल लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन | १४८ |
| | ११.३ एन आई सी एशिया क्यापिटल लिमिटेडको वित्तीय विवरण | १४९ |
| | ११.४ एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको प्रतिवेदन | १५४ |
| | ११.५ एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन | १६१ |
| | ११.६ एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको वित्तीय विवरण | १६३ |
| १२. | नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशनको लागि दिइएको निर्देशन | १६८ |
| १३. | नेपाल राष्ट्र बैंकद्वारा वित्तीय विवरण प्रकाशनको लागि दिइएको निर्देशनको प्रतिउत्तर | १६९ |
| १४. | एन आई सी एशिया बैंक लि. को प्रबन्धपत्रमा प्रस्तावित संशोधन/थपको तीन महले विवरण | १७० |
| १५. | प्रवेश पत्र र प्रोक्सी फारम | १७२ |

# एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं, नेपाल

## बाईसौं वार्षिक साधारण सभाको सूचना

मिति २०७६/०५/१८ मा सम्पन्न यस बैंकको सञ्चालक समितिको ४२०औं बैठकको निर्णयानुसार बैंकको बाईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७६/०६/१०, शुक्रवार (तदनुसार २७ सेप्टेम्बर २०१९)
समय : विहान ९:०० बजे
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तसम्मको वासलात र आ.व.२०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०७५/७६ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री टि आर उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य हुनुहुन्न ।)
५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को लागि चुक्ता पूँजीको ११.०५२६% का दरले नगद लाभांश रु. ९७,६४,१४,७५१/- (अक्षरेपी सन्तान्नब्बे करोड चौसठ्ठी लाख चौध हजार सात सय एकाउन्न रुपैयाँ मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को लागि चुक्ता पूँजीको १०% का दरले हुने रु.८८,३४,२२,८७०/- (अक्षरेपी अठासी करोड चौतीस लाख बाईस हजार आठ सय सत्तरी रुपैयाँ मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. प्रस्ताव नं. १ बमोजिम बोनस शेयर वितरणबाट बैंकको साविक अधिकृत पूँजी रु. ८,८४,००,००,०००/- (अक्षरेपी आठ अर्ब चौरासी करोड रुपैयाँ मात्र) लाई वृद्धि गरी रु. ९,७२,००,००,०००/- (अक्षरेपी नौ अर्ब बहत्तर करोड रुपैयाँ मात्र) बनाउन, साविक तत्काल जारी पूँजी रु. ८,८३,४२,२८,६९८/- (अक्षरेपी आठ अर्ब त्रीयासी करोड बैयालीस लाख अठ्ठाईस हजार छ सय अन्ठानब्बे रुपैयाँ मात्र) लाई वृद्धि गरी रु. ९,७१,७६,५१,५६८/- (अक्षरेपी नौ अर्ब एकहत्तर करोड छैहत्तर लाख एकाउन्न हजार पाँच सय अठसठ्ठी रुपैयाँ मात्र) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. ८,८३,४२,२८,६९८/- (अक्षरेपी आठ अर्ब त्रीयासी करोड बैयालीस लाख अठ्ठाईस हजार छ सय अन्ठानब्बे रुपैयाँ मात्र) लाई वृद्धि गरी रु. ९,७१,७६,५१,५६८/- (अक्षरेपी नौ अर्ब एकहत्तर करोड छैहत्तर लाख एकाउन्न हजार पाँच सय अठसठ्ठी रुपैयाँ मात्र) बनाउन स्वीकृति प्रदान गर्ने ।
३. बैंकको प्रवन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।
४. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
५. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानुन बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक जे/जो गर्न/गराउन सक्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

(ग) विविध ।

आज्ञाले,

दिपेन कार्की
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र बैंकको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पुरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै सो सम्बन्धी जानकारी यस बैंकको वेवसाइट www.nicasiabank.com मा समेत उपलब्ध गराइएको छ ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । हाजिरी पुस्तिका बिहान ७ बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात् मिति २०७६/०६/०८ गते विहान ९ बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ ।

४. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सो को सूचना बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली काठमाडौंमा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

७. छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ ।

८. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७६/०५/२९ गते देखि २०७६/०६/१० गतेसम्म बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७६/०५/२९ गते भन्दा अगाडि कारोबार भई ७ कार्य दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न, बोनस शेयर तथा नगद लाभांश पाउन सक्नु हुनेछ ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

१०. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं स्थित सञ्चालक समितिको सचिवालय (टेलिफोन नं. ०१९५११११७७/७८ एक्सटेन्सन २२५७) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।


बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# एन आई सी एशिया बैंक लिमिटेडको बाईसौं बार्षिक साधारण सभामा
## अध्यक्ष श्री तुलसीराम अग्रवालज्यूको मन्तब्य

आदरणीय शेयरधनी महानुभावहरु,

हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएका नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, बैंकका वाह्य लेखापरीक्षक एवं कानुनी सल्लाहकारज्यूहरु र बैंकमा कार्यरत कर्मचारीहरु लगायत समस्त बैंक परिवारमा सर्वप्रथम त सञ्चालक समिति र समस्त बैंकको तर्फबाट यस एन आई सी एशिया बैंकको २२ औं वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाइदिनुभएको मा यहाँहरुलाई धन्यवाद सहित म यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

एउटा उपलव्धि नै अर्को उपलव्धिको आधारशिला हो भन्ने मान्यतालाई आत्मसात गर्दै बैंकले समीक्षा अवधिमा दुरदर्शी योजनाको तर्जुमा, व्यवसायिक उपलव्धि, आधुनिक प्रविधिको अंगीकार, लगानीकर्ताको सम्मान र सामाजिक उत्तरदायित्व वहन लगायतका क्षेत्रहरुमा ऐतिहासिक सफलता हासिल गरेको छ । बैंकको यस उल्लासमय घडिमा अध्यक्षको जिम्मेवारीका साथ सञ्चालक समितिको तर्फबाट यहाँहरु समक्ष प्रस्तुत हुन पाउँदा म निकै उत्साहित भएको छु ।

### भिजन १८-२२ को प्रादुर्भाव: नव:लक्ष्यको विजारोपण

दुरदृष्टि, कुशल व्यवस्थापन, प्रभावकारी संरचना र विवेकशील लगानी नै व्यवसायिक सफलताका आधारशिलाहरु हुन् भन्ने तथ्यलाई बैंकले अंगीकार गर्दै आईरहेको छ । यसैको जगमा बैंकले आफ्नो व्यवसाय विस्तार गर्न आ.व. २०७२/७३ मा पञ्चबर्षीय एकीकृत रणनीतिक योजना (रणनीति २०२०) तर्जुमा गरेकोमा उक्त रणनीति २०२० ले लक्षित गरेका बैंकको कर्जा, निक्षेप, आम्दानी र मुनाफामा उल्लेख्य वृद्धि लगायतका मुलभुत लक्ष्यहरु चार वर्षमा नै हासिल गर्न सफल भएको तथ्य यहाँहरु समक्ष राख्न पाउँदा म हर्षित छु ।

एउटा सफलताको उचाईले नै अर्को सफलताको मार्ग प्रसस्त गर्दछ भन्नेमा बैंक विश्वास राख्दछ । रणनीति २०२० को लक्ष्यहरु समय भन्दा अगावै बैंकले हासिल गर्न सफल भएको परिप्रेक्ष्यमा सोहि मान्यता अनुरुप अझ उच्चस्तरको लक्ष्यको परिकल्पना सहितको भिजन १८-२२ बैंकले तर्जुमा गरेको छ । बैंकलाई बदलिँदो परिस्थीती र परिप्रेक्ष्यमा अझ ठूलो व्यवसायिक सफलता हासिल गर्न बैंकको सर्वाङ्गिण र सन्तुलित उन्नतीलाई केन्द्रमा राखी आ.व. २०१८/१९ देखि आ.व. २०२१/२२ सम्म चार वर्षको लागि भिजन १८-२२ बैंकले तय गरेको हो । हालसम्म भिजन १८-२२ को लक्ष्य अनुरुप बैंकले हासिल गरेको प्रगतीले हामीलाई थप उत्साहित बनाईरहेको यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु ।

भिजन १८-२२ ले लिएका लक्ष्यहरु बैंकलाई दीर्घकालीन रुपमा व्यवसाय विस्तार गर्दै सफलताको नयाँ उचाइमा पुऱ्याउने उद्देश्यका साथ तय गरिएका हुन् र शेयरधनीहरुको सम्पत्ति र लाभांश वृद्धि गर्नको लागि भिजन १८-२२ ले लिएका लक्ष्यहरु हासिल गर्न हामी दत्तचित्त भएर लागिरहेका छौं र आ-आफ्नो क्षेत्रबाट योगदान दिईरहेका छौं ।

### व्यवसायिक उपलव्धि: हाम्रो गर्व

उत्कृष्ट उपलव्धि हासिल गर्नु नै बैंकको लक्ष्य हो भन्ने सोचबाट एक कदम अगाडि बढि उत्कृष्टमा समेत उत्कृष्टता खोज्ने डिएनए हामीले विकास गरेका छौं । यस अर्थमा हामी उत्कृष्ट उपलव्धि हासिल हुँदा उक्त उपलव्धि भन्दा अझ राम्रो उपलव्धिको खोजिमा हामी सँगै प्रतिस्पर्धा गर्ने र आज हाम्रो प्रतिस्पर्धा अरु बैंकसँग होइन हामीसँगै छ भन्ने व्यवसायिक सोचका साथ अगाडि बढिरहेका छौं ।

समीक्षा अवधिमा कर्जा, निक्षेप, मुनाफा लगायतका व्यवसायका विविध विधाहरुमा बैंकले फेरि पनि एकपटक उत्कृष्ट उपलव्धि हासिल गर्न सफल भएको छ । म यस गौरवमय उपलव्धिसँग सम्बन्धित केही तथ्यहरु यहाँहरु समक्ष देहाय बमोजिम प्रस्तुत गर्दछु :

१. कर्जा प्रवाहमा आ.व. २०७६ आषाढ मसान्तमा रु. १ खर्ब ५० अर्ब १० करोड कर्जा पुऱ्याई बैंक पहिलो स्थानमा रहेको ।

२. आ.व २०७६ आषाढ मसान्तमा रु. २९ अर्ब ४४ करोड वार्षिक कर्जा वृद्धि सहित बैंक पहिलो स्थानमा रहेको ।

३. निक्षेप संकलनमा आ.व २०७६ आषाढ मसान्तमा रु. १ खर्ब ८० अर्ब ५० करोड निक्षेप पुऱ्याई निजी क्षेत्रका बैंकहरु मध्ये बैंक पहिलो स्थानमा रहेको ।

४. आ.व २०७६ आषाढ मसान्तमा रु. २९ अर्ब ४० करोड वार्षिक निक्षेप वृद्धि सहित बैंक पहिलो स्थानमा रहेको ।

५. बचत निक्षेपमा आ.व २०७६ आषाढ मसान्तमा रु. ५८ अर्ब ४० करोड पुगी निजी क्षेत्रका बैंकहरु मध्ये पहिलो स्थानमा रहेको ।

६. आ.व २०७६ आषाढ मसान्तमा रु. १० अर्ब ३६ करोडले वार्षिक बचत निक्षेप वृद्धि गरी बैंक पहिलो स्थानमा रहेको ।

७. चल्ती र बचत निक्षेपमा आ.व २०७६ आषाढ मसान्तमा रु.७२ अर्ब ४८ करोड पुगी निजी क्षेत्रका बैंकहरु मध्ये पहिलो स्थानमा रहेको ।



८. आ.व २०७६ आषाढ मसान्तमा रु १३ अर्ब १८ करोड वार्षिक चल्ती र बचत निक्षेप वृद्धि गरी निजी क्षेत्रका बैंकहरु मध्ये पहिलो स्थानमा रहेको ।

९. कुल मुद्दती निक्षेपमा आ.व. २०७६ आषाढ मसान्तमा रु. ८३ अर्ब ७६ करोड पुगी बैंक पहिलो स्थानमा रहेको ।

१०. कुल व्याज आम्दानीमा आ.व २०७६ आषाढ मसान्तमा रु. १९ अर्ब ३५ करोड सहित बैंक पहिलो स्थानमा रहेको ।

११. आ.व २०७६ आषाढ मसान्तमा रु. ५ अर्ब ८० करोडले वार्षिक कुल व्याज आम्दानी वृद्धि सहित बैंक पहिलो स्थानमा रहेको ।

१२. आ.व. २०७६ आषाढ मसान्तमा रु. २ अर्ब ७५ करोड वार्षिक खुद व्याज आम्दानी वृद्धि सहित बैंक पहिला स्थानमा रहेको ।

१३. शुल्क तथा अन्य संचालन आम्दानीमा आ.व. २०७६ आषाढ मसान्तमा रु. २ अर्ब ६७ करोड सहित बैंक पहिलो स्थानमा रहेको ।

१४. आ.व २०७६ आषाढ मसान्तमा रु. १ अर्ब ४३ करोड वार्षिक शुल्क तथा अन्य संचालन आम्दानी वृद्धि सहित बैंक पहिलो स्थानमा रहेको ।

१५. आ.व २०७६ आषाढ मसान्तमा रु. ४ अर्ब १५ करोड वार्षिक कुल आम्दानी वृद्धि सहित बैंक पहिलो स्थानमा रहेको ।

१६. आ.व २०७६ आषाढ मसान्तमा रु २ अर्ब ६० करोड वार्षिक संचालन मुनाफा वृद्धि सहित बैंक पहिलो स्थानमा रहेको ।

१७. आ.व २०७६ आषाढ मसान्तमा वार्षिक खुद मुनाफा रु १ अर्ब ६९ करोडले वृद्धि भई खुद मुनाफा वृद्धिका हिसाबले बैंक पहिलो स्थानमा रहेको ।

१८. आ.व २०७६ आषाढ मसान्तमा रिटर्न अन इक्विटी २२.७३% सहित निजी क्षेत्रका बैंकहरु मध्ये पहिलो स्थानमा रहेको ।

१९. शाखा सञ्जाल विस्तारमा आ.व. २०७६ आषाढ मसान्तमा बैंकको २९२ वटा शाखा, ३०२ वटा एटिएम र ४७ वटा एक्सटेन्सन काउन्टर सहित बैंक पहिलो स्थानमा रहेको ।

२०. काठमाण्डौ उपत्यकामा बैंकको ६१ वटा शाखा, १४१ वटा एटिएम र २७ वटा एक्सटेन्सन काउन्टर सहित बैंक पहिलो स्थानमा रहेको । साथै, काठमाण्डौ उपत्यकामा बैंकिङ्ग ब्रान्डको हिसावले बैंक नम्बर १ ब्रान्ड बन्न सफल भएको ।

## नवीनतम बैंकिङ्ग सेवाको विस्तार: उच्चतम सन्तुष्टीको आधारशिला

ग्राहकहरुको आवश्यकता नै हाम्रो सेवाका जननी हुन् भन्नेमा बैंक स्पष्ट रहेको छ । यही तथ्यमा अडेर बैंकले चमत्कारिक निक्षेप योजनाहरु ग्राहक सामु प्रस्तुत गरेको यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु । ग्राहकहरु भनेको निक्षेपकर्ता वा कर्जा लिने व्यक्ति हुन् भन्ने साँघुरो सोचबाट बैंक माथी उठी उहाँहरु सपरिवारको सुरक्षा र सभ्रान्तलाई समेत सम्बोधन गर्ने गरी मुद्दती निक्षेप अन्तर्गत चार प्रकारका चमत्कारिक खाताहरु र बचत निक्षेप अन्तर्गत १५ वटा चमत्कारिक बचत निक्षेप खाताहरु गरी कुल १९ वटा निक्षेप खाताहरु बैंकले सञ्चालनमा ल्याएको छ । उल्लेखित निक्षेप खाताहरुमा जेष्ठ नागरिक, नारी, कर्मचारी, उद्यमी, बाल बालिका, विद्यार्थी, वैदेशिक रोजगारी अन्तर्गतका श्रमिक लगायतका विभिन्न तह, तप्का, क्षेत्र र समुदायका नागरिकहरुको लागि बीमा सुविधा, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, डेबिट कार्ड, कारोबार शुल्क लगायत भारी छुटका साथ ग्राहकवर्ग सामु पेश गरिएको छ । यस सँगै बैंक निक्षेप सुरक्षासँगै पारिवारिक सुरक्षामा समेत आम ग्राहकहरुको सहयात्री बनेको छ ।

साथै, समीक्षा अवधिमा नेपाल सरकारले घोषणा गरेको "सबै नेपालीको बैंक खाता" अभियानमा सहयोग गर्नको लागि "समृद्ध नेपाल सुखी नेपाली" बचत खाता समेत बैंकले कार्यान्वयनमा ल्याई सोको सफलताको लागी यस्तो खाता खोल्ने ग्राहकहरुलाई यस अभियानमा सहयोग गर्नुभएकोमा सम्मान सहित रु १०० प्रदान गर्ने व्यवस्था मिलाएका छौं ।

आगामी दिनहरुमा समेत परिवर्तित समय र वातावरण अनुरुप ग्राहकवर्गलाई आकर्षित गर्न विभिन्न नवीन सेवाहरु सञ्चालनमा ल्याउने क्रमलाई जारी राख्ने व्यहोरा यहाँहरुलाई अनुरोध गर्न चाहन्छु ।

## आधुनिक प्रविधि: सहजता र सबलताको आधार

आधुनिक प्रविधि नै बैंकिङ्गको भविष्य हो । आधुनिक प्रविधिले नै बैंकलाई प्रतिस्पर्धी सामु सवल वा दुर्वल गराउँछ । सेवा लागतमा कमी गर्ने, कारोबार गर्दा लाग्ने समयलाई यथासम्भव न्युनतम विन्दुमा कायम गर्ने, पहिलो पटक मै सफल कारोबार हुने तथा ग्राहक आफैले बैंकिङ्ग कारोबार गर्न सक्ने सुविधा आधुनिक प्रविधिको अबलम्बनबाट मात्र सम्भव छ । साथै, कुनै पनि समयमा, जुनसुकै उपकरणबाट तथा कुनै पनि स्थानबाट बैंकिङ्ग सेवा सुविधा लिन सक्ने लगायतका सेवा सहित ग्राहकको

अनुभवलाई अझ समृद्ध गर्न आधुनिक प्रविधि नै उत्कृष्ट माध्यम हो भन्ने तथ्यलाई अनुसरण गर्दै बैंक यस क्षेत्रमा द्रुतस्तरमा लागेको छ र यसलाई व्यवसायिक सहयोगी भन्दा माथि व्यवसायिक सक्षमकर्ताको रुपमा बैंकले ग्रहण गरेको छ। सोही अनुरुप बैंकले समीक्षा अवधिमा आफुलाई प्रविधि च्याम्पियनको रुपमा परिचित गराई "आधुनिक प्रविधिमा पहिलो बैंक" को अवधारणा अनुरुप डिजिटल अभ्यासहरु बढी भन्दा बढी उपयोग गरी बजारमा प्रभुत्व जमाउने रणनीति अवलम्बन गरेको छ। फलस्वरुप बैंकले गर्ने कुल कारोबार मध्ये डिजिटल कारोबारको अनुपात ३२ प्रतिशतबाट ५० प्रतिशत पुऱ्याउने महत्वाकांक्षी लक्ष्य लिएकोमा समीक्षा अवधिमा बैंकले कुल कारोबारको ५० प्रतिशत कारोबार डिजिटल माध्यमबाट गर्न सफल भई सम्भवत नेपालकै सबैभन्दा बढी डिजिटल कारोबार गर्ने बैंक भएको छ।

त्यस्तै, समीक्षा अवधिमा बैंकले क्रेडिट कार्ड अनलाइन एप्लिकेसन प्रोसेसिङ्ग, एनालाइटिका एप्लिकेसन, मोबाइल बैंकिङ्ग भर्जन अपग्रेडेसन, मिस्ड कल बैंकिङ्ग सर्भिस र साथी च्याटबट लगायतका अटोमेसनहरु विकास गरी कार्यान्वयन गरेको यहाँहरुलाई अवगत गराउँदछु। ग्राहकसँगको सम्बन्ध सुमधुर बनाउनका लागि उपयोगी सफ्टवेयर कस्टमर रिलेसनसीप म्यानेजमेन्ट, व्यवसायिक निर्णयका लागि उपयोगी बिजनेस इन्टलिजेन्स् मानव संसाधन व्यवस्थापनको लागि मानव संशाधन सूचना प्रणाली समेत हाल कार्यान्वयनको चरणमा रहेको समेत यहाँहरुलाई जानकारी गराउँदछु।

त्यसैगरि समीक्षा अवधिमा बैंकले आफ्नो डाटाबेसको सुरक्षा गर्न उच्चस्तरको टिम र पुर्वाधारको यथोचित ब्यवस्था गर्नुका साथै बैंकको नीतिमा समेत समयानुकुल परिमार्जन गरी सुचनाको सुरक्षा (इन्फरमेसन सेक्युरिटी) लाई अझ मजवुत गराएको व्यहोरा यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु।

डिजिटल बैंकिङ्गमा बैंकले गरेको फोकसको फलस्वरुप हाम्रो बैंकबाट यस्ता प्रविधिमुलक सेवाहरु : इन्टरनेट बैंकिङ्ग, मोबाइल बैंकिङ्ग र कार्ड लिने सेवाग्राहीहरुको संख्या समीक्षा अवधिमा क्रमशः ३६, ३८ र ५७ प्रतिशतले उत्साहजनक रुपमा वृद्धि भएको छ। साथै, समीक्षा अवधिमा डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग र इन्टरनेट बैंकिङ्गको ग्राहक संख्यामा समग्र बैंकिङ्ग उद्योगमा भएको वृद्धिको क्रमशः ३२, ३५, ११ र ३५ प्रतिशत बजार हिस्सा हामीले ओगट्न सफल भएका छौं।

त्यसैगरी, बैंकले आफ्नो सेवा सुविधाहरुलाई यथासक्य अटोमेटेड/डिजीटल च्यानलमार्फत् प्रवाह गर्ने र वर्तमान विश्वमा डिजिटल प्रविधिमा भएको विकासको अधिकतम उपयोग गर्ने बाटो अनुशरण गरेको छ।

### सेवाग्राहीहरुको सुखद अनुभव – हाम्रो अटल लक्ष्य

सेवाग्राहीहरुले लिने सेवा भन्दा सेवाग्राहीले सेवा लिँदा भएको अनुभव बैंकको लागि महत्वपूर्ण छ भन्ने कुरालाई बैंकले आत्मसात गर्दै ग्राहकको अनुभवको रुपान्तरण गर्ने तर्फ यस बैंकले अग्रसरता देखाई कार्य अगाडि बढाईरहेको छ। यसका लागि हामीले अन्तरराष्ट्रिय रुपमा ख्यातिप्राप्त कन्सल्टेन्ट संस्था प्राइस वाटरहाउस कुपर्सलाई कन्सल्टेन्टको रुपमा नियुक्त गरी उक्त संस्थाले दिएका सुझावहरु कार्यान्वयन गर्न शुरु गरिसकेका छौं।

बैंकले आ.व. २०७६/७७ लाई अनुभव रुपान्तरणको वर्ष (इयर अफ एक्सपेरिएन्स ट्रान्सफर्मेसन) को रुपमा मनाउने निर्णय गरेको छ। साथै, बैंकले ग्राहक पहिला (कस्टमर फर्स्ट) भन्ने मान्यतालाई मुर्तरुप दिन ग्राहकवर्गलाई प्राथमिकतामा राखी वहाँहरुको अनुभव रुपान्तरण गर्ने कार्यमा ठोस कदम चालिसकेको छ। समीक्षा अवधिमा बैंकले ग्राहकको अनुभव रुपान्तरणका लागि फ्रेसडेस्क, फ्रेसच्याट, लाइभ च्याट प्लेटफर्म, सोसल लिसनिङ्ग टुल, कल सेन्टर लगायतका प्लेटफर्म मार्फत समस्या समाधान गर्ने एवं भ्यालु क्रिएसन गर्ने कार्यको शुरुवात गरेको यहाँहरुलाई जानकारी गराउन चाहन्छु।

त्यस्तै, समीक्षा अवधिमा ग्राहकवर्गलाई बैंकको हरेक सेवा सुविधा निश्चित समय भित्र ग्यारेन्टीका साथ प्रदान गरिसक्ने गरी ब्यवस्था मिलाउने तर्फ उल्लेख्य कार्य गरिरहेको छ। यसबाट बैंकका ग्राहक वर्गले छिटो छरितो र भरपर्दो सेवा निश्चित समय भित्र प्राप्त गर्ने हुँदा ग्राहकको अनुभव रुपान्तरणका लागि यो निकै प्रभावकारी हुने विश्वास समेत बैंकले लिएको छ। यी क्रियाकलापहरुको समग्र परिणाम स्वरुप ग्राहक र बैंकको सम्बन्ध एक नयाँ आत्मियता तहमा पुग्ने र **बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि** भन्ने नाराको चरितार्थ हुने विश्वास हामीले लिएका छौं।

### लगानीकर्ताप्रतिको उत्तरदायित्व : सम्मानजनक प्रतिफल

बैंकका जननी नै बैंकका लगानीकर्ता हुन् र वहाँहरुको लगानीमा सम्मानजनक प्रतिफल दिनु बैंकको कर्तब्य हो भन्ने तथ्यलाई मनन् गर्दै बैंकले आफ्नो मुनाफाबाट शेयरधनीहरुलाई उत्कृष्ट र सन्तुलित प्रतिफल प्रदान गर्दै आइरहेको यहाँहरुलाई विदितै छ। बैंकले समीक्षा अवधिमा उत्कृष्ट नतिजा सहित बैंकको शेयरधनीको पूँजी (इक्विटी) मा प्रतिफल २२.७३ प्रतिशत पुऱ्याई शेयरधनीको पूँजीमा प्रतिफलको हिसाबले निजी क्षेत्रका

बैंकहरु मध्ये नम्बर १ बैंक बन्न सफल भएको तथ्य यहाँहरु समक्ष उजागर गर्न पाउँदा म अत्यन्त हर्षविभोर भएको छु।

समीक्षा अवधिमा बैंकले शाखा सञ्जाल, एटिएम र एक्सटेन्सन काउन्टरहरु व्यापक रुपमा स्थापना गरेको भए तापनि शेयरधनीहरुलाई सर्वोत्कृष्ट प्रतिफल प्रदान गर्न बैंक सफल हुनु निकै गर्वको विषय हो भन्ने मलाई लाग्दछ।

बैंकले समीक्षा अवधिको मुनाफा र सञ्चित कोषबाट आर्थिक वर्ष २०७५/७६ को लागि २१.०५२६ प्रतिशत लाभांश (१० प्रतिशत बोनस शेयर तथा ११.०५२६ प्रतिशत नगद लाभांश) दिने प्रस्ताव यस गरिमामय साधारण सभामा स्वीकृतिका लागि पेश गरेकोमा सो मा यहाँहरुको समर्थन रहने अपेक्षा मैले राखेको छु।

## मानव संशाधन नै उपलब्धिका द्योतक

मानव संशाधन बैंकको सबैभन्दा महत्वपूर्ण र उत्पादनशील पूँजीगत सम्पत्ति हो र मानव संशाधनको विकासबाट नै बैंकले आफ्नो भिजन, मिसन र दीर्घकालिन रणनीतिक लक्ष्यहरु हासिल गर्न सम्भव हुन्छ भन्नेमा बैंक विश्वास राख्दछ। बैंकको सफलता र असफलताको अन्तिम कारक मानव संसाधन नै हो भन्ने तथ्यलाई मनन् गर्दै बैंकले कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धि गरी, उनीहरुको मनोबललाई उच्च राख्ने कार्यलाई बैंकले समीक्षा अवधिमा समेत जारी राखेको छ। समीक्षा अवधिमा बैंकले १,१०१ वटा राष्ट्रिय स्तरको तालिम र ११ वटा अन्तरराष्ट्रिय स्तरको तालिममा आफ्नो कर्मचारीहरुलाई सहभागी बनाई बैंकका कर्मचारीहरुको तालिममा कुल सहभागिता ३८,४४७ पुगेको छ। समीक्षा अवधिमा प्रमुख कार्यकारी अधिकृत आफैंले शाखा तथा प्रादेशिक कार्यालयहरुको भ्रमण गरी कुल २० वटा बृत्ति विकासका कार्यक्रमहरु गर्नुभएको यहाँहरुलाई अवगत गराउन चाहन्छु। बैंकले रिवार्ड सम्बन्धी छुट्टै पोलिसी समेत तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ। यसले कर्मचारीहरुमा अझ उत्कृष्ट उपलब्धि हासिल गर्न हौसला प्रदान गरेको छ।

हाल कुल सञ्चालन खर्चको ३ प्रतिशतले हुन आउने रकम कर्मचारीहरुको तालिम तथा विकासमा खर्चिने नियमनकारी व्यवस्था रहेकोमा बैंकले उक्त सीमालाई न्युनतम रुपमा लिई सो मा पर्याप्त लगानी गर्ने रणनीतिलाई बैंकले निरन्तरता दिएको छ। यी सवैको समग्र प्रभाव स्वरुप बैंकले समीक्षा अवधिमा अधिकांश विधामा नम्बर १ स्थान ओगट्न सफल भएको हाम्रो विश्वास छ।

## युनिभर्सल बैंकिङ्गतर्फको हाम्रो अग्रसरता

समाजमा रहेका हरेक तह, तप्का र वर्गका नागरिकको विभिन्न प्रकारका वित्तीय आवश्यकताहरु सम्बोधन गर्ने लक्ष्यका साथ बैंकले युनिभर्सल बैंकिङ्गको अवधारणामा आफ्नो कार्य अगाडि बढाइरहेको छ। यहि अवधारणा अनुरुप हाल बैंकको सहायक कम्पनीको रुपमा एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया क्यापिटल लि. कार्यरत रहेका छन्। आफ्नो स्थापना कालको चौथो वर्षमा रहेको एन आई सी एशिया क्यापिटल लि. ले आ.व. २०७५/७६ को असार मसान्तमा रु २ करोड १३ लाख को खुद मुनाफा आर्जन गरी ११ प्रतिशत नगद लाभांश घोषणा गर्न सफल भएको छ।

त्यस्तै, आफ्नो स्थापना कालको दोस्रो वर्षमा रहेको एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. ले आ.व. २०७५/७६ को असार मसान्तमा ६१ शाखा कार्यालयहरु स्थापना गरी कर्जा प्रवाह रु. ४ अर्ब ५० करोड, बचत रु. ५७ करोड १७ लाख र खुद मुनाफा रु. ११ करोड ३ लाख आर्जन गर्न सफल भई छोटो समयमै देशकै उत्कृष्ट लघुवित्तहरु मध्ये आफुलाई उभ्याउन सफल भएको छ। यसैगरी यस लघुवित्त वित्तीय संस्थाले चालु आर्थिक वर्ष भित्रै सर्वसाधारणमा सेयर निष्कासन गर्ने योजनाका साथ अगाडि बढिरहेको छ।

यसैगरी ग्राहकका धितोपत्र सम्बन्धी कारोबारलाई सहज, सबल र स्तरीय गराउन निकट भविष्यमा एन आई सी एशिया सेक्युरिटिज लि. मार्फत धितोपत्र व्यवसायीको कार्य थालनी गर्ने बैंकको योजना अनुरुप उक्त कम्पनी स्थापनाको क्रममा रहेको छ।

यस्ता उपलब्धिहरुले हामीलाई युनिभर्सल बैंकिङ्ग तर्फको बैंकको यात्रामा थप कार्य गर्न अझ उर्जाशिल बनाएको छ।

## सामाजिक हितमा हाम्रो साथ

समाज र व्यवसाय विच पारस्परिक हितको सम्बन्ध हुनुपर्छ भन्ने मान्यता बैंकको रहिआएको छ। यहि मान्यताका साथ सामाजिक हितको एजेन्डालाई बैंकले आफ्नो एजेन्डाको रुपमा ग्रहण गरेको छ। यसैलाई मुर्तरुप दिन समीक्षा अवधिमा बैंकले वृक्षारोपण, रक्तदान कार्यक्रम, पार्क निर्माण, विद्यालयलाई कम्प्युटर हस्तान्तरण, हेल्थ क्याम्प, सांस्कृतिक कार्यक्रममा योगदान, विद्यालयलाई आर्थिक सहयोग, वातावरण एवं पर्यावरण सफा राख्नको लागि विभिन्न कार्यक्रम, आँधिबेहरीबाट पिडित जनसमुदायलाई राहत सामग्री वितरण, लगायतका परोपकारी कार्यहरु गरेको यहाँहरुलाई जानकारी गराउँदछु। साथै, तिर्थालुहरुको सुविधालाई मनन् गर्दै पशुपति

क्षेत्र विकास कोषलाई बायो ट्वाइलेट हस्तान्तरण, विरामीहरुको समयमै उपचार हुन सहज होस् भन्ने हेतुले नेपाल प्रहरीलाई एम्बुलेन्स हस्तान्तरण, जनसमुदायमा बैंकिङ्ग सेवा सुविधा सम्बन्धी जानकारी प्रदान गर्नको लागि वित्तीय साक्षरता कार्यक्रम, जस्ता सामाजिक हित हुने कार्यहरु समेत समीक्षा अवधिमा सञ्चालन गरेको यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु । साथै, समीक्षा अवधिमा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्यहरुमा प्रत्यक्ष रुपमा कुल १ करोड १७ लाख रुपैयाँ योगदान गरेको यहाँहरुलाई सहर्ष जानकारी गराउँदछु।

त्यस्तै, यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष कर गरी करीब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको समेत यहाँहरु समक्ष गौरवका साथ प्रस्तुत गर्दछु।

बैंकले व्यवसायिक सोच भन्दा माथि उठी देशका दुरदराजका जनसमुदायको बैंकिङ्ग पहुँचतामा वृद्धि होस् भन्ने अभिप्रायका साथ ११ दुर्गम जिल्लाका १३ दुर्गमस्थानमा आफ्नो शाखा सञ्जाल विस्तार गरी बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ।

## चिनारी र पुरस्कारः गर्वको वलियो आधार

बैंकले समीक्षा अवधिमा गरेका कतिपय उल्लेख्य कार्यहरुले वाह्य चिनारी र पुरस्कार हासिल गर्न सफल भएका छन्। बैंकले समीक्षा अवधिमा बेष्ट प्रिजेन्टेड फाइनान्सियल अवार्ड जित्न सफल भएको छ। यो पुरस्कार यस बैंकले आफ्नो इतिहासमा पहिलो पटक प्राप्त गरेको हो।

त्यसैगरी, बैंकले समीक्षा अवधिमा ब्रान्डिङ्ग क्षेत्रमा समेत उल्लेख्य प्रगति गरेको छ। इम्प्याक्टफुल म्यासेज डेलिभरी तथा ब्रान्डिङ्ग क्षेत्रमा बैंकले गरेका प्रभावकारी कार्यसम्पादनको परिणामस्वरुप सोच बदलौं एड्भटरियल बनाई बैंकले वेष्ट कपिराइटर र वेष्ट फाइनान्सियल सेक्टर क्याम्पेन विधामा सर्वोत्कृष्ट भई पुरस्कार हासिल गरेको छ। साथै, बैंक समीक्षा अवधिमा नम्बर १ बैंकिङ्ग ब्राण्ड बन्न सफल भएको छ।

## र अन्त्यमा

म यस उल्लासमय उपलव्धिको घडिमा बैंकको स्थापनाकाल देखि नै अनवरत रुपमा यस बैंकको सञ्चालक समितिमा रही बैंकको सर्वाङ्गिण विकासमा अतुलनीय योगदान पुऱ्याउनु भएको बैंकको संस्थापक अध्यक्ष तथा सम्पुर्ण बैंक परिवारको अभिभावक श्री जगदीश प्रसाद अग्रवालज्यूको योगदानको स्मरण गर्न चाहन्छु। साथै, वहाँले बैंक स्थापना कालदेखि यहि श्रावण २०७६ सम्मका बैंकका हरेक आरोह अवरोहमा बैंकलाई साथ दिँदै आफ्नो अमुल्य जीवनको २२ वर्ष लामो अवधि बैंकप्रति समर्पित गरी बैंकलाई सफलताको नयाँ उचाईंमा पुऱ्याउन आफ्नो मन, वचन र कर्मले पुऱ्याउनु भएको अमुल्य र अतुलनीय योगदानको उच्च कदर गर्न चाहन्छु। साथै, यस योगदानका लागि बैंकको सञ्चालक समितिको तर्फबाट र आफ्नो व्यक्तिगत तर्फबाट समेत वहाँलाई हार्दिक कृतज्ञता एवं धन्यवाद ज्ञापन गर्न चाहन्छु, साथै वहाँको उत्तरोत्तर प्रगतिको कामना समेत गर्न चाहन्छु।

साथै, आज एन आई सी एशिया बैंकलाई निजी क्षेत्रकै सबै भन्दा ठूलो बैंकको रुपमा स्थापित गराउनका खातिर निसन्देहः कर्मचारीवर्गको उल्लेखनीय योगदान रहेको छ । बैंकको यस्तो ऐतिहासिक सफलता कर्मचारीहरुको अभुतपूर्व र अमूल्य योगदानबाट नै सम्भव भएको हो। बैंकको महान लक्ष्य हासिल गर्न दत्त चित्त भई अहोरात्र मन, वचन र कर्मले लागि पर्ने बैंकको प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापनका पदाधिकारीहरु लगायत विभिन्न तह, तप्का र जिम्मेवारीका बैंकका सम्पुर्ण कर्मचारीहरुको योगदानको उच्च प्रशंसा गर्दै वहाँहरुलाई हृदय देखि नै हार्दिक धन्यवाद दिन चाहन्छु।

कसैको पनि एकल प्रयासले बैंक यस अवस्थामा आएको पक्कै होइन। नियामक निकायहरुको सद्भाव, शेयरधनी महानुभावहरुले दर्शाउनु भएको अगाध विश्वास, ग्राहकवर्गको पूर्ण साथ र सहयोग, कर्मचारीहरुको अथक मेहनत र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगले गर्दा नै बैंकले यस प्रकारको उल्लेख्य प्रगति हासिल गर्न सफल भएको हो। यसका लागि म र सञ्चालक समितिको तर्फबाट यहाँहरु सबैलाई हार्दिक नमन गर्दछु र भविष्यमा समेत यहाँहरु सबैबाट सदा झैं निरन्तर सहयोग प्राप्त हुने नै छ भन्ने दृढ आशा एवं विश्वास लिएको छु।

धन्यवाद !

**श्री तुलसीराम अग्रवाल**
**अध्यक्ष**
**मिति : २०७६ भाद्र १८ गते, बुधबार**

## प्रमुख कार्यकारी अधिकृत श्री रोशन कुमार न्यौपानेज्यूको मन्तव्य :

यस गरिमामय सभाका अध्यक्ष एवं एन आई सी एशिया बैंकको सञ्चालक समितिको अध्यक्षज्यू, बैंकका सञ्चालकज्यूहरु, आदरणीय शेयरधनी महानुभावहरु, हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएका नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, बैंकका वाह्य लेखापरीक्षकज्यू, कानुनी सल्लाहकारज्यू, बैंकमा कार्यरत कर्मचारीहरु एवं समस्त बैंक परिवार लगायत उपस्थित महानुभावहरु,

समीक्षा अवधिमा बैंकिङ्ग क्षेत्रले विभिन्न आरोह अवरोहको सामना गर्नुपऱ्यो। समीक्षा अवधिको पहिलो त्रयमास पश्चात् नै नेपाली बैंकिङ्ग क्षेत्रमा लगानीयोग्य रकमको अभाव शुरु भयो र यो अवस्था करिब करिब आर्थिक वर्षको अन्त्यसम्म इक्विटी रह्यो। निक्षेप Creation न्युन रहनु, कर्जा विस्तारको तुलनामा निक्षेप संकलन हुन नसक्नु र वैदेशिक व्यापारमा असन्तुलन रहनु जस्ता कारणले समीक्षा अवधि मा बैंकले निक्षेप अभावको समस्या झेलिरहन पऱ्यो । यी सबै प्रतिकुलताका बाबजुद बैंकले पछिल्ला वर्षहरु झैं यस वर्ष पनि विभिन्न ऐतिहासिक र किर्तिमानी उपलब्धिहरु हासिल गर्न सफल भएको छ ।

### व्यवसायिक उपलब्धि

समिक्षा अवधिमा यस बैंकको व्यवसायिक उपलब्धि निकै उत्साहप्रद रह्यो । बैंकिङ्ग बजारमा देखिएको लगानीयोग्य रकमको अभावका बाबजुद बैंकले उच्चतहमा रहेको आफ्नो व्यवसाय वृद्धिलाई निरन्तरता दिँदै यस वर्ष कर्जामा करिब रु. २९ अर्व ६० करोड एवं निक्षेपमा करिब रु २९ अर्व ४० करोडको वृद्धि हासिल गरेको छ। यससँगै कर्जा र निक्षेप बृद्धिको हिसाबले लगातार दुई बर्षसम्म बैंक शिर्षस्थान ओगट्न सफल भएको छ। साथै, समिक्षा अवधिमा कुल निक्षेप रु १८० अर्व ६० करोड सहित निजी क्षेत्रका बैंकहरु मध्ये सबैभन्दा बढि निक्षेप भएको बैंक बनेको छ भने कर्जा तर्फ रु. १५० अर्व १० करोड सहित नेपालमा सबैभन्दा वढी कर्जा प्रवाह गर्ने बैंक बन्न सफल भएको छ ।

यसैगरी बैंकले सर्वसाधारणको बैंकिङ्ग पहुँचमा अभिवृद्धि गर्न शाखा सञ्जाल विस्तार गर्ने कार्यलाई समीक्षा अवधिमा समेत निरन्तरता दिएको छ। फलस्वरुप बर्षान्तमा शाखा सञ्जाल वृद्धिका हिसाबले बैंक शिर्षस्थानमा रह्यो । यस्तै, ब्राण्ड प्रिजेन्स, प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको श्रृजना, डिजिटल प्रविधि मार्फत् गरिने बैंकिङ्ग कारोबार, डेविट कार्डमा वृद्धि, मोबाइल बैंकिङ्ग ग्राहकमा वृद्धि, नयाँ ग्राहकमा वृद्धि, लगायतका अधिकांश विधाहरुमा बैंक शिर्षस्थानमा रहन सफल भयो।

साथै, समीक्षा अवधिमा बैंकको वासलातको आकार करिब रु ४६ अर्ब ५० करोडले वृद्धि भई रु २१७.६९ अर्ब पुगेको छ। बैंकको खुद मुनाफामा रु. १.३३ अर्बबाट रु. १ अर्व ६९ करोडले वृद्धि गरि ३.०२ अर्ब पुऱ्याएर बैंकले ऐतिहासिक सफलता हासिल गरेको छ।

समीक्षा वर्षमा बैंकको सम्पत्तिमा तथा पूँजीको प्रतिफलमा उल्लेख्य वृद्धि गर्न सफल भएको छ। बैंकको गत वर्ष क्रमशः ०.९७ प्रतिशत तथा १२.०९ प्रतिशत रहेको सम्पत्ति तथा पूँजीको प्रतिफलमा उल्लेख्य वृद्धि गरी समीक्षा अवधिमा क्रमशः १.५६ प्रतिशत तथा २२.७३ प्रतिशत कायम भएको छ। साथै, बैंकको प्रति शेयर आम्दानी समेत रु १६.६२ बाट छलाङ मारी रु ३४.२२ पुगेको छ।

### किर्तिमानी उपलब्धिहरु

नेपालको बैंकिङ्ग क्षेत्रमा Mover and Shaker को रुपमा उदीयमान यस बैंकले समीक्षा अवधिमा समेत असामान्य उपलब्धि हासिल गरि ऐतिहासिक Record कायम गर्न सफल भएको छ। समीक्षा अवधिलाई बैंकले Year of Capacity Management को रुपमा celebrate गरेको उक्त अवधिमा बैंकले आफुलाई धेरैजसो विधाहरुमा उत्कृष्ट परिणाम सहित Year of Significant Achievements तथा Year of Milestones को रुपमा समेत स्थापित गरेको छ। वास्तवमै समीक्षा अवधिमा बैंकले लगभग सबै विधाहरुमा अत्यन्त दुर्लभ उपलब्धिहरु हासिल गरी किर्तीमानी उपलब्धिहरु हासिल गरेको छ र बैंकिङ्ग क्षेत्रकै उदाहरणीय दृष्टान्त पस्केको छ।

- समीक्षा अवधिमा बैंकले एकैदिन ५३ वटा बृत्तिविकासका कार्यक्रम, एकैदिन १,५४८ कर्मचारहरुलाई तालिम प्रदान, र बर्षभरिमा १,११२ तालिम सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरि नेपाली बैंकिङ्ग क्षेत्रमा सुनौलो इतिहास रचेको छ।
- समीक्षा अवधिमा बैंकले ५,२६,०२३ बचत ग्राहकहरु र २१ वटा स्थानीय निकायको खाता बैंकमा खुलाउन सफल भई उल्लेख्य उपलब्धि हासिल गरेको छ।
- समिक्षा अवधिमा २ लाख ५० हजार भन्दा वढी मोबाइल बैंकिङ्ग र डेविट कार्ड लिने नयाँ ग्राहक थप गरी बैंकले उल्लेख्य उपलब्धि हासिल गरेको छ।
- ग्राहकहरुको लाभलाई केन्द्रमा राखी समिक्षा अवधिमा बैंकले करिब ८०० Discount Merchant Acquire गरी विभिन्न होटल, क्याफे, रेष्टुरेन्ट, हस्पिटल लगायतका



विभिन्न व्यवसायिक संस्थाहरुमा डिजिटल साधनको प्रयोग गरी भुक्तानी गर्दा छुट पाउने व्यवस्था मिलाई किर्तिमान कायम गरेको छ।

- समीक्षा अवधिमा करिब २२.७३ प्रतिशत पूँजीमा प्रतिफल सहित निजी क्षेत्रका बैंकहरु मध्ये सबैभन्दा बढि पूँजीमा प्रतिफल दिने बैंक बनी ऐतिहासिक उपलव्धि हासिल गरेको छ।

## आधुनिक प्रविधिको अनुसरण

अबको युग सुचना प्रविधिको युग हो भन्ने तथ्य बैंकले मनन् गरेको छ। सुचना प्रविधिमा भएको द्रुतस्तरको विकासलाई बैंकिङ्ग सेवामा उपयोग गरी तुलनात्मक लाभको अवस्था श्रृजना गर्नु नै अवको सहि बाटो हो भन्ने मान्यतालाई बैंकले अंगिकार गरेको छ। यहि मान्यता अनुरुप Customer Relationship Management, Business Intelligence, Business Process Management, Omni Channel लगायतका अन्तराष्ट्रिय स्तरका डिजिटल प्रविधिहरु कार्यान्वयनका अन्तिम चरणमा रहेका छन्। यससँगै डिजिटल बैंकिङ्गलाई अबको बैंकिङ्ग अभ्यासको मूल कडी बनाई Economy बढाउने, Cost घटाउने, Customer Experience Enrichment बढाउने र Turn Around Time घटाउने बैंकको मुलभुत उद्धेश्य हासिल गर्ने बैंकको अभिलाषा तृप्ति हुनेमा बैंक विश्वस्त रहेको छ।

यसैगरी, समीक्षा वर्षमा बैंकले डिजिटल बैंकिङ्ग क्षेत्रमा Credit Card Online Application, Analytica Application, Mobile Banking Version Upgradation, Missed Call Banking Service, Saathi Chatbot लगायतका थुप्रै कार्यहरु सम्पन्न गरेको तथा विद्यमान डिजिटल बैंकिङ्ग सेवा तथा सुविधाहरुमा समेत थप सेवा तथा सुविधाहरु बिस्तार गर्दै लगेको छ। बैंकले Real Time Basis मा वित्तीय कारोवार गर्ने ब्यवस्था मिलाईसकेको छ भने Electricity Bill, Telephone Bill, Mobile Recharge, Top up facility लगायतका सुविधाहरु मोबाइल बैंकिङ्गबाट हुने व्यवस्था समेत मिलाइसकेको छ।

साथै बैंकले डिजिटल कारोबारलाई प्रवर्द्धन गर्न बिभिन्न व्यवसायीहरुसँग सहकार्य गरि आफ्ना ग्राहकहरुलाई बैंकको डिजिटल च्यानल मार्फत कारोवार गर्दा बिभिन्न प्रकारका छुट प्रदान गर्ने व्यवस्था मिलाएको छ।

## मानव संसाधन ब्यवस्थापन

बैंक सफलताको मेरुदण्ड भनेकै मानव संसाधन हुन्। समीक्षा अवधिका दिब्य उपलव्धिका हिमायती साँचो अर्थमा कर्मचारीहरु नै हुन् भन्ने मान्यता बैंकको छ। हामीलाई सफलताको यस सिँढीमा चढाउने र हाम्रो सम्मानलाई उच्चस्तरमा पुऱ्याउने सच्चा साधक मानव संसाधन हुन् र उनीहरुको बृत्तिविकासले नै NexGen Banking को अवधारणालाई साकार पार्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौं। त्यसैले समीक्षा अवधिमा बैंकले कर्मचारीहरुको बृत्तिविकासलाई उच्च प्राथमिकतामा राखी विभिन्न तालिम कार्यक्रहरु प्रचुर मात्रामा सञ्चालन गरेको छ र उनीहरुको सीप र दक्षता विकासका लागि कुनै कसुर बाँकी नराख्ने नीतिलाई निरन्तरता प्रदान गरेको छ।

सन्तुष्ट र सीपवान मानव संसाधन नै सफलताका Drivers हुन् भन्ने मान्यता बैंकको रहि आएको छ। बैंकको यहि मान्यता अनुरुप आफ्ना कर्मचारीहरुको तलब भत्ता, Incentives, बृत्तिविकास र Overall सन्तुष्टिलाई उच्च प्राथमिकतामा राख्ने कार्यलाई समिक्षा अवधिमा समेत निरन्तरता दिएको छ। सन्तुष्ट कर्मचारीहरुले नै Experience Transformation Anchor को रुपमा कार्य गर्ने र ग्राहकको Experience Enrichment ले नै हामीलाई Bank of the first choice बन्ने हाम्रो अभिलाषा सफल हुनेमा हामी पुर्ण विश्वस्त छौं।

## Vision 18-22 को जन्म

दीर्घकालीन रणनीतिको तय र सो को हासिलका लागि सही अल्पकालीन कदमको तर्जुमा नै सफलताका कारक हुन् भन्नेमा बैंक विश्वस्त रहेको छ। यही अनुरुप बैंकले व्यवसायिक, सामाजिक र आर्थिक लगायतका सर्वाङ्गिण क्षेत्रमा सन्तुलित र उत्साहजनक वृद्धि एवं योगदान सुनिश्चित गर्न समीक्षा अवधिमा Vision 18-22 को तय गरेको हो। यसको समग्र उद्देश्य व्यवसायिक, आर्थिक तथा अन्य सूचकाङ्कहरुमा उच्चतम स्थान हासिल गरी यस बैंकलाई देशकै एक सबल तथा उच्च श्रेणीको बैंकको स्थानमा दीर्घकालीन रुपमा कायम गरिरहनु हो। उक्त Vision 18-22 मा व्यवसाय वृद्धि, कर्जा तथा निक्षेपको संरचनामा उचित मिश्रण, शाखा सञ्जालमा वृद्धि, डिजिटल बैंकिङ्गमा गनुपर्ने फोकस, आन्तरिक प्रक्रियाहरुमा गर्नुपर्ने सुधार तथा सरलीकरण, उत्कृष्ट बैंकिङ्ग अभ्यासको अवधारणाको कार्यान्वयन लगायतका क्षेत्रमा बैंकले अवलम्बन गर्नुपर्ने रणनीति र सो बाट हासिल हुने लक्ष्य सम्बन्धमा विस्तृत रुपमा संलग्न गरिएको छ।

### ग्राहक केन्द्रित बैंकिङ्ग

ग्राहकहरुको आवश्यकता नै बैंकिङ्ग सेवाका आविष्कारक हो भन्नेमा बैंक विश्वास गर्दछ । फलस्वरुपः समीक्षा अवधिमा बैंकले चमत्कारिक निक्षेप योजना लगायतका विभिन्न ग्राहक केन्द्रित योजनाहरु सञ्चालनमा ल्याएको छ । ग्राहककेन्द्रित यस्ता योजनाहरुमा अत्यन्त उत्साहजनक ग्राहक सहभागिता रहेको छ र यसले हामीलाई अझ धेरै यस किसिमका योजनाहरु ल्याउन उत्प्रेरित गरेको छ।

ग्राहकहरुलाई First Timer Right को अवधारणा अनुरुप चुस्त दुरुस्त सेवा प्रदान गर्न सकियोस् भन्ने हेतुले समीक्षा अवधिलाई बैंकले Year of Capacity Management को रुपमा Celebrate गरेको छ। सोही अभिलाषा हासिल गर्न समीक्षा अवधिमा बैंकले उदाहरणीय हिसावले बृत्तिविकासमा र डिजिटल प्रविधिमा लगानी गरेको छ । साथै, ग्राहक आवश्यकतालाई केन्द्रमा राख्दै बैंकले समीक्षा अवधिमा Guaranteed Service को अवधारणालाई कार्यान्वयनमा ल्याएको छ। सो को परिणाम स्वरुप ग्राहकले ग्रहण गर्ने सेवामा चुस्तता आई आगामी दिनहरुमा गाहकवर्गको अनुभवलाई सुखद गराउने तर्फ बैंक केन्द्रित रहेको छ।

बैंकिङ्ग Products र Services मार्फत् ग्राहकहरुको आवश्यकता पुरा गर्नु नै बैंकिङ्ग हो भन्ने साँघुरो घेराबाट माथी उठी Experience Banking नै अवको बैंकिङ्गको भविष्य हो भन्ने बैंकको सोच रहेको छ। सोही सोचबाट प्रेरित भई ग्राहकहरुको वित्तीय आवश्यकताको गहिराईमा पुगी वहाँहरुको वास्तविक अपेक्षा, आवश्यकता र चाहना पहिल्याई सो को प्रभावकारी परिपुर्ती मार्फत सुखद् अनुभवका साथ Experience Enrichment गर्ने उद्देश्य बैंकले राखेको छ।

### धन्यवाद ज्ञापन

हाम्रो सम्मानलाई यस प्रकारको उच्चस्तरमा पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण ग्राहकवर्गहरु, नियामक निकायहरु, सेवाप्रदायक/आपूर्तिकर्ताहरु, व्यवसायिक प्रतिष्ठानहरु तथा शेयरधनी महानुभावहरुमा यस बैंकको तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु। बैंकको यस यात्रामा अनवरत रुपमा उत्कृष्ट साथ र सद्भावका साथ सदा क्रियाशिल भइरहने यस बैंकको सञ्चालक समितिको अध्यक्षज्यू लगायत सम्पूर्ण सञ्चालकज्यूहरु प्रति विशेष रुपले हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु। साथै, बैंकको विभिन्न तह र तप्कामा रहि सदा सर्वदा हाम्रो सपना चरितार्थ गर्न अहोरात्र साथ दिइरहनुहुन DNA Oversight Committee Members लगायत बैंकको Head Office, Provincial Offices, Branch Offices, Extension Counters लगायतका कार्यालयहरुमा रही आ-आफ्नो स्थानबाट आफ्नो पूर्ण क्षमताका साथ मन, बचन र कर्मले सदा क्रियाशिल रहनुहुने मेरा सबै सहकर्मी साथीहरुको अमुल्य योगदानको कदर गर्दै सोको लागि हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु।

आगामी दिनमा समेत सबै सरोकालवालाहरुबाट यस्तै प्रकारको साथ, सद्भाव र सहयोग प्राप्त हुनेमा म पूर्ण आशावादी छु ।

धन्यवाद !

**रोशन कुमार न्यौपाने**
**प्रमुख कार्यकारी अधिकृत**
**मिति : २०७६ भाद्र १८ गते, बुधबार**

# व्यवस्थापन समिति



तल दाँयाबाट क्रमशः सन्तोष कुमार राठी (ACEO- Mareketing Ecosystem), जयन्द्र रावल (ACEO-Strategy Enforcement Ecosystem), सुधिर नाथ पाण्डे (नायब प्रमुख कार्यकारी अधिकृत), रोशन कुमार न्यौपाने (प्रमुख कार्यकारी अधिकृत), कपिल ढकाल (ACEO-Performance Assurance & Support Service Ecosystem), राजेश रावल (ACEO-Strategy Enforcement Ecosystem), राजु प्रसाद अधिकारी (प्रमुख आन्तरिक लेखापरिक्षण), दिनेश भारी (प्रमुख कानुन), रुपेश लुईटेल (प्रमुख वित्त अधिकृत), नारायण नेपाल (Head-DNA & Talent Management), विशाल सिग्देल (Chief Experience Transformation Officer), सुमन थपलिया (Head Think Tank), प्रकाश बराल (प्रमुख कर्जा अधिकृत), अर्जुन राज खनिया (Chief Business Officer), कैलाश गौतम (Head General Administration and Project), दिपेन्द्र बहादुर राजभण्डारी (प्रमुख जोखिम अधिकृत), बपिन राजभण्डारी (Chief Technology Officer), दिपेन कार्की (कम्पनी सचिव)

# सामाजिक उत्तरदायित्वका झलकहरु




घुम्ती शौचालय हस्तान्तरण




डस्टबिन हस्तान्तरण



वातावरण दिवसमा वृक्षारोपण



मन्दिर सरसफाई

# सञ्चालक समिति



**तुलसीराम अग्रवाल**
अध्यक्ष



**त्रिलोक चन्द अग्रवाल**
सदस्य (सर्वसाधारण समुह)
(प्रतिनिधीःएसियन डिस्ट्रिब्यूटर्स प्रा. लि.)



**रामचन्द्र संघई**
सदस्य (संस्थापक समुह)



**निकुञ्ज अग्रवाल**
सदस्य (संस्थापक समुह)



**राजेन्द्र प्रसाद अर्याल**
सदस्य (सर्वसाधारण समुह)



**विनोद कुमार प्याकुरेल**
सदस्य (सर्वसाधारण समुह)



**गणेश मान श्रेष्ठ**
सदस्य (स्वतन्त्र सञ्चालक)

# सञ्चालक समितिको प्रतिवेदन २०७५/७६

आदरणीय शेयरधनी महानुभावहरु,

यस बैंकको बाइसौं वार्षिक साधारण सभामा सहभागी हुन पाल्नु भएकोमा बैंक सञ्चालक समिति एवं सम्पूर्ण बैंक परिवारको तर्फबाट म यहाँहरुलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु ।

आर्थिक २०७५/७६ मा बैंकिङ्ग क्षेत्रमा श्रोतको अभाव वर्षभरी नै रहन गयो । प्रथम त्रैमासको अन्त्य देखि सुरु भएको तरलता अभाव आर्थिक वर्षको अन्त्यसम्म रहन गएकोले लगानी गर्न कठिन अवस्था सृजना भएको थियो । यस्तो कठिन अवस्थामा पनि समीक्षा अवधिमा यस बैंकले हासिल गरेको व्यवसायिक उपलब्धि तथा वित्तीय नतिजा उल्लेखनीय रहेको जानकारी गराउँदछु ।

समीक्षा अवधिमा बैंकले सम्पूर्ण व्यवसायिक योजनाहरुको नयाँ रणनीति "VISION 18-22" पारित गरि सोही अनुरुप लक्षित दीर्घकालीन लक्ष्य हासिल गर्ने तर्फ उन्मुख रहेको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु । सोही दीर्घकालीन रणनीति अनुरुप बैंकले समीक्षा अवधिमा हासिल गरेको केही ठोस कार्यक्रम तथा उपलब्धिहरु निम्न प्रकार रहेका छन् ः

- आर्थिक वर्ष २०७४/७५ मा ११२ वटा नयाँ शाखा सञ्जाल विस्तार गरी नेपालको बैंकिङ्ग इतिहासमा नै ऐतिहासिक किर्तिमान कायम गरेको यस बैंकले समीक्षा वर्षमा पनि ६१ वटा नयाँ शाखा सञ्जाल विस्तार गरी बैंकले समिक्षा वर्षमा कुल शाखा सञ्जाल २९२ पुऱ्याएको (यो प्रतिवेदन तयार पार्दासम्म २९७ पुऱ्याएको) । समग्रमा शाखा सञ्जालमा यस बैंक नेपालको नं. १ बैंक भएको ।
- बैंकले आक्रामक रुपमा विभिन्न सुविधासहित नयाँ प्रविधियुक्त डिजिटल बैंकिङ्गको अभ्यास गर्दै आइरहेकोमा बैंकिङ्ग क्षेत्रको कुल डिजिटल बैंकिङ्ग ग्राहकको करिव १० प्रतिशतलाई सेवा प्रदान गरेको ।
- समीक्षा अवधिमा बैंकले ब्रान्डिङ्ग क्षेत्रमा समेत उल्लेख्य प्रगति गरेको छ । इम्प्याक्टफुल म्यासेज डेलिभरी तथा ब्राडिङ्ग क्षेत्रमा बैंकले गरेका प्रभावकारी कर्यसम्पादनको परिणामस्वरुप सोच बदलौं एड्भटरियल बनाई बैंकले वेष्ट फाइनान्सियल सेक्टर क्याम्पेन विधामा सर्वोत्कृष्ट भई पुरस्कार हासिल गरेको । साथै बैंक समीक्षा अवधिमा नम्बर १ बैंकिङ्ग ब्राण्ड बन्न सफल भएको ।
- ग्राहकवर्गको बैंकिङ्ग अनुभवलाई अझ उत्कृष्ट बनाउन र थप नयाँ ढंगले आफ्नो सेवा तथा सुविधालाई परिष्कृत गरी Experience Transformation हासिल गर्न Customer Experience Enrichment Department मार्फत ग्राहकहरुको सेवा तथा अनुभवमा केन्द्रित रही आफ्ना सेवा तथा सुविधाहरु निरन्तर रुपमा समय सापेक्ष परिवर्तन गर्दै लगिएको ।
- बैंकको गैह्र कोषमा आधारित आम्दानीमा उत्कृष्ट नतिजा हासिल गरि नाफामा १२६ प्रतिशतको वृद्धि हासिल गरेको ।
- बैंकले नियमनकारी निकाय तथा कानूनको परिपालनाको निम्ति मात्रै नभई Integrity, Transparency र Fairness लाई सदैव आत्मसात गर्दै आएको । आफ्नो शेयरधनी, अन्य सरोकारवालाको हित वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरुको जानकारीहरु पारदर्शी रुपमा प्रस्तुत गरेको कारण नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार प्रदान गरेको ।

माथि उल्लेखित अलावा समीक्षा अवधिमा दीर्घकालीन रणनीतिले निर्दिष्ट गरेका विषयहरु व्यक्तिगत, साना तथा मझौला कर्जा एवं चल्ती र वचत निक्षेपमा बिशेष जोड, ग्राहकवर्गको संख्या तथा आधार वृद्धिमा बिशेष जोड तथा गैह्र व्याज आम्दानीको हिस्सा बढाउन उचित कदमहरु परिचालन गर्दै दीर्घकालिन लक्ष्य प्राप्तिका लागि बैंक सशक्त रुपमा अगाडी बढेको जानकारी गराउँदछु ।

समग्रमा, बैंकलाई निकट भविष्यमा नै एक नयाँ उचाईमा पुऱ्याउनेमा हामी प्रतिवद्ध छौं, जसलाई यस वर्ष बैंकले हासिल गरेको व्यवसायिक तथा वित्तीय नतिजाले समेत थप पुष्टि गरेको छ ।

आर्थिक बर्ष २०७५/७६ मा बैंकले गरेका प्रगतिहरु, उपलब्धिहरु, बैंक सञ्चालनमा देखिएका चुनौतीहरु एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरु र समग्र बैंकिङ्ग कार्यको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को अधीनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट बैंकको बाईसौं वार्षिक साधारण सभामा प्रस्तुत गरेको छु ।

## (क) आर्थिक वर्ष २०७५/७६ मा बैंकको कारोवारको सिंहावलोकन

आर्थिक वर्ष २०७५/७६ मा वित्तीय विवरण तयार गर्दा Nepal Financial Reporting Standard (NFRS) लागु भएकोले समीक्षा अवधि र अघिल्लो आर्थिक वर्ष २०७४/७५ वित्तीय विवरण र परिसुचकहरु सोहि मापदण्ड अनुसार तयार गरिएको छ। साथै आर्थिक वर्ष २०७५/७६ र २०७४/७५ को प्रगति विवरण समग्रमा निम्न अनुसार रहेको छ :

रु. दश लाखमा

| शीर्षक | आषाढ मसान्त २०७५ | आषाढ मसान्त २०७६ | वृद्घि (प्रतिशतमा) |
|---|---|---|---|
| चुक्ता पूँजी | ८,०३१ | ८,८३४ | १०% |
| निक्षेप | १,५१,२१९ | १,८०,५७५ | १९% |
| कुल कर्जा | १,२०,६६७ | १,५०,१०८ | २४% |
| लगानी | १४,४०३ | १९,३५७ | ३४% |
| कुल सम्पत्ति | १,७०,९४३ | २,१७,६९७ | २७% |
| सञ्चालन मुनाफा | १,९१८ | ४,५१४ | १३५% |
| खुद नाफा | १,३३५ | ३,०२३ | १२६% |
| खुद नाफा/कुल सम्पत्ति (प्रतिशत) | ०.९७ | १.५६ | ६०% |
| खुद नाफा/नेटवर्थ (प्रतिशत) | १२.०९ | २२.७३ | ८८% |
| निष्कृय कर्जा/कुल कर्जा अनुपात (%) | ०.०६९७ | ०.४६ | ५६०% |
| प्रति शेयर आम्दानी (रु) | १६.२२ | ३४.२२ | १०६% |

- चुक्ता पूँजी (रु दश लाखमा)




- निक्षेप (रु दश लाखमा )




- कर्जा तथा सापटी (रु दश लाखमा)




- लगानी (रु दश लाखमा)




- सञ्चालन मुनाफा (रु दश लाखमा)




- खुद मुनाफा (रु दश लाखमा)



समीक्षा अवधिमा बैंकको कुल कर्जा २४ प्रतिशतले वृद्धि भई रु १५०.११ अर्ब पुगेको छ भने निक्षेप १९ प्रतिशतले वृद्धि भई रु १८०.५८ अर्ब पुगेको छ। सोही अवधिमा समग्र वाणिज्य बैंकिङ्ग क्षेत्रको कर्जा तथा निक्षेपमा क्रमशः १९ प्रतिशत र १६ प्रतिशतले वृद्धि भएको छ। साथै बैंकको वासलातको आकार २७ प्रतिशतले वृद्धि भई रु २१७.६९ अर्ब पुगेको छ।

आ.व. २०७५/७६ मा गैह्र कोषमा आधारित प्रमुख आम्दानीमा आएको उल्लेखनीय वृद्धिको कारण सञ्चालन खर्च र कर्मचारी खर्चमा वृद्धि हुँदा समेत बैंकले अघिल्लो वर्षको तुलनामा सञ्चालन मुनाफामा १३५ प्रतिशतको वृद्धि र खुद मुनाफामा १२६ प्रतिशतको वृद्धि भई क्रमशः रु ४.५१ अर्ब तथा रु ३.०२ अर्ब आर्जन गर्न सफल भएको छ। समीक्षा अवधिमा बैंकको पुँजीमा प्रतिफल र सम्पत्तिमा प्रतिफल क्रमशः २२.७३ प्रतिशत र १.५६ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्ष क्रमशः १२.०९ प्रतिशत र ०.९७ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा गरेको व्यवसाय वृद्धि तथा लगानीले आगामी आ.व. मा बैंकको व्यवसाय तथा मुनाफा आर्जनमा उत्साहजनक वृद्धि हुने विश्वास गरिएको छ। समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी अघिल्लो वर्ष रु १६.२२ रहेकोमा १०६ प्रतिशतले वृद्धि भई रु ३४.२२ रहेको छ।

- **चुक्ता पुँजी तथा पुँजी पर्याप्तता अनुपात**

आर्थिक वर्ष २०७५/७६ मा बैंकको पुँजी पर्याप्तता अनुपात १३.३२ प्रतिशत रहेको छ। समीक्षा अवधिमा बैंकको न्युनतम पुँजी पर्याप्तता अनुपात नियमनकारी संस्था नेपाल राष्ट्र बैंकले तोकेको अनुपात ११ प्रतिशत भन्दा २.३२ प्रतिशतले बढी छ।

- **सञ्चित मुनाफा तथा जगेडा कोष**

खुद नाफामा भएको १२६% को उत्साहजनक वृद्धिको कारण जगेडा कोष ४८ प्रतिशतले वृद्धि भई रु ३.९८ अर्ब पुगेको छ जुन अघिल्लो बर्ष रु २.७० अर्ब रहेको थियो। साथै सञ्चित मुनाफामा १२४ प्रतिशतले वृद्धि भई रु २.११ अर्ब पुगेको छ जुन अघिल्लो वर्ष रु ९४.३७ करोड रहेको थियो।

- **निक्षेप**

समीक्षा अवधिमा बैंकको कुल निक्षेप रु १८०.५८ अर्ब रहेको छ, जुन गत आर्थिक वर्षको तुलनामा १९ प्रतिशतको वृद्धि हो। सोही अवधिमा वाणिज्य बैंकहरुको औसत वृद्धिदर करिब १६ प्रतिशत रहेको छ। समीक्षा अवधिमा बैंकले मुद्दती निक्षेपमा २१ प्रतिशत तथा वचत निक्षेपमा २२ प्रतिशत वृद्धि हासिल गरेको छ भने बैंकको चल्ती निक्षेपमा भने २० प्रतिशतले वृद्धि हासिल गरेको छ।

बैंकले चालु तथा बचत खाता तर्फको निक्षेप वृद्धि गर्ने रणनीति अनुसार बैंकले समीक्षा अवधिमा "समुन्नति वचत खाता", "न्यू प्रिमियम समुन्नति वचत खाता", "चमत्कारीक बचत खाता" र "चमत्कारीक मुद्धति खाता" योजनाहरु ल्याएको थियो जस कारण बैंकले अघिल्लो वर्षको बचत खाताको निक्षेपमा २२ प्रतिशतले वृद्धि गर्न र ५,२५,०३९ नयाँ बचत खाताहरु खोल्न बैंक सफल भएको छ। आगामी वर्षहरुमा समेत बचत निक्षेप र बचत खाता वृद्धि गर्दै जाने रणनीतिलाई निरन्तरता दिने बैंकको लक्ष्य छ। समीक्षा वर्षको अन्त्यमा बैंकको कुल वचत खाता संख्या १६,०४,७१८ रहेको छ। बैंकको चल्ती तथा बचत निक्षेपले कुल निक्षेपको ४२.३३ प्रतिशत हिस्सा ओगटेको छ, जुन अघिल्लो वर्ष ४०.६२ प्रतिशत रहेको थियो।

यस वर्षको समग्र वाणिज्य बैंकहरुको कुल निक्षेप वृद्धिमा बैंकले ६.२३ प्रतिशत हिस्सा हासिल गरी वाणिज्य बैंकहरुको कुल निक्षेपमा ६.१७ प्रतिशत बजार हिस्सा ओगट्न सफल भएको छ, जुन अघिल्लो बर्ष ५.८५ प्रतिशत (समीक्षा अवधिमा वाणिज्य बैंकहरुमा गाभिएका अन्य इजाजतपत्र प्राप्त संस्थाहरुको निक्षेपलाई समेत सोही अवधिको समग्र वाणिज्य बैंकको निक्षेपमा गणना गरिएको छ) रहेको थियो।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आषाढ मसान्त २०७६ सम्ममा कुल निक्षेपमा संस्थागत निक्षेपको अनुपात बढीमा ५० प्रतिशत कायम राख्नु पर्नेमा बैंकले सफलतापुर्वक व्यक्तिगत तथा संस्थागत निक्षेप अनुपात तोकेको सीमा भित्रै रहने गरि निम्न बमोजिम कायम गरेको छ :

| निक्षेपको प्रकार | प्रतिशत |
|---|---|
| व्यक्तिगत निक्षेप | ६७ |
| संस्थागत निक्षेप | ३३ |
| **कुल निक्षेप** | **१००** |

बैंकले देशभर छरिएर रहेका स–साना निक्षेप संकलनमा बिशेष जोड दिई निक्षेपको आधार मजबुत बनाई आफ्नो निक्षेप बढाउने तर्फ आफ्नो ध्यान केन्द्रित गरिरहेको छ र यसले बैंकको कोषको लागतमा पनि सुधार आउने अपेक्षा गरिएको छ।

## कर्जा तथा कर्जा नोक्सानी व्यवस्था

समीक्षा अवधिमा बैंकको कुल कर्जा रकम अघिल्लो वर्षको तुलनामा २४ प्रतिशतले वृद्धि भई रु १५०.१० अर्ब पुगेको छ। सोही अवधिमा वाणिज्य बैंकहरुको औसत वृद्धि १९ प्रतिशत रहेको छ । समीक्षा वर्षको यस बैंकले हासिल गरेको २४ प्रतिशत वृद्धि बैंकिङ्ग क्षेत्रको औसत भन्दा माथि रहेको छ । बैंकले आफ्नो कर्जा रणनीति बमोजिम यस वर्ष रिटेल बैंकिङ्ग कर्जामा २० प्रतिशत, साना तथा मझौला कर्जामा २८ प्रतिशत तथा विपन्न वर्ग कर्जामा ४६ प्रतिशतको वृद्धि हासिल गरेको छ भने कर्पोरेट कर्जामा १९ प्रतिशतले वृद्धि आएको छ ।

आफ्नो दीर्घकालीन रणनीति अनुरुप बैंकले कम जोखिमयुक्त रिटेल तथा उत्पादनमूलक साना तथा मझौला कर्जालाई थप सरलीकृत बनाउनुका साथै ग्राहकको माग पहिचान गरी नयाँ कर्जा योजनाहरु ल्याई ग्राहकको माझ पहिलो रोजाईको बैंक बन्ने लक्ष्य लिएको छ। सोही रणनीति अनुरुप बैंकले यस वर्ष कर्जा प्रक्रियालाई सहज बनाउनुका साथै कर्जाको दायरा फराकिलो बनाई कर्जामा जोड दिई कुल रिटेल कर्जामा २० प्रतिशतको वृद्धि हासिल गरेको छ, । समीक्षा अवधिमा बैंकले विपन्न वर्गमा कर्जा लगानीलाई बिशेष ध्यानमा राख्दै आषाढ मसान्तसम्म रु १३.६३ अर्ब विपन्न वर्ग कर्जा प्रवाह गरिसकेको छ, जुन कुल कर्जाको ९ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंकले कृषि, उर्जा तथा पर्यटन, र उत्पादनशील क्षेत्रमा तोकेको सिमा क्रमशः १०, १५ र २५ प्रतिशत रहेको मा यस बैंकको उक्त क्षेत्रमा कर्जा लगानी क्रमशः १०.९०, १५.७३, तथा २८.१७ प्रतिशत रहेको छ । साथै विपन्न वर्ग कर्जा तर्फको लगानी कुल लगानीको ५ प्रतिशत हुनुपर्ने प्रावधान रहेकोमा यस बैंकको उक्त कर्जामा ९.०८ प्रतिशत लगानी रहेको छ ।

| कर्जा | नेपाल राष्ट्र बैंकले तोकेको सिमा (प्रतिशतमा) | बैंक कर्जा (प्रतिशतमा) |
|---|---|---|
| कृषि | १० | १०.९० |
| उर्जा तथा पर्यटन | १५ | १५.७३ |
| उत्पादनशील | २५ | २८.१७ |
| विपन्न वर्ग कर्जा | ५ | ९.०८ |

साथै, नेपाल राष्ट्र बैंकले समय समयमा तोक्ने विभिन्न क्षेत्रहरुको कर्जाको लगानी सिमा हासिल गर्न यस बैंक प्रतिबद्ध रहेको छ ।

समीक्षा अवधिमा बैंकको कुल कर्जा नोक्सानी व्यवस्था अघिल्लो वर्षको रु. १.२८ अर्बबाट बढेर रु १.८८ अर्ब रहेको छ । यस आर्थिक वर्षमा रु ५९.८९ करोड कर्जा नोक्सानी व्यवस्था खर्चको रुपमा लेखिएको छ। कुल कर्जा नोक्सानी व्यवस्था कुल निष्क्रिय कर्जाको अनुपात २७३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष ०.०६ प्रतिशत रहेको कुल खराब कर्जा र कुल कर्जाको अनुपातमा यस वर्ष वृद्धि भई ०.४६ प्रतिशत कायम भएको छ।

बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुपको लक्ष्य हासिल गर्न कम जोखिमयुक्त कर्जा लगानीलाई प्राथमिकतामा राखेको छ। सोही रणनीति अनुरुप भविष्यमा उत्पन्न हुन सक्ने कर्जा जोखिमलाई मध्यनजर गर्दै बैंकको खराब कर्जा तथा कर्जा नोक्सानीलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ कर्जा असुली तथा व्यवस्थापन प्रक्रियालाई थप सुदृढ तथा सबल बनाएको छ।

## लगानी

समीक्षा अवधिमा बैंकको कुल लगानी अघिल्लो वर्षको तुलनामा ३४ प्रतिशतले वृद्धि भई रु १९.३६ अर्ब पुगेको छ। कुल लगानी मध्ये ट्रेजरी बिल, सरकारी बिल ऋणपत्र तथा अन्य लगानीतर्फ क्रमशः ७.२४ प्रतिशत, ७२.०२ प्रतिशत र २०.७४ प्रतिशत लगानी रहेको छ।

(रु दश लाखमा)




बैंकको लगानीको गत दुई आर्थिक वर्षहरुको तुलनात्मक विवरण यस प्रकार रहेको छ :

सरकारी ऋणपत्र तथा ट्रेजरी बिल्सको प्रतिफल तथा लगानीका अवसरहरु न्यून रहेको परिस्थितिमा यस बैंकले लगानीयोग्य रकमको उचित सदुपयोग, लगानीमा विविधता अपनाउनु तथा घट्दो लगानीको प्रतिफलमा टेवा लिने हिसाबले उच्च सर्तकता अवलम्बन गरी आफ्नो लगानीको दायरा फराकिलो गराउदै गएको छ।

बैंकले म्युचुअल फण्ड तथा शेयरमा रु ४.०१ अर्ब लगानी गरेको छ। पूँजी बजारमा गरिएको लगानी मुख्यतः लाभांशको रुपमा दीगो प्रतिफल दिने क्षमता भएका कम्पनीहरुमा रहेका छन् र बैंकले समीक्षा अवधिमा उक्त लगानीहरुबाट रु ३.१ करोड नगद लाभांश प्राप्त गरेको छ।

- **व्याज आम्दानी**

समीक्षा अवधिमा बैंकको व्याज आम्दानी ४३ प्रतिशतले वृद्धि भई रु १९.३५ अर्ब पुगेको छ। समीक्षा अवधिमा बैंकको कर्जातर्फको व्याज आम्दानी ४५ प्रतिशतले वृद्धि भई रु १८.३५ अर्ब पुगेको छ भने लगानीतर्फको व्याज आम्दानी ३३ प्रतिशतले वृद्धि भई रु ८१ करोड पुगेको छ।

समीक्षा अवधिमा कर्जा लगानीको क्षेत्रमा समेत न्यून व्याजदर रहने कर्पोरेट कर्जालाई अधिक प्रतिफल आउने रिटेल तथा साना र मझौला व्यवसाय कर्जाले विस्थापित गर्दै लगेको कारणले कर्जा २४ प्रतिशतले वृद्धि हुँदा कर्जातर्फको व्याज आम्दानी ४५ प्रतिशतले वृद्धि भएको छ।

साथै बैंकले न्यून प्रतिफल रहेको ट्रेजरी बिल्सको लगानीलाई उच्च प्रतिफल प्राप्त हुने सरकारी बिल ऋणपत्र लगानीबाट प्रतिस्थापन गर्दै लगानीतर्फको व्याज आम्दानी ३३ प्रतिशतले वृद्धि कायम गर्न सफल भएको छ।

- **व्याज खर्च**

समीक्षा अवधिमा बैंकको व्याज खर्च ३३ प्रतिशतले वृद्धि भई रु १२.३९ अर्ब पुगेको छ। समीक्षा अवधिमा बैंकको निक्षेपतर्फको व्याज खर्च ३६ प्रतिशतले वृद्धि भई रु ११.६५ अर्ब पुगेको छ भने ऋणपत्रतर्फको व्याज खर्च २१९ प्रतिशतले वृद्धि भई रु ५६.२७ करोड पुगेको छ जुन समीक्षा अवधिमा रु ४.२३ अर्बको ऋणपत्र जारी गरेको कारणले सृजित खर्च हो।

निक्षेपमा भएको वृद्धि, न्युन व्याज रहेको माग निक्षेप खाता घट्नु तथा न्युन व्याज रहेको चल्ती तथा वचत खाताको अनुपातमा उच्च व्याज आर्जन गर्ने मुद्दती निक्षेपमा भएको वृद्धिका कारण समीक्षा अवधिमा बैंकको कुल निक्षेप १९ प्रतिशतले वृद्धि हुँदा बैंकको व्याज खर्च समीक्षा अवधिमा ३३ प्रतिशतले वृद्धि रहन गयो।

बैंकले अवलम्बन गरेको दीर्घकालीन रणनीति अनुरुप बैंकको कुल निक्षेपमा चल्ती तथा वचत खाताको अनुपातमा वृद्धि गर्दै जाने लक्ष्य अनुरुप बैंकको विभिन्न आकर्षक वचत निक्षेपका योजनाहरु समेत ग्राहक सामु ल्याएको छ। यसबाट आगामी दिनहरुमा बैंकको निक्षेपको लागतमा क्रमिक सुधार आई समग्र बैंकको कोषको लागत कम हुने विश्वास बैंकले लिएको छ।

- **खुद व्याज आम्दानी**

समीक्षा अवधिमा व्यापार व्यवसायमा भएको वृद्धि तथा राष्ट्र बैंकले तोकेको व्याजदर अन्तरको सिमालाई पालना गरि बैंकको कुशल व्यवस्थापनबाट खुद व्याजदर अन्तरलाई अधिकतम कायम राख्ने प्रयासले बैंकको खुद व्याज आम्दानी अघिल्लो वर्षको तुलनामा ६५ प्रतिशतले वृद्धि भई रु ६.९६ अर्ब कायम भएको छ।

आगामी दिनहरुमा उपलब्ध कोषको अत्याधिक सदुपयोगका लागि कर्जा तथा निक्षेप अनुपातको उचित व्यवस्थापन तथा खुद व्याजदर अन्तरलाई बिशेष जोड दिने बैंकले रणनीति अवलम्बन गरेको छ।

- **खुद शुल्क तथा कमिशन आम्दानी**

यस वर्ष बैंकले कमिशन तथा अन्य सञ्चालन आम्दानी तर्फ रु २ अर्ब १२ करोड आर्जन गर्न सफल भएको छ, जुन अघिल्लो वर्षको तुलनामा १४४ प्रतिशतको वृद्धि हो। कर्जा, डेबिट कार्ड, क्रेडिट कार्ड, बैंकास्योरेन्स तथा रेमिट्यान्स आदिबाट आर्जन हुने आम्दानी बैंकको गैह्र कोषमा आधारित भएकोले यस क्षेत्रमा बैंकले आफ्नो रणनितिलाई केन्द्रित गरेको थियो। फलस्वरुप समीक्षा बर्षमा बैंकले उत्साहजनक वृद्धि हासिल गरेको छ।

समीक्षा अवधिमा बैंकले २,२९,८०९ मोबाईल बैंकिङ्ग, ३,०८७ क्रेडिट कार्ड, २,५६,०९६ डेबिट कार्ड, २२,४५५ ईन्टरनेट बैंकिङ्ग, २,१७३ POS र ५,२३५ QR code मा नयाँ ग्राहक बढाउन सफल भएकै कारणले खुद शुल्क तथा कमिशनमा उत्कृष्ठ नतिजा हासिल गर्न सफल भएको छ।

बैंकले आर्जन गर्ने खुद मुनाफामा कमिशन तथा अन्य सञ्चालन आम्दानीको हिस्सा बढाउने रणनीति अनुरुप बैंकले समीक्षा अवधिमा विभिन्न नवीनतम सेवा तथा सुविधा बिस्तार गर्नुका साथै विद्यमान सेवामा पनि समय सापेक्ष परिमार्जन गरेको छ।

- **अन्य सञ्चालन आम्दानी**

समीक्षा अवधिमा बैंकको अन्य सञ्चालन आम्दानी

९ प्रतिशतले कमी भई रु ७.६० करोड पुगेको छ, जुन अघिल्लो वर्ष रु ८.३६ करोड रहेको थियो। बैंकको अन्य सञ्चालन आम्दानीमा वैदेशिक मुद्राको ट्रेडिङ्ग तर्फको आम्दानीको हिस्सा ३.३४ प्रतिशत रहेको छ।

- **कर्मचारी खर्च**

समीक्षा अवधिमा बैंकको कुल कर्मचारी खर्च ३९.१५ प्रतिशतले वृद्धि भई रु २.४८ अर्ब पुगेको छ, जुन अघिल्लो वर्ष रु १.७८ अर्व रहेको थियो। यसमा नाफामा भएको वृद्धिले कर्मचारी बोनस रु. २०.१ करोड बाट १४५ प्रतिशत वृद्धि भई रु. ४९.३४ करोड पनि समावेश रहेको हुनाले कुल कर्मचारी खर्च रु. १.५८ अर्बबाट २५ प्रतिशतले वृद्धि भई १.९८ अर्ब रहेको छ।

समीक्षा अवधिमा बैंकले खोलेका नयाँ ६१ शाखा एवं व्यापार व्यवसायमा उल्लेख्य रुपमा वृद्धि गर्दै जाने लक्ष्य अनुरुप विभिन्न विभाग तथा शाखामा आवश्यक सीप भएको कर्मचारीको माग तथा अभाव परिपूर्ति गर्नका लागि बैंकले समीक्षा अवधिमा विगत वर्षको तुलनामा थप कर्मचारी पदपूर्ति गरेको तथा बैंकले नियमित रुपमा दक्ष कर्मचारीको पदोन्नती तथा वार्षिक कार्य सम्पादन क्षमताको मूल्याङ्कन गरेकोले यस वर्ष कर्मचारी खर्चमा वृद्धि भएको हो। अघिल्लो बर्ष कुल कर्मचारी संख्या २,२९१ रहेकोमा समीक्षा अवधिमा १,१८१ जना कर्मचारी थप भई समीक्षा बर्षमा कुल कर्मचारी संख्या ३,४७२ पुगेको छ।

बैंकले कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा नियमित तालिममा बिशेष सजग रही, कर्मचारीहरुको तालिममा समीक्षा अवधिमा रु ६.४२ करोड खर्च गरेको छ, जुन कुल कर्मचारी खर्चको (कर्मचारी बोनस सहित) २.५९ प्रतिशत हुन आउँछ। नेपाल राष्ट्र बैंकको नियमानुसार बैंकले गत आर्थिक वर्षको कुल कर्मचारी खर्चको ३ प्रतिशत कर्मचारी तालिम तथा क्षमता अभिवृद्धिमा खर्च गर्नु पर्ने प्रावधान अनुरुप बैंकले यस वर्ष गरेको उक्त खर्च, अघिल्लो वर्षको कुल कर्मचारी खर्चको ३.६ प्रतिशत हुन आउँछ।

कर्मचारी नै बैंकको सबैभन्दा मूल्यवान सम्पत्ति हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै बैंकको दीर्घकालीन रणनीति अनुरुप बैंकलाई थप सबल र सक्षम बनाउने उद्देश्यका साथ बैंकलाई आवश्यक थप जनशक्ति तथा कर्मचारीको क्षमता तथा सीप अभिवृद्धिका लागि गरिएको खर्चलाई बैंकले लगानीको रुपमा लिएको छ र आउँदा दिनहरुमा यसको प्रतिफल व्यवसाय र मुनाफा वृद्धिको रुपमा प्राप्त हुने बैंकले विश्वास लिएको छ।

- **ह्रास तथा अपलेखन**

समीक्षा अवधिमा बैंकको ह्रास तथा अपलेखन खर्च ७६.१९ प्रतिशतले वृद्धि भई रु २०.४० करोड पुगेको छ, जुन अघिल्लो वर्ष रु ११.५८ करोड रहेको थियो।

बिस्तारित शाखा तथा कर्मचारी थपका कारण स्थिर सम्पत्तिमा रु.२.३७ अर्बमा ३८ प्रतिशतको वृद्धि भई ३.२६ अर्बको वृद्धिले ह्रास तथा अपलेखन खर्चमा वृद्धि देखिएको हो।

- **अन्य सञ्चालन खर्च**

समीक्षा अवधिमा बैंकको अन्य सञ्चालन खर्च ३८.४६ प्रतिशतले वृद्धि भई रु १.७१ अर्ब पुगेको छ, जुन अघिल्लो वर्ष रु १.२४ अर्ब रहेको थियो। यस वर्ष बैंकको कर्मचारीमा भएको वृद्धि, थप भएका नयाँ ६१ शाखा, व्यवसायमा वृद्धि हासिल गर्ने लक्ष्य अनुरुप व्यवसाय प्रर्वद्धनका लागि गरिएको कार्यहरु तथा अन्य विभिन्न कारणहरुले गर्दा कुल सञ्चालन खर्च वृद्धि भएको हो।

तत्कालका लागि उक्त खर्च उच्च देखिए तापनि बैंकले गरेको लगानीले आगामी दिनमा बैंकको व्यवसाय वृद्धिमा टेवा पुऱ्याउने तथा कार्यविधि सामान्यीकरण तथा सहजीकरण भई कुल लागत घट्न गई बैंकको वित्तीय नतिजामा सकारात्मक असर पर्ने अपेक्षा बैंकले गरेको छ।

- **लागत तथा आम्दानीको अनुपात**

समीक्षा अवधिमा बैंकको लागत तथा आम्दानीको अनुपात १२.१९ बिन्दुले घटि ४६.२२ प्रतिशत पुगेको छ, जुन अघिल्लो वर्ष ५८.४१ प्रतिशत रहेको थियो । बैंकको विगत दुई वर्षको लागत तथा आम्दानीको अनुपात निम्न तालिकामा प्रस्तुत गरिएको छ :

(रु दश लाखमा)




खुद शुल्क तथा कमिशन आम्दानीमा आएको उल्लेखनीय वृद्धिले लागत तथा आम्दानीको अनुपातमा वृद्धि भएको हो। दिर्घकालिन रणनीति "VISION 18-22" अनुसार यस अनुपातलाई क्रमशः घटाउँदै लगिने छ।

- **आयकर तथा स्रोतमा करकट्टी तर्फ बैंकले गरेको भुक्तानी**

बैंकले देशको राजश्व संकलनमा योगदान स्वरुप समीक्षा

अवधिमा स्रोतमा कर कट्टी तर्फ रु १.११ अर्ब तथा आयकर तर्फ रु १.४ अर्ब गरी कुल रु २.५१ अर्ब भुक्तानी गरेको छ।

- **नाफा/नोक्सान बाँडफाँड विवरण**

बैंकले यस आर्थिक वर्षमा रु ३.०२ अर्ब खुद मुनाफा आर्जन गरेको छ र यस मुनाफाको बाँडफाँड विवरण निम्न अनुसार रहेको छ :

रु दश लाखमा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| सञ्चित मुनाफा | ९४४ | १,८४५ |
| **यस वर्षको खुद नाफा** | ३,०२३ | १,३३५ |
| पूँजीगत जगेडा कोषबाट रकमान्तर | | |
| लगानी समायोजन कोषबाट फिर्ता | | |
| शेयर प्रिमियमबाट रकमान्तर | | |
| **जम्मा** | ३,९६७ | ३,१८० |
| **बाँडफाँड :** | | |
| साधारण जगेडा कोष | ६०५ | २६७ |
| सटही घटबढ कोष | ०.६४ | ४ |
| एन आई सी एशिया बन्ड फिर्ता जगेडा कोष | १३१ | ७१ |
| स्थगन कर जगेडा कोष | (४२) | |
| लगानी समायोजन कोष | १२ | १६ |
| सामाजिक उत्तरदायित्व कोष | ३० | १३ |
| नियमनकारी कोष | २७२ | ४५६ |
| नगद लाभांश भुक्तानी | ४२ | ७० |
| बोनस शेयर बितरण | ८०३ | १,३३९ |
| **सञ्चित मुनाफा** | २,११३ | ९४४ |

बैंकले यस वर्षको खुद नाफाको २० प्रतिशत अर्थात रु ६०.४ करोड साधारण जगेडा कोषमा तथा सटही घटबढ कोष, एन आई सी एशिया बन्ड फिर्ता जगेडा कोष, सामाजिक उत्तरदायित्व कोष, लगानी समायोजन कोष तथा नियमनकारी कोषमा क्रमशः रु ६.४ लाख, रु १.३१ करोड, रु ३ करोड, रु १.१९ करोड र रु २७.२ करोड बाडँफाँड गरेको छ।

नेपाल राष्ट्र बैंकको निर्देशन ६.१६ बमोजिम खुद नाफाको १ प्रतिशत रकम सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्न पर्ने व्यवस्था अनुरुप, बैंकले रु ३.०२ करोड उक्त कोषमा रकमान्तर गरेको छ। उक्त कोषबाट बैंकले चालु आर्थिक वर्षमा राष्ट्र बैंकले तोके बमोजिम विभिन्न सामाजिक उत्तरदायित्व कार्यमा खर्च गरी आफ्नो सामाजिक उत्तरदायित्वका कार्यहरु अगाडि बढाउने योजना छ।

माथिका सम्पुर्ण रकमान्तर तथा बाँडफाँड पछि बैंकको सञ्चित मुनाफा रु २.११ अर्ब रहेको छ।

## (ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट कारोबारलाई परेको असर

### १. विश्व अर्थतन्त्र

२०१८ मा विश्वव्यापी आर्थिक वृद्धि ३.१ प्रतिशतमा स्थिर रह्यो। संयुक्त राज्य अमेरिकामा वित्तीय नीतिले भएको गतिले अन्य केही ठुला अर्थतन्त्रहरूको सुस्त वृद्धिको असर न्युन पारेको छ। सन् २०१९ मा विश्वव्यापी तहको आर्थिक गतिविधि ३ प्रतिशतको ठोस गतिमा विस्तार हुने अपेक्षा गरिएको छ। सन् २०१९ को शुरुआतदेखि विश्वव्यापी औद्योगिक उत्पादन र व्यापारको मात्रामा गिरावट आएको छ। प्रमुख सुचकांङ्कहरूले सन् २०१९ मा धेरै देशहरूमा बढ्दो व्यापार विवाद, वित्तीय तनाव र अस्थिरताको जोखिम, र भौगोलिक तनावको कारण आर्थिक गतिमा केही कमी भएको देखाउँछ। सोही समयमा धेरै विकसित अर्थतन्त्रहरूले क्षमता अवरोधको सामना गरिरहेका छन् जसले गर्दा छोटो अवधिको वृद्धिमा असर गर्न सक्दछ।

विकासोन्मुख अर्थतन्त्रहरूमध्ये पुर्वी र दक्षिण एशियाका क्षेत्रहरू तुलनात्मक रूपमा राम्रो वृद्धि हुने क्रममा रहेका छन् जुन क्रमश ५.८ र ५.६ प्रतिशतले विस्तार भएका छन। धेरै वस्तु निर्यात गर्ने देशहरू, विशेष गरी ईन्धन निर्यातकर्ताहरूले अस्थिर मुल्यको जोखिमका बाबजुद बिस्तारै आर्थिक वृद्धि गरिरहेछन्। २०१४ र २०१५ मा कमोडिटी बजारमा भएको तीव्र गिरावटको प्रभावले वित्तीय र बाह्य ब्यालेन्समा असर पार्न जारी राखेको छ र ऋण उच्च स्तरमा रहेको छ। चीन र संयुक्त राज्य बीचको व्यापार तनाव, कश्मीरको मुद्दालाई लिएर भारत र चीनबीच भौगोलिक राजनीतिक तनाव, कुनै सम्झौता बिनाको ब्रेक्सिटको सम्भावना र जलवायु जोखिम विश्वव्यापी अर्थतन्त्रमा स्थिर विकास दरको बावजुद प्रमुख जोखिम रहेका छन्।

*(श्रोतः वर्ल्ड बैंक र आइएमएफको विश्लेषण एवं डाटामा आधारित)*

## २. देशको आर्थिक अवस्था

### (क) कुल गार्हस्थ्य उत्पादन तथा मुद्रास्फीति

आर्थिक वर्ष २०७५/७६ मा कुल ग्राहस्थ उत्पादन वृद्धिदर ७.१ प्रतिशत रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक

अनुमान छ। कृषि उत्पादनमा वृद्धि, उर्जा आपुर्तिमा सहजता, निर्माण कार्यमा तीव्रता, औद्योगिक उत्पादन विस्तार तथा पर्यटक आगमन बढेका कारण आर्थिक वृद्धि उच्च रहेको हो । आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य बचतको कुल ग्राहस्थ उत्पादनसँगको अनुपात २०.५ प्रतिशत पुगेको अनुमान छ । कुल राष्ट्रिय बचतको यस्तो अनुपात ५२.४ प्रतिशत पुगेको अनुमान छ । अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः १७.८ प्रतिशत र ४७.१ प्रतिशत रहेका थिए । समीक्षा वर्षमा बचतको तुलनामा लगानी उच्च रहेकोले साधनको स्रोत-माग अन्तरको कुल ग्राहस्थ उत्पादनसँगको अनुपात ९.९ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष यस्तो अनुपात ८.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७५/७६ को एघार महिनामा औसत उपभोक्ता मुद्रास्फीति ४.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ४.२ प्रतिशत रहेको थियो। महालेखा नियन्त्रक कार्यालयको आर्थिक वर्ष २०७५/७६ को प्राप्ति तथा खर्चको प्रारम्भिक विवरण अनुसार चालु खर्च रु. ७१४ अर्ब ९८ करोड, पूँजीगत खर्च रु. २३८ अर्ब ३६ करोड, वित्तीय व्यवस्था खर्च रु. १४१ अर्ब २४ करोड र राजस्व संकलन रु. ८५९ अर्ब ६० करोड भएको छ। आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारले कुल आन्तरिक ऋण रु. ९६ अर्ब ३८ करोड परिचालन गरेको छ भने भुक्तानी रु. ३४ अर्ब ३१ करोड गरेको छ। सो अवधिमा नेपाल सरकारले रु. ६२ अर्ब ७ करोड खुद आन्तरिक ऋण परिचालन गरेको छ। उक्त रकम कुल ग्राहस्थ उत्पादनको १.८ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०७५/७६ को एघार महिनामा वस्तु व्यापार नोक्सान १७.२ प्रतिशतले वृद्धि भई रु. १२११ अर्ब ९६ करोड पुगेको छ। यसैगरी, सो अवधिमा चालु खाता नोक्सान रु. २४८ अर्ब ७२ करोड रहेको छ। आयातमा भएको विस्तारका कारण चालु खाता नोक्सान उच्च रहन गएको हो। बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति आर्थिक वर्ष २०७५/७६ को एघार महिनाको आयातलाई आधार मान्दा ८.८ महिनाको वस्तु तथा ७.७ महिनाको वस्तु र सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ । २०७५ असार मसान्तको तुलनामा २०७६ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.०२ प्रतिशतले अवमुल्यन भई अमेरिकी डलर १ को खरिद विनिमयदर रु. १०९.३६ कायम भएको छ। २०७५ असार मसान्तमा यस्तो विनिमयदर रु. १०९.३४ रहेको थियो।

### (ख) वित्तीय क्षेत्रको अवस्था

आर्थिक वर्ष २०७५/७६ मा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य राखिएकामा २०७६ जेठ मसान्तमा वार्षिक विन्दुगत वृद्धिदर १६.७ प्रतिशत रहेको छ। मौद्रिक क्षेत्रबाट प्रवाह हुने कर्जामध्ये आन्तरिक कर्जाको वृद्धिदर २२.५ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर २०.० प्रतिशतमा सीमित गर्ने प्रक्षेपण गरिएकोमा २०७६ जेठ मसान्तमा यी कर्जाको वार्षिक विन्दुगत वृद्धिदर क्रमशः २५.१ प्रतिशत र २०.६ प्रतिशत रहेका छन् । आर्थिक वर्ष २०७५/७६ मा कुल रु. ३२२ अर्ब ४९ करोड तरलता प्रवाह भएको छ। यस अन्तर्गत रिपोमार्फत रु. १६८ अर्ब १६ करोड र स्थायी तरलता सुविधामार्फत रु. १५४ अर्ब ३३ करोड प्रवाह भएको छ । आर्थिक वर्ष २०७५/७६ मा रु. १०० अर्ब ३५ करोड तरलता प्रशोचन भएको छ। यस अन्तर्गत रिभर्स रिपोमार्फत रु. २० अर्ब ७० करोड र निक्षेप संकलन बोलकवोलमार्फत रु. ७९ अर्ब ६५ करोड प्रशोचन भएको छ । आर्थिक वर्ष २०७५/७६ मा यस बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३ अर्ब १९ करोड खुद खरिद गरी रु. ३६० अर्ब ९१ करोड खुद तरलता प्रवाह गरेको छ। सोही अवधिमा परिवर्त्य विदेशी मुद्रा बिक्री गरी रु. ५१६ अर्ब ९७ करोड बराबरको भा.रु. खरिद गरेको छ। आर्थिक वर्ष २०७५/७६ मा वाणिज्य बैंकहरू बीच रु. १७७५ अर्ब ११ करोड र बैंक तथा वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) बीच रु. २०९ अर्ब ५५ करोडको अन्तर-बैंक कारोबार भएको छ । २०७६ असारमा ९१-दिने ट्रेजरी विलको भारित औसत व्याजदर ४.९७ प्रतिशत र वाणिज्य बैंकहरूबीचको भारित औसत अन्तर-बैंकदर ४.५२ प्रतिशत रहेका छन्। २०७५ असारमा यी दरहरु क्रमशः ३.७४ प्रतिशत र २.९६ प्रतिशत रहेका थिए । २०७६ जेठमा वाणिज्य बैंकहरुको निक्षेप र कर्जाको भारित औसत व्याजदर क्रमश ६.६४ प्रतिशत र १२.२० प्रतिशत रहेका छन्। २०७५ जेठमा यी दरहरु क्रमश ६.६१ प्रतिशत र १२.४२ प्रतिशत रहेका थिए।

*(श्रोतः नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीतिमा आधारित)*

### (ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,

मिति २०७६ आषाढ मसान्तपछि बैंकको हितलाई तात्विक असर पर्ने कुनै पनि घटना रहेको छैन।

चालु आर्थिक वर्षको १ महिनाको अवस्था अघिल्लो वर्षको सोही अवधिसँग तुलना गर्दा निम्न अनुरुप रहेको छ :

रु अर्बमा

| शीर्षक | श्रावण मसान्त २०७६ | श्रावण मसान्त २०७५ | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| कुल निक्षेप | १७८.०३ | १५६.०२ | १४ |
| कुल कर्जा सापट | १५७.८१ | १२८.१४ | २३ |

बैंकले चालु वर्ष पनि व्यापार व्यवसायमा लक्षित वृद्धि हासिल गर्ने अपेक्षा गरेको छ।

## १. शाखा विस्तार

बैंकले आफ्नो दीर्घकालीन रणनीति अनुरुप, शाखा सञ्जालमा व्यापक वृद्धि गर्दै लैजाने रणनीति अनुरुप समीक्षा अवधिमा बैंकले ६१ नयाँ शाखा विस्तार गरेको छ। बैंकको कार्य क्षेत्र, सञ्जाल बिस्तार तथा व्यवस्थापनका लागि आवश्यक उचित दिशानिर्देश तथा वैज्ञानिक प्रणाली अवलम्बन गर्नका लागि विस्तार तथा व्यवस्थापन नीति २०१८ लागु गरी सोही अनुरुप कार्यहरु गरिरहेको छ।

समीक्षा वर्षमा बैंकले बयलबास-सर्लाही, बेलबास-रुपन्देही, बिर्ताबजार-झापा, पाँचरुकी, देवीनगर-रुपन्देही, मानेभन्ज्याङ, म्याङलुङ तेह्थुम, लालबन्दी, फाल्गुनन्द चोक झापा, ईनरुवा, प्रकाशपुर, धनकुटा, रोडशेष चोक, रानीमिल्स एरीया, गरुडा, चाबहिल, कोटेश्वर, सोह्रखुट्टे, सौराहा, हाटखोला, दमक चोक, बाफपाटन, पावरहाउस चोक, बुढीबजार, अंमरसिंह, बगर, परस्याङ्ग, कटारी, फत्तेपुर, चनउली, गौशला, निजगढ, महेन्द्रनगर, बसेनी चितवन, बुद्धचोक धरान, फेटा बारा, पिडारी चोक धनुसा, पावर हाउस विरगञ्ज, लिङ्करोड विरगञ्ज, वालुवाटार, गोंगबु, कुलेश्वर, किलागल, ठुलोभऱ्याङ्ग, काँडाघारी, रामकोट, राधेराधे, शंखमुल काठमाण्डौ, सिनामङ्गल काठमाण्डौ, भोटाहिटी काठमाण्डौ बानियाँटार, फुङलिङ-ताप्लेजुङ, मन्थली, चापागाउँ, भन्डारा, साँफेबगर-अछाम, पाटन-बैटडी, श्रीनगर-सल्यान, दोहारचाँदी-महाकाली, स्याफ्रुबेसी र दैलेखमा शाखा बिस्तार गरेको हो।

बैंकले चालु आर्थिक वर्षमा थप २० वटा नयाँ शाखा बिस्तार गर्ने र करिव १९८ एटीएम थप गर्ने लक्ष्य राखेको छ। यसरी बिस्तारित शाखा सञ्जालले देशको सुगम क्षेत्रमा मात्र नभई दुर्गम क्षेत्रमा समेत बैंकिङ्ग सुविधाको पहुँच पुग्ने र नेपाल सरकारले अवलम्बन गरेको वित्तीय समावेशीतामा समेत टेवा पुग्ने बैंकको ठहर छ।

## २. सेवा विस्तार

बैंकले ग्राहकको चाहना तथा माग बमोजिम ग्राहकवर्ग समक्ष नवीनतम, परिमार्जित, भरपर्दो तथा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ। यसको निमित्त प्रविधिमा भइरहेको विकास, ग्राहकवर्गको आवश्यकता, व्यापार व्यवसायमा परिवर्तन अनुरुप सिर्जना भएका आवश्यकता आदि पक्षहरुको मूल्याङ्कन गरी आफ्नो जनशक्तिलाई सक्षम बनाउँदै ग्राहकवर्गलाई समय सापेक्ष सेवा प्रदान गर्नको निमित्त बैंकले अनुसन्धान तथा विकासको निरन्तरतालाई संस्थाको एक विशिष्ट पक्षको रुपमा ग्रहण गरेको छ। ग्राहक सेवामा सुधार ल्याउनको निमित्त छुट्टै Experience Enrichment विभागको गठन गरी प्रभावकारी अनुगमन गर्दै आएको छ। समीक्षा अवधिमा बैंकले "समुन्नति वचत खाता", "न्यू प्रिमियम समुन्नति वचत खाता", "चमत्कारीक बचत खाता" र "चमत्कारीक मुद्धति खाता" ल्याई बचतकर्ताहरुलाई उच्च प्रतिफल दिएको छ। बैंकले समीक्षा वर्षमा क्रेडिट कार्ड, POS मेशिन तथा KIOSK जस्ता सेवाहरु व्यापक रुपमा बिस्तार गरेको छ।

## ३. नयाँ योजना

बैंकिङ्ग क्षेत्रको थप सहज पहुँज पुऱ्याउने लक्ष्यका साथ बैंकले देशका विभिन्न क्षेत्रहरुमा शाखा एवं एक्सटेन्सन काउण्टर खोल्ने योजना बनाएको छ। चालु आर्थिक बर्षमा बैंकको २० वटा नयाँ शाखा बिस्तार गर्ने र करिव १९८ एटीएम १०९ वटा एक्सटेन्सन काउण्टर थप गरि १५६ पुऱ्याउने र करिब १९८ वटा एटीएम खोलि ५०० पुऱ्याउने लक्ष्य रहेको छ। साथै शाखा बिस्तार तथा एक्सटेन्सन काउण्टर खोल्न सम्भव नभएका दुर्गम क्षेत्रहरुमा आर्थिक रुपमा पहुँच बढाउनका लागि शाखा रहित सेवा उपलब्ध गर्ने सोच राखेको छ। बैंकको सम्पूर्ण शाखाहरुमा एटीएम सेवा उपलब्ध गराउने योजना रहेको छ।

साथै आउँदा दिनमा समेत यस्तै समय सापेक्ष तथा आधुनिक प्रविधि उन्मुख सेवा मार्फत ग्राहकवर्गको बैंकिङ्ग सेवा सुविधाको अवधारणालाई नयाँ आयाम दिने प्रयास गर्नेछौं।

### ४. प्रविधि विकास तथा सूचना व्यवस्थापन प्रविधि

नेपाल अझै डिजिटल बैंकिङ्ग सेवा प्रदानमा बिकसित मुलुक भन्दा पछाडी रहेको छ । छिमेकी राष्ट्र भारत र चीनको दाँजोमा पनि नेपाल अझै पछि नै छ । यो भ्याकुम लाई पुरा गर्न NIC ASIA Bank ले बैंकिंग सेवा प्रवाहलाई थप नयाँ उचाई दिन तथा बैंकलाई जनतामुखी बनाउन "सोच बदलौं" को नारा सहित आफ्नो digital channel लाई सुदृढ गराउने योजना अगाडी सारेको छ । सो योजनाको कार्यान्वयन सँगै बैंकले नेपालमा डिजिटल बैंकिङ्गको पूर्ण कार्यान्वयन, नगद रहित आर्थिक गतिबिधिले पूर्णता र हात हातमा बैंकको अवधरणालाई सुनिश्चित गर्ने बताउँछ ।

डिजिटल प्रविधिलाई आफ्नो सेवा प्रवाहमा एकीकरण गरेर बैंकिङ्ग सुबिधा प्रदान गर्ने प्रक्रियालाई lifestyle banking भनिन्छ । NIC ASIA बैंक सो डिजिटल प्रविधिलाई आत्मसात गर्दै आफ्ना सेवाहरु हरेक व्यक्तिको मोबाइलमा पहुच दिन अग्रसर रहेको छ ।

बैंकले आफ्नो सम्पूर्ण बैंकिङ्ग कार्यहरुलाई Automation गर्ने र कागज रहित कार्यालय वातावरण बनाउने सोच लिएको छ । बैंक आफ्नो सुचना श्रोत र तथ्यांक प्रणालीको सुरक्षाप्रति सदैव संवेदनशील छ । बैंकले सूचना प्रविधि नीति (IT Policy) लागू गरेको छ, जसले बैंकको Data Centre Operation,Hardware, Network Security तथा Computer System सम्बन्धी विषयहरुलाई बैंकको Internal Audit को नियमित लेखापरीक्षणको अधीनमा राख्दछ । साथै बैंकले आफ्नो Information System Audit नियमित रुपमा गराई आफ्नो सूचना व्यवस्थापन तथा सुरक्षालाई थप मजबुत बनाएको छ ।

बैंकको सुचना प्रविधिलाई समय सापेक्ष एवं अत्याधुनिक बनाउँदै लैजाने क्रममा सञ्चालनमा रहेको 7.0.10 Version को Finacle Core Banking Software लाई 7.0.25 Version मा upgrade गरी सञ्चालनमा ल्याई सकिएको छ । साथै, उक्त upgraded version लाई further upgrade गरी 10.0.18 Version मा Finacle Core Banking Software स्तरोन्नतिको सम्पन्न भएको जानकारी गराउँदछु ।

### ५. मानव संशाधन

बैंकले आफ्नो कर्मचारीहरुलाई सदैव आफ्नो महत्वपूर्ण सम्पत्तिको रुपमा लिएको छ । बैंकको दीर्घकालीन रणनीति अनुरुप बढ्दो व्यापार तथा व्यवस्थित शाखा विस्तार नीतिका कारणहरुले गर्दा यो वर्ष पनि बैंकमा कर्मचारीहरुको संख्यामा वृद्धि भएको छ । बदलिंदो परिवेश, गतिशिल आर्थिक वातावरणमा आफ्नो कर्मचारीहरुलाई समय सापेक्ष, दक्ष र सीपयुक्त बनाउन तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका साथसाथै प्रोत्साहन गर्नका लागि बैंकले समय समयमा विभिन्न आन्तरिक तथा वाह्य तालिमहरु उपलब्ध गराउँदै आएको छ ।

समीक्षा अवधिमा १६५ वटा वाह्य तथा ९४७ वटा आन्तरिक तालिमहरुमा बैंकको सबै कर्मचारीहरु सहभागी भई उनीहरुको क्षमता अभिवृद्धि तथा सीप विकासमा मद्दत पुगेको छ । बैंकले कर्मचारीको सीप तथा क्षमताको अभिवृद्धि गर्नका लागि बैंकलाई ज्ञान हासिल गर्ने थलोका रुपमा विकसित गर्न र कर्मचारीमा ज्ञान हासिल गर्ने संस्कार बसाल्न विभिन्न कार्यहरु गरेको छ ।

मानव संशाधनको विकासले दैनिक कार्यमा सहयोग गर्ने मात्र नभई बैंकमा नयाँ सोच, नयाँ प्रविधिहरु भित्र्याउन मद्दत पुग्ने कुरामा सञ्चालक समिति विश्वस्त छ । आगामी वर्षहरुमा समेत कर्मचारीहरुको ज्ञान तथा क्षमता वृद्धिका लागि आन्तरिक तथा वाह्य तालिमहरु निरन्तर रुपमा सञ्चालन गरिनेछ । कुल कर्मचारीहरुको संख्या आर्थिक वर्ष २०७६ आषाढ मसान्त सम्ममा ३,४७२ पुगेको छ । बैंकमा कार्यरत कर्मचारीहरुमा ५१.४४ प्रतिशत पुरुष र ४८.५६ प्रतिशत महिला रहेका छन् ।

### (घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध,

बैंकले आफ्नो व्यावसायिक दायरालाई फराकिलो पार्दै जानको लागि बैंकको प्रगतिसँग सरोकार राख्ने संघ संस्था तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरुसँग सुमधुर सम्वन्ध स्थापित गरी सो सम्वन्धलाई अभिवृद्धि गर्दै लगेको र सो क्रमलाई भविष्यमा पनि निरन्तरता दिने योजना राखेको छ । यसै क्रममा यस बैंक Nepal India Chamber of Commerce, Forum of Nepalese Bankers, Foreign Exchange and Money Dealers Association, Nepal Bankers' Association, Banking Promotion Committee, Nepal Foreign Trade Association, Nepal Institute

of Company Secretaries, International Chamber of Commerce Nepal, World Bank, International Finance Corporation, Asian Development Bank, Federation of Nepalese Chambers of Commerce and Industry जस्ता संस्थाहरुसँग सुमधुर सम्बन्धलाई निरन्तरता दिएको छ।

## (ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण,

समीक्षा बर्षमा बैंकको सञ्चालक समितिमा हेरफेर भएको छैन।

- सञ्चालक समितिको संरचना देहाय बमोजिम रहेको :

| | |
|---|---|
| अध्यक्ष | श्री तुलसीराम अग्रवाल |
| सञ्चालक | श्री जगदीश प्रसाद अग्रवाल |
| सञ्चालक | श्री त्रिलोक चन्द अग्रवाल (प्रतिनिधी : एशियन डिस्ट्रिब्युटर्स प्रा.लि.) |
| सञ्चालक | श्री रामचन्द्र संघई |
| सञ्चालक | श्री राजेन्द्र प्रसाद अर्याल |
| सञ्चालक | श्री बिनोद कुमार प्याकुरेल |
| स्वतन्त्र सञ्चालक | श्री गणेश मान श्रेष्ठ |

- सञ्चालक समितिको बैठक

विद्यमान ऐन तथा बैंकको नियमावलीको प्रावधान अनुरुप सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ। सञ्चालक समितिका बैठकहरुमा बैंकका प्रमुख कार्यकारी अधिकृत स्थायी आमन्त्रित सदस्य रहनु भएको छ।

समीक्षा अवधिमा सञ्चालक समितिको कुल ५४ वटा बैठक बसेको छ। बैठकमा सञ्चालकहरुको उपस्थिति र निजहरुले प्राप्त गरेको भत्ताको विवरण निम्न अनुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु |
|---|---|---|
| अध्यक्ष श्री तुलसीराम अग्रवाल | ५४ | ८,४४,००० |
| सञ्चालक श्री जगदीश प्रसाद अग्रवाल | ५१ | ६,६०,००० |
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | ५३ | ६,८४,००० |
| सञ्चालक श्री रामचन्द्र संघई | ४१ | ५,०४,००० |
| सञ्चालक श्री राजेन्द्र प्रसाद अर्याल | ४४ | ५,५६,००० |
| सञ्चालक श्री बिनोद कुमार प्याकुरेल | ५२ | ६,७२,००० |
| स्वतन्त्र सञ्चालक श्री गणेश मान श्रेष्ठ | ५० | ६,९६,००० |

व्यवस्थापन तहको कर्मचारीलाई सञ्चालक समिति वा सञ्चालक समिति तहको बैठकमा उपस्थिति बापत कुनै किसिमको भत्ता दिने नियम रहेको छैन र दिइएको छैन।

## (च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू

देशको समग्र आर्थिक स्थिति, तरलता एवं सीमित लगानीका अवसरहरु, व्याजदर अन्तरको व्यवस्थापन, प्रविधी सुरक्षा चालु वर्षमा पनि चुनौतीका रुपमा रहने छन्। साथै, बढ्दो प्रतिस्पर्धा एवं दक्ष जनशक्तिको अभावले थप चुनौतीहरु थपिएका छन्।

यी चुनौती र अवसरहरुलाई ध्यानमा राख्दै बैंकले आफ्नो सेवाको दायरा तथा गुणस्तर वृद्धि गर्दै लैजाने, थप नवीनतम सेवाहरु प्रदान गर्ने तथा नयाँ बजारहरु र नयाँ क्षेत्रहरुमा आफ्नो सेवाहरु विस्तार गर्दै लैजाने रणनीति तर्जुमा ल्याएको छ।

## (छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया

यस्तो कुनै कैफियत लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको छैन।

## (ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

मिति २०७६/०५/११ मा बसेको सञ्चालक समितिको ४१८ औं बैठकले रु १,८५,९८,३७,६२१/– (अक्षरेपी १ अर्ब ८५ करोड ९८ लाख ३७ हजार ६ सय एक्काईस रुपैयाँ मात्र) अर्थात चुक्ता पूँजीको २१.०५२६ प्रतिशत लाभांश प्रस्ताव गरेको छ जस मध्ये १० प्रतिशत (रु. ८८,३४,२२,८७०) बोनस शेयर तथा ११.०५२६ प्रतिशत (रु. ९७,६४,१४,७५१) नगद (कर प्रयोजनको निम्ति समेत) लाभांश प्रस्ताव गरेको छ।

## (झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण

बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन।

## (ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको

**स्थितिको पुनरावलोकन**

बैंक तथा यसको सहायक कम्पनीको प्रगति विवरण वार्षिक प्रतिवेदनमा छुट्टै उल्लेख गरिएको छ ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

आर्थिक वर्षमा बैंकले सामान्य बैंकिङ्ग कारोवारहरु र सहायक कम्पनीले पनि आफ्नो व्यवसाय अनुरुप नै सामान्य कारोवारहरु गर्दै आएको । यस अवधिमा कुनै महत्वपूर्ण परिवर्तन नभएको ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

विगत आर्थिक वर्षमा कुनै यस्तो जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

**सञ्चालक तथा पदाधिकारीहरुको बैंकमा रहेको शेयर स्वामित्व विवरण (आषाढ मसान्त २०७६)**

| पद/तह | शेयरधनी नं./हितग्राही खाता नं. | सञ्चालक तथा पदाधिकारीको नाम | शेयर स्वामित्व (कित्ता) | कैफियत |
|---|---|---|---|---|
| अध्यक्ष | १३०१३७००००६९३१४१ | तुलसीराम अग्रवाल | १,२०२,८९० | संस्थापक शेयर |
| | | | ३७२,९७५ | सर्वसाधारण शेयर |
| सञ्चालक | १३०१३७००००६९५६६२ | जगदीश प्रसाद अग्रवाल | १,७३७,८८७ | संस्थापक शेयर |
| | | | ४९९,०९० | सर्वसाधारण शेयर |
| | १९७७४ | | १ | |
| सञ्चालक | १३०१०६००००७६१७२ | रामचन्द्र संघई | २,८४०,१२३ | संस्थापक शेयर |
| | १३०१३२००००००२३७७ | | १,०५८,०८३ | सर्वसाधारण शेयर |
| सञ्चालक | १३०१३७००००१०२२०४ | त्रिलोक चन्द अग्रवाल | ४,२१९,२५७ | संस्थापक शेयर |
| | | | ४९४,५५० | सर्वसाधारण शेयर |
| सञ्चालक | १३०१२९०००००१४२८२ | राजेन्द्र प्रसाद अग्रवाल | ३०,९४५ | सर्वसाधारण शेयर |
| | | | ५५६८८ | संस्थापक शेयर |
| सञ्चालक | १३०१२९००००००००९४० | विनोद कुमार प्याकुरेल | ४३९ | सर्वसाधारण शेयर |
| | १०४९९३ | | २५ | सर्वसाधारण शेयर |
| | ४३५१७ | | ६ | सर्वसाधारण शेयर |
| स्वतन्त्र सञ्चालक | १३०१२९०००००२३५९७ | गणेश मान श्रेष्ठ | २५४ | सर्वसाधारण शेयर |
| | ४२९८३ | | २९ | सर्वसाधारण शेयर |

| पद/तह | शेयरधनी नं./हितग्राही खाता नं. | सञ्चालक तथा पदाधिकारीको नाम | शेयर स्वामित्व (कित्ता) | |
|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | १३०१३७००००१३६१५१ | रोशन कुमार न्यौपाने | २,२९७ | सर्वसाधारण शेयर |
| | १३०१४२०००००३४१४६ | | २,०९७ | सर्वसाधारण शेयर |
| नायब प्रमुख कार्यकारी अधिकृत | १३०१३७००००१३६३०१ | सुधिर नाथ पाण्डे | ८,२१६ | सर्वसाधारण शेयर |
| सहायक प्रमुख कार्यकारी अधिकृत | १३०१३७००००१०३६३० | सन्तोष कुमार राठी | ४,७०१ | सर्वसाधारण शेयर |
| | ५२१३१ | | १९१ | सर्वसाधारण शेयर |
| सहायक प्रमुख कार्यकारी अधिकृत | १३०१३७०००००२०१७४ | जयन्द्र रावल | ४,७९४ | सर्वसाधारण शेयर |
| | ४८३०१ | | ६० | सर्वसाधारण शेयर |
| सहायक प्रमुख कार्यकारी अधिकृत | १३०१३३००००००२१२९ | राजेश रावल | ३,६८५ | सर्वसाधारण शेयर |
| वरिष्ठ प्रबन्धक | १०७६३६ | दिपेन्द्र बहादुर राजभण्डारी | १ | सर्वसाधारण शेयर |
| वरिष्ठ प्रबन्धक | १३०१३९००००००२१३८ | बपिन राजभण्डारी | १७ | सर्वसाधारण शेयर |
| प्रबन्धक | १३०१३७००००२६५८५३ | दिनेश भारी | ५,३९० | सर्वसाधारण शेयर |
| | ५२०२१ | | १९२ | सर्वसाधारण शेयर |
| नायब प्रबन्धक | १३०१३७००००१७५४२१ | दिपेन कार्की | २,०२३ | सर्वसाधारण शेयर |

(आ.व. २०७५/७६ मा बिक्री गरिएको)

| पद/तह | शेयरधनी नं./हितग्राही खाता नं. | सञ्चालक तथा पदाधिकारीको नाम | कित्ता | |
|---|---|---|---|---|
| वरिष्ठ प्रबन्धक | १३०१३९००००००२१३८ | बपिन राजभण्डारी | १०० | सर्वसाधारण शेयर |

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा**

विगत आर्थिक वर्षमा यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम**

बैंकले हालसम्म आफ्नो शेयर आफैं खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण**

बैंकको आन्तरिक नियन्त्रण प्रणाली र यसको प्रभावकारिताको समीक्षा गर्ने जिम्मेवारी सञ्चालक समितिमा रहन्छ । यसका लागि सञ्चालक समिति अन्तर्गत नै विभिन्न समितिहरुको गठन गरिएको छ, साथै विशेष क्षेत्रहरुको कार्य सम्पादन र चुस्त तथा प्रभावकारी नीति निर्माण तथा परिपालनको निम्ति आवश्यक समितिहरु गठन गरी आफ्नो अधिकारहरु समेत प्रत्यायोजन गरेको छ । लेखापरीक्षण समितिले नियमित रुपमा आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक र सुपरिवेक्षकिय लेखापरीक्षकका लेखापरीक्षण प्रतिवेदनहरुको समीक्षा गरी सञ्चालक समितिलाई बैंकको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका विषयमा स्वतन्त्र आश्वासन प्रदान गर्दछ ।

बैंकको कार्य सम्पादनलाई चुस्त बनाउन र उचित जोखिम व्यवस्थापन गर्न बैंकको समग्र कार्य क्षेत्रलाई व्यवसाय, संचालन सहयोग र नियन्त्रण गरी तीन भागमा वर्गीकरण गरिएको छ ।

बैंकले आफ्नो आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक एकीकृत जोखिम व्यवस्थापन विभागलाई थप मजबुत बनाउँदै लगेको छ । यस विभाग बैंकको व्यवस्थापनको अधिनमा नभई स्वतन्त्र इकाईको रुपमा आफ्नो कामकारवाही गर्दछ र बैंकको जोखिम व्यवस्थापन समिति प्रति जवाफदेही रहेको छ ।

त्यसैगरी बैंकको आन्तरिक लेखापरीक्षण विभागले बैंकले अंगीकार गरेको नीति निर्माणको परिपालना भए नभएको तथा बैंकको कार्यसम्पादन क्षेत्रको लेखापरीक्षण गर्ने गर्दछ । यस विभागले स्वतन्त्र इकाईको रुपमा आवश्यक कामकारवाही गरी आफ्नो प्रतिवेदन बैंकको लेखापरीक्षण समितिलाई पेश गर्ने गर्दछ ।

समीक्षा अवधिमा निम्न अनुसारका समितिहरु बैंकमा क्रियाशील रहेका छन् ।

**१. जोखिम व्यवस्थापन समिति**

यस समितिको मुख्य उद्देश्य नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनले यस समितिलाई तोकेको काम, कर्तव्य र उत्तरदायित्व वहन गर्दै बैंकमा अर्न्तनिहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार, सञ्चालन आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने तथा सो सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिने गर्दछ ।

बैंकको जोखिम व्यवस्थापन समितिमा निम्न सदस्यहरु रहेका छन् :

**समीक्षा अवधिको सुरुवात मिति २०७५/०४/०१ देखि मिति २०७५/१०/०७ सम्म**

| | |
|---|---|
| संचालक श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| संचालक श्री गणेश मान श्रेष्ठ | सदस्य |
| Chief Development Officer, श्री कपिल ढकाल | सदस्य |
| प्रमुख जोखिम अधिकृत | सदस्य सचिव |

**मिति २०७५/१०/०८ देखि मिति २०७६/०२/१७ सम्म**

| | |
|---|---|
| संचालक श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| संचालक श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| संचालक श्री गणेश मान श्रेष्ठ | सदस्य |
| Chief Human Resource & Chief Development Officer | सदस्य |
| प्रमुख जोखिम अधिकृत | सदस्य सचिव |

**मिति २०७६/०२/१८ देखि मिति २०७६/०२/२९ सम्म**

| | |
|---|---|
| संचालक श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| संचालक श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| संचालक श्री गणेश मान श्रेष्ठ | सदस्य |
| ACEO Support Service Ecosystem, श्री सुदिप खनाल | सदस्य |

प्रमुख जोखिम अधिकृत,

श्री दिपेन्द्र बहादुर राजभण्डारी सदस्य सचिव

**मिति २०७६/०२/३० देखि समिक्षा अवधि मिति २०७६/०३/३१ सम्म**

संचालक श्री विनोद कुमार प्याकुरेल संयोजक

संचालक श्री राजेन्द्र प्रसाद अर्याल सदस्य

संचालक श्री गणेश मान श्रेष्ठ सदस्य

ACEO Performance Assurance Ecosystem / Support Service Ecosystem, श्री कपिल ढकाल सदस्य

प्रमुख जोखिम अधिकृत,

श्री दिपेन्द्र बहादुर राजभण्डारी सदस्य सचिव

**नोट** : व्यवस्थापनबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरुको Functional Title Change र Promotion भए सँगै सो लाई Update गर्ने गरिएको यस समितिको प्रमुख जिम्मेवारी बैंकको समग्र जोखिम व्यवस्थापन संरचना हेर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको समीक्षा तथा अनुगमन गर्नु हो । बैंकको कार्यसम्पादनका क्रममा उत्पन्न हुन सक्ने विभिन्न प्रकारका जोखिमहरुका पहिचान गर्ने र सोको न्यूनीकरणका लागि यस समितिले अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

- बैंकमा निहित जोखिम तथा जोखिम व्यवस्थापनको पहिचान तथा अनुगमन गरी आवश्यक सुझाव सहितको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।
- बैंकको व्यवसाय, सञ्चालन तथा जोखिम वहन गर्ने क्षमता सम्बन्धित कार्यविधिहरुको निर्माण तथा अनुगमन र उक्त जोखिम न्यूनीकरणका लागि बैंकको रणनीति तयार गरी सञ्चालक समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने ।
- व्यवस्थापन समिति मार्फत बैंकको विभिन्न कार्य क्षेत्रसँग सम्बन्धित जोखिम व्यवस्थापनको प्रतिवेदन संकलन गरी आवश्यक सुझाव सहित सञ्चालक समितिमा पेश गर्ने ।
- जोखिमयुक्त सम्पत्तिमा आधारित रहेर पूँजी पर्याप्तताको बिश्लेषण, आन्तरिक पूँजी पर्याप्तता बिश्लेषण प्रक्रिया, बैंकको जोखिम वहन गर्न सक्ने क्षमता तथा बैंकले अवलम्बन गरेको रणनीति बमोजिम बैंकको नीति प्रभाव कारी रहे/नरहेको सम्बन्धी प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्ने ।
- नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक नीति तथा संरचनाको निर्माण, बैंकको जोखिम व्यवस्थापनका लागि आवश्यक आन्तरिक निर्देशिकाहरु तयार गरी लागू गर्न सञ्चालक समितिलाई सिफारिस गर्ने ।
- आफ्नो कार्यसम्पादन तथा कार्यविधि सम्बन्धी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

यस वर्ष यस समितिले जोखिम व्यवस्थापनका लागि गरेका प्रमुख कार्यहरुको संक्षिप्त सार निम्नानुसार रहेको छ ।

- यस वर्ष समितिले ४० वटा नीतिहरु, १३ वटा प्रोडक्ट पेपर मार्गदर्शनहरु (Product Paper Guideline) तथा ६ वटा कार्यविधिहरु (Procedural Guideline) गरी जम्मा ५९ वटा नयाँ नीतिहरुको अनुगमन गरि बैंकमा प्रभावकारी हिसावले लागू गरेको ।
- बैंकको व्यापार व्यवसायसँग सम्बन्धित नीतिहरुमा जोखिम क्षमता तथा जोखिम वहन गर्न सक्ने सिमाको निर्धारण गर्ने काम गरेको ।
- जोखिम व्यवस्थापनका लागि आवश्यक सञ्चालन जोखिम, कर्जा जोखिम, बजार जोखिम तथा तरलता जोखिम व्यवस्थापनका एकिकृत नीति तथा एकिकृत जोखिम अनुगमन तथा रिपोर्टिङ फ्रेमवर्क (Integrated Risk Monitoring and Reporting Framework) तयार गरी सञ्चालक समितिमा पेश गरेको ।
- जोखिम प्रतिवेदनको नियमित रुपमा पुनरावलोकन गरी जोखिम न्यूनीकरणका लागि आवश्यक कदम चालिएको ।
- पूँजी पर्याप्तता सम्बन्धी प्रतिवेदनहरुको पुनरावलोकन गरी आवश्यक सुझाव सहित सञ्चालक समितिमा पेश गरेको ।
- नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक नीति तथा संरचनाहरुको नियमित रुपमा अनुगमन गरी आवश्यक जोखिम वहन सिमा निर्धारण प्रतिवेदन तयार गरी कम्तीमा त्रैमासिक रुपमा सञ्चालक समितिमा पेश गरेको ।

आर्थिक वर्ष २०७५/०७६ मा समितिको जम्मा २० वटा बैठक बसेको र सञ्चालकहरुको उपस्थिती एवं वहाँहरुले प्राप्त गरेको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु |
|---|---|---|
| सञ्चालक श्री विनोद कुमार प्याकुरेल | २० | २,८०,००० /– |
| सञ्चालक श्री राजेन्द्र प्रसाद अर्याल | ९ | १,४४,००० /– |
| सञ्चालक श्री गणेश मान श्रेष्ठ | २० | २,८०,००० /– |

## २. कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति

बैंकिङ्ग व्यवसाय सेवामुलक हुनुका साथै व्यवस्थित जोखिम लिने व्यवसाय हो । त्यसैले उत्कृष्ट सेवा प्रदान गर्न तथा जोखिमको उचित व्यवस्थापन गर्नका लागि सक्षम र व्यवसायिक जनशक्तिको आवश्यकता पर्दछ । सक्षम जनशक्ति नै बैंकको बलियो आधार भएकोले गुणस्तरीय जनशक्ति आर्कषण गर्ने, जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापनका सिद्धान्त र बैंकिङ्ग व्यवसायको प्रभावकारी सञ्चालनका लागि निरन्तर रुपमा व्यवस्थापन पुनरावलोकन र समायोजन गरिरहनु पर्ने हुन्छ ।

कर्मचारी सेवा सुविधा समिति एक सञ्चालकस्तरको समिति हो, जसको प्रमुख उद्देश्य बैंकको जनशक्ति व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने तथा आवधिक रुपमा यस समितिले गरेका निर्णयहरुको तथा निर्णय बमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने गर्दछ । यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् :

**समिक्षा अवधिको सुरुवात मिति २०७५ / ०४ / ०१ देखि मिति २०७६ / ०२ / १७ सम्म**

| | |
|---|---|
| संचालक श्री राम चन्द्र संघई | संयोजक |
| संचालक श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| का.मु. प्रमुख कार्यकारी अधिकृत | सदस्य* |
| प्रमुख वित्त अधिकृत | सदस्य |
| Head Human Resource | सदस्य सचिव |

*मिति २०७५/०८/१६ मा सम्पन्न ३७९ औं बैठकको निर्णयानुसार मिति २०७५/८/१६मा प्रमुख कार्यकारी अधिकृत नियुक्त भएकोमा सोहि मिति पश्चात् बस्ने बैठकहरुमा प्रमुख कार्यकारी अधिकृतको Functional Title प्रयोग भएको

**मिति २०७६ / ०२ / १८ देखि समिक्षा अवधि मिति २०७६ / ०३ / ३१ सम्म**

| | |
|---|---|
| संचालक श्री राम चन्द्र संघई | संयोजक |
| संचालक श्री त्रिलोक चन्द अग्रवाल | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| Chief Experience Transformation Officer, श्री विशाल सिग्देल | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधिर नाथ पाण्डे | सदस्य सचिव |

**नोट** : व्यवस्थापनबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरुको Functional Title Change र Promotion भए सँगै सो लाई Update गर्ने गरिएको ।

यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

१. संस्थाको “पारिश्रमिक निर्धारण नीति” तर्जुमा गर्न सञ्चालक समितिलाई आवश्यक सहयोग गर्ने ।

२. समितिले समय समयमा सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने र बजारको पारिश्रमिक संरचनामा आएको परिवर्तनले संस्थामा पार्ने प्रभावका सम्बन्धमा नियमित रुपले अध्ययन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

३. संस्थाको “पारिश्रमिक निर्धारण नीति” बमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नु पर्ने देखिएमा सोको आधारहरु सहित सञ्चालक समितिमा सिफारिश गर्ने ।

४. संस्थाका कर्मचारीहरुले सम्पादन गर्नु पर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरु समेत विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने ।

५. जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्तिविकास, कार्य सम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्ध सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।

कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ :

- कर्मचारी सेवा सुविधा समितिद्वारा कर्मचारीहरुको तलब, भत्ता तथा सेवा सुविधा सम्बन्धी ई.सं. मे ३०, २०१९ मा सम्पन्न सञ्चालक समितिको ४०५ औं बैठकद्वारा स्वीकृत देहाय बमोजिमका Policy हरुको Review गरेको:
  1. Staff Compensation and Benefit Policy
  2. Facilitator Allowance Policy
  3. Overtime Work Management Policy
- समितिद्वारा कर्मचारीहरुको पदपूर्ति, कार्यसम्पादान मूल्यांकन, Retention, कर्मचारीहरुको तलब, भत्ता तथा सेवा सुविधा सम्बन्धी १० विभिन्न देहाय बमोजिमका Policy हरुको Review गरेको:
  1. Staff Retention Policy
  2. Facilitator Allowance Policy
  3. Performance Appraisal Policy
  4. Staff Succession Planning Policy
  5. Know your Employee Policy
  6. Overtime Work Management Policy
  7. Staff Compensation and Benefit Policy
  8. Contract Staff Management Policy
  9. Outsource Staff Management Policy
  10. Policy for Placement of Support Staff
- कर्मचारी सेवा सुविधा समितिद्वारा कर्मचारीहरुको Succession Plan को Review गरेको ।
- कर्मचारी सेवा सुविधा समितिद्वारा सञ्चालक समितिद्वारा स्वीकृत आर्थिक वर्ष २०७६/७७ को Strategic Financial Plan (SFP) सम्बन्धी Update को Review गरेको ।
- कर्मचारी सेवा सुविधा समितिद्वारा Head Count, नियुक्ति, आन्तरिक बढुवा, राजिनामा, सरुवाको सम्बन्धी विवरणहरुको मासिक रुपमा Review गरेको ।
- कर्मचारी सेवा सुविधा समितिद्वारा आन्तरिक, बाह्य, अन्तर्राष्ट्रिय र Ad-hoc Training को विस्तृत विवरण तथा Training Budget र सो मा भएको जम्मा खर्च समेतको विवरण आवधिक रुपमा Review गरेको ।
- बैंकका अधिकारीहरुको दायित्व र जिम्मेवारीहरुलाई बैंकको Size, सञ्जाल, Risk Appetite तथा रणनीतिक नीति बमोजिम अद्यावधिक गरिएको Country Level Organization Structure को Review गरेको ।
- आ.व. २०७५/७६ को विभिन्न त्रैमासमा सम्पन्न भएको कर्मचारी सेवा सुविधा समितिको बैठक संख्या, नेपाल राष्ट्र बैंकको इ .प्रा. निर्देशन नं. ६/०७५ को बुँदा ७ (४) मा व्यवस्था भए बमोजिम समितिको काम कर्तव्य र उत्तरदायित्व (Term या References) अनुसार आ.व. २०७५/७६ को विभिन्न त्रैमासमा कर्मचारी सेवा सुविधा समितिद्वारा भए/ गरेका मुख्य मुख्य काम कारवाहीहरुको विवरण त्रैमासिक रुपमा Review गरेको ।
- कर्मचारी सेवा सुविधा समितिद्वारा DNA & Talent Management Department को Business Process Reengineering Report को Review गरेको ।
- कर्मचारी सेवा सुविधा समितिद्वारा "Year of Capacity Management" अन्तर्गत भए/गरेका कार्य विवरणहरुको Review गरेको ।
- Price Waterhouse Coopers (PWC) द्वारा कर्मचारीहरुको Emotional तथा Motivational State बुझ्नका लागि देहाय बमोजिमका ७ प्रश्नहरु सहित सम्पनन Employee Survey 2018 को प्रतिवेदन कर्मचारी सेवा सुविधा समितिद्वारा रुपमा Review गरेका ।
- Integrated Organization Development and Human Resource Management Policy 2017 को अनुसूची ("Guideline on Recruitment through Internal Vacancy 2017" मा Internal Vacancy मार्फत हुने पदपूर्ति सम्बन्धी विद्यमान विभिन्न प्रावधान तथा व्यवस्थाहरु अनुरुप भए/ गरेका मुख्य मुख्य काम कारवाहीहरुको कर्मचारी सेवा सुविधा समितिद्वारा रुपमा Review गरेको ।
- Internal Examination Guideline for Appointment through Internal Vacancy 2018 मा लिखित परीक्षा मार्फत हुने आन्तरिक रुपमा हुने पदपूर्ति सम्बन्धी

विद्यमान विभिन्न प्रावधान तथा व्यवस्थाहरु अनुरुप भए/ गरेका मुख्य मुख्य काम कारवाहीहरु सम्बन्धी कर्मचारी सेवा सुविधा समितिद्वारा रुपमा Review गरेको ।

- Policy on Staff Rotation and Transfer मा कर्मचारी हरुको पेशागत क्षमताको विकास गरी निजहरुलाई बैंकका हरेक कारोबारहरु दक्षताका साथ सम्पन्न गर्न सक्ने बनाउन तथा बैंकको रणनीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि समयसापेक्ष रुपमा कर्मचारीहरुलाई एक कार्यात्मक पदबाट अर्को कार्यात्मक पदमा गराइने सरुवा सम्बन्धी विद्यमान विभिन्न प्रावधान तथा व्यवस्थाहरु अनुरुप भए गरेका मुख्य मुख्य काम कारवाहीहरु सम्बन्धी कर्मचारी सेवा सुविधा समितिद्वारा रुपमा Review गरेको ।
- Integrated Organization Development and Human Resource Management Policy 2019 को Chapter छ मा Learning and Development Program अन्तर्गत कर्मचारीहरुको पेशागत क्षमताको विकास गर्दै ती कर्मचारीहरुको उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य सहित निजहरुलाई बैंकको हरेक कारोबारहरु दक्षताका साथ सम्पन्न गर्न सक्ने बनाउन तथा बैंकको रणनीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि नियमित रुपमा विभिन्न तालिम तथा गोष्ठीहरुको आयोजना गर्ने सम्बन्धी विद्यमान विभिन्न प्रावधान तथा व्यवस्थाहरु अनुरुप भए/ गरेका मुख्य मुख्य काम कारवाहीहरु सम्बन्धी कर्मचारी सेवा सुविधा समितिद्वारा रुपमा Review गरेको ।
- सञ्चालक समितिको मिति २०७५/११/३० मा सम्पन्न ३९४ औं बैठकको निर्णयानुसार बैंकको Human Resource Consultant को रुपमा नियुक्त भएको M/S Deloitte Touche Tohmatsu Indiaले Human Resource सम्बन्धी विषयहरुको विस्तृत अध्ययन विश्लेषण गरि तयार गरिएको Draft प्रतिवेदन को Review गरेको ।

उक्त उपसमितिको बैठक आर्थिक वर्ष २०७५/७६ मा जम्मा १२ पटक बसेको र सञ्चालकहरुको उपस्थिती एवं वहाँहरुले प्राप्त गरेको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थित भएको बैठक संख्या | बैठक भत्ता रु |
|---|---|---|
| सञ्चालक श्री रामचन्द्र संघई | १२ | १,६८,००० |
| सञ्चालक, श्री त्रिलोक चन्द अग्रवाल, सदस्य | १२ | १,६८,००० |

### ४. लेखापरीक्षण समितिको विषयमा क्रमांक 'द उल्लेख गरेको ।

### ५. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति एक सञ्चालक स्तरको समिति हो, जसको प्रमुख उद्देश्य सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा बैंकले तर्जुमा गरेको नीति/ नियम/ मार्गदर्शनहरुको पुनरावलोकन गर्नु, सम्पत्ति शुद्धिकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी जोखिम पहिचान तथा नियन्त्रण गर्न बैंकले तैयार गरेको संयन्त्रको आवधिक पुनरावलोकन गर्नु रहेको छ । यस समितिले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी कानुन, नियमनकारी निकायले तोकेको मापदण्ड र बैंकको नीतिहरु कार्यान्वयन सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिन सक्ने छ तथा आवधिक रुपमा यस समितिले गरेका निर्णयहरुको तथा निर्णय वमोजिम भएका कार्यहरुको जानकारी सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने गर्दछ । यस समितिमा निम्न पदाधिकारीहरु रहेका छन् ।

**समीक्षा अवधिको सुरुवात मिति २०७५/०४/०१ देखि मिति २०७६/१०/०७ सम्म**

| | |
|---|---|
| संचालक श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| संचालक श्री गणेश मान श्रेष्ठ | सदस्य |
| प्रबन्धक अनुपालना विभाग | सदस्य सचिव |

**मिति २०७५/१०/०८ देखि समीक्षा अवधि मिति २०७६/०३/३१ सम्म**

| | |
|---|---|
| संचालक श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| संचालक श्री राम चन्द्र संघई | सदस्य |
| संचालक श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| प्रबन्धक अनुपालना विभाग | सदस्य सचिव |

**नोट** : व्यवस्थापनबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरुको Functional Title Change र Promotion भए सँगै सो लाई Update गर्ने गरिएको

यस समितिको निम्न बमोजिमका काम, कर्तव्य तथा

जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

१. समितिको बैठक कम्तिमा पनि ४५ दिनमा एक पटक बस्ने ।

२. समिति आफैँले गरेका कामकारवाहिको मुल्यांकन गरी त्रैमासिक रुपमा संचालक समिति समक्ष प्रगति प्रतिवेदन पेश गर्ने ।

३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा बैंकले तर्जुमा गरेको नीति नियम मार्गदर्शनहरुको पुनरावलोकन गर्ने ।

४. सम्पत्ति शुद्धिकरण, आतंकवादी क्रियाकलापमा लगानी तथा भष्ट्राचार सम्बन्धी जोखिम पहिचान तथा नियन्त्रण गर्न बैंकले तैयार गरेका संयन्त्रको आवधिक पुनरावलोकन गर्ने ।

५. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ऐन, नियमावली तथा नेपाल राष्ट्र बैंकले तोकेको निर्देशन बमोजिम भए गरेका कामकारवाहिको प्रतिवेदन त्रैमासिक रुपमा समीक्षा गरी संचालक समिति समक्ष पेश गर्ने ।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्य विवरणहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ :

- अन्तर्राष्ट्रिय मूल्य मान्यता अनुरुप बैंकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाहरुको पालना गर्न आवश्यक नीति नियम तथा मार्गदर्शनहरुको पुनरावलोकन गरिएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बैंकले गरेको कामकारवाहीको आवधिक रुपमा समीक्षा गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गरिएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी हुन सक्ने जोखिमको मुल्याङ्कन सम्बन्धी प्रतिवेदन समीक्षा गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गरिएको ।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ऐन, नियमावली र नियमनकारी निकायले तोकेको व्यवस्थाको कार्यान्वयन सम्बन्धी प्रतिवेदन समीक्षा गरिएको ।

उक्त उपसमितिको बैठक आर्थिक वर्ष २०७५/७६ मा जम्मा १५ पटक बसेको र सञ्चालकहरुको उपस्थिती एवं वहाँहरुले प्राप्त गरेको बैठक भत्ताको विवरण निम्नानुसार रहेको छ :

| सदस्यहरु | उपस्थितभएको बैठक संख्या | बैठक भत्ता रु |
|---|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | १५ | २,०८,००० |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | ८ | ९६,००० |
| सञ्चालक, श्री रामचन्द्र संघई | ६ | ९६,००० |
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | ७ | १,३६,००० |

## ६. Land Acquisition and Construction Sub Comittee

२०७५/११/१० मा सम्पन्न ३९२औं संचालक समितिको बैठकले जग्गा खरिद तथा खरिद गरेको जग्गामा आवश्यक बैंकिङ्ग संरचना बनाउन आवश्यक अध्ययन र कारबाहीको लागि बोर्ड स्तरको उपसमिति गठन गर्ने निर्णय गरेको हुँदा त्यसै अनुसार जग्गा अधिग्रहण समितिको गठन भएको हो । बैंकको जग्गा अधिग्रहण समितिमा निम्न सदस्यहरु रहेको छन् :

**मिति २०७५/११/१० देखि समिक्षा अवधि मिति २०७६/०३/३१ सम्म**

| | |
|---|---|
| सञ्चालक श्री त्रिलोक चन्द अग्रवाल | संयोजक |
| सञ्चालक श्री रामचन्द्र संघई | सदस्य |
| सञ्चालक श्री बिनोद कुमार प्याकुरेल | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, श्री रोशन कुमार न्यौपाने | सदस्य |
| Chief Experience Transformation Officer,श्री विशाल सिग्देल | सदस्य |
| Chief Human Resource & Chief Development Officer, श्री कपिल ढकाल | सदस्य |
| Head-General Administration and Project,श्री कैलाश गौतम | सदस्य |
| नायब प्रमुख कार्यकारी अधिकृत, श्री सुधीर नाथ पाण्डे | सदस्य सचिव |

**नोट** : व्यवस्थापनबाट प्रतिनिधित्व गर्ने पदाधिकारीहरुको Functional Title Change र Promotion भए सँगै सो लाई Update गर्ने गरिएको ।

यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :

(क) ने.रा. बैंकको एकीकृत निर्देशन ८/०७५ को बुँदा नं. ८ मा बैंकले स्वप्रयोजनका लागि जग्गा/भवन खरीद/निर्माण गर्न विभिन्न शर्तहरु तोकिएको र जग्गा, भवन वा दुवै

खरिद गरेको वा भवन निर्माण सम्पन्न भएको मितिबाट ३ वर्षसम्म आफ्नो प्रयोगमा नआएमा सो बराबरको रकम प्राथमिक पूँजीकोष गणना गर्दा घटाउनु पर्ने भन्ने व्यवस्था भएकोले तत्कालै खरिद गर्न मिल्ने घर/जग्गा खरीद गर्ने कार्य प्राथमिकतामा राख्ने ।

(ख) Bid Notice Publish गरी घरजग्गा खरीद सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउने ।

क. एन आई सी एशिया क्यापिटल लिमिटेड सम्पूर्ण रुपमा बैंकको स्वामित्वमा रहेको सहायक कम्पनी हो । २०७३ जेठ २ गते कम्पनी ऐन, २०६३ अन्र्तगत पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको छ साथै नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंक) नियमावली, २०६४ अन्तर्गत मर्चेन्ट बैंकिङ तथा ईन्भेष्टमेन्ट बैंकिङ कारोबार गर्न इजाजत प्राप्त छ।

ख. एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड पनि सम्पूर्ण रुपमा बैंकको स्वामित्वमा रहेको सहायक कम्पनी हो। २०७४ साउन १० गते कम्पनी ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको वित्तीय संस्थाको रुपमा इजाजत प्राप्त गरेको छ । यो जाजरकोटमा रेजिष्टर्ड छ । यसको प्रमुख उद्देश्य भनेको विपन्न क्षेत्र/समुदायमा बैंकिङ सेवा सुविधा पुऱ्याउनु रेहेको छ।

दुवै सहायक संस्थाको आर्थिक वर्षको कारोबार पनि मुख्य संस्था जस्तै २०७६ असार ३१ गते समाप्त भएको थियो ।

१.२. 'समूह' भन्नाले यस बैंक र सहायक कम्पनीहरुलाई जनाउँदछ।

## २. वित्तीय लेखाङ्कनका आधारहरु

बैंकका वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard -NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board (ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नम्बर ४ मा निर्दिष्ट भएर तयार गरिएका छन् ।

वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नगद प्रवाह विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आम्दानीको विवरण, इक्विटी परिवर्तनको विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् ।

### २.१. अनुपालन सम्बन्धी उद्घोषण

वित्तीय विवरण संचालक समितिको बैठकबाट अनुमोदित भइ नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) का आधारमा रही नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants Nepal – ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको नम्बर ४ मा निर्दिष्ट भएर तयार गरिएका छन् । यी नीतिहरु अन्यथा उल्लेख नभएसम्म हरेक वर्ष लगातार लागू गरिएका छन् ।

२.२. समीक्षा अवधि र वित्तीय विवरणको अनुमोदन बैंकले नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) का आधारमा रही आव २०७४/७५ को वित्तीय विवरण तयार पारेको थियो । बैंकले आव २०७५/७६ का लागि पनि सोही व्यवस्था अनुसार वित्तीय विवरण तयार पारेको छ। वित्तीय अनुमोदनका लागि प्रस्तुत हुंदा समावेश गरिएका वित्तीय विवरणका बुँदाहरु २८ अगस्ट २०१९ मा भएको सञ्चालक समितिको बैठकमा प्रस्तुत भई अनुमोदन भएको र त्यसलाई सञ्चालक समितिले स्वीकार गरी प्रतिवेदन तयार पारिएको हो। यो प्रतिवेदन आगामी वार्षिक साधारण सभामा प्रस्तुत भई सेयर

धनीहरुबाट पारित गर्न प्रस्तुत गरिने छ।

साधारण सभाले पारित नगरेसम्म सञ्चालक समितिले यो प्रतिवेदनमा फेरबदल गर्न सक्नेछन् । त्यस्ता फेरबदलहरु सेयर सदस्यले पारित गर्ने नगर्ने भनेर निर्णय गर्न सक्नेछन् ।

## २.३. कार्यात्मक तथा प्रस्तुतिकरण मुद्रा

वित्तीय प्रतिवेदन नेपाली रुपैयाँ (नेरु) मा तयार पारिएको छ। बैंकले कारोबार गर्ने मुद्रा पनि यही नै हो। सबै अंकलाई अन्यथा उल्लेख नभएको अवस्थामा रुपैयाँमा उल्लेख गरिएको छ।

## २.४. अनुमान, धारणा र स्वविवेकको प्रयोग

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा बैंकले निश्चित निर्णय,अनुमान र धारणाहरु बनाउन आवश्यक छ।

यी अनुमानहरु उपलब्ध जानकारी र बैंक व्यवस्थापनका स्वविवेकममा आधारित हुन्छन्। यसले पछि अन्य विकल्पहरु अझबढी कारगर हुनसक्थे भन्ने पनि निर्धारण हुन सक्छ। यसले आफ्नो परिस्थिति र सञ्चालन वातावरणको आधारमा लेखामान नीतिहरु, बैंकको मूनाफा, वित्तीय स्थितीको विवरण र वित्तीय विवरणको प्रतिवेदनमा प्रस्तुत गरिएका अन्य line item टिप्पणीहरुसँगै समावेश गरिएको छ । वास्तविक परिमाणहरु मुल्यांकन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्दछन् । NFRS अनुसार बैंकले वित्तीय विवरणमा उल्लेख भएका आफ्नो सम्पूर्ण सम्पत्ति तथा दायित्वका Fair Value अनुमान गर्न विभिन्न मुल्यांकन मोडेल र प्रविधिहरु प्रयोग तथा नाफा वा नोक्सानको अनुमान गर्नुपर्दछ। बैंकले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन पनि गर्दै लैजाने छ। लेखाको अनुमानमा गरिएको परिमार्जनलाई समयको अनुमानको परिमार्जनसँग तुलना गरिने छ। साथै, परिवर्तनको प्रभाव र प्रकृति पनि खुलाइएको छ। विवरणमा अनुमान गरिएको स्थानमा त्यसलाई उल्लेख गरिएको छ । त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिर्वतनलाई पनि उल्लेख गरिएको छ।

### २.४.१ निरन्तरता (Going Concern)

वित्तीय विवरण तयार पर्दाको निरन्तरतामा बैंकको सञ्चालक समितिको सन्तुष्ट छ र भविष्यमा पनि व्यापार बढ्दै जानेमा आशावादी रहेको छ। यो अनुमान गर्नका लागि बैंकको सञ्चालक समितिले धैरै विषयमा विमर्श गर्दा भविष्यको अवस्था, नाफा, तरलता र स्रोतका बारे छलफल गरिएको थियो।

## २.५ लेखा नीतिमा परिवर्तन

बैंकले पहिलोपटक गत वर्ष देखि NFRS लाई लागू गरेको हो। NFRS ले लेखाङ्कन आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखाङ्कन गर्दै, NFRSले आवश्यक नठानेको सम्पत्ति र दायित्वको अपलेखाङ्कन गर्दै र सम्पत्ति र दायित्वको लेखाङ्कनमा NFRS को मापन लागू गर्दै बैंकले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार पारेको छ। यो वर्षको लेखा नीतिमा कुनै परिवर्तन गरिएको छैन।

## २.६. रिपोर्टिङ उद्घोष

बैंकले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट २०७० भाद्र २८ गते जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard-NFRS) अङ्गीकार गरेको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्छ।

यद्यपि आईक्यानले २०७५ असोज ४ गते प्रकाशित गरेको सूचनाले NFRS अङ्गीकार गर्दा केही उल्लेखित विकल्पहरु (Carve out) पनि अपनाउन सकिने उल्लेख गरेको छ।

### २.६.१ NFRS 10 : एकीकृत वित्तीय विवरण

NFRS 10 को अनुच्छेद १९ बमोजिम मुख्य कम्पनीले आफ्नो सहायक कम्पनीको वित्तीय विवरण एकीकरण गर्दा समान लेखा नीतिहरु अवलम्बन गरी एकीकरण गर्नु पर्ने व्यवस्था भएता पनि सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ।

यो वैकल्पिक व्यवस्था (Carve out) आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ का लागि गरिएको हो र बैंकले पनि सोही अनुसार यसलाई अपनाएको छ ।

### २.६.२ NAS 17 : पट्टा (Lease)

अनुच्छेद ३३ को व्यवस्था बमोजिम, सञ्चालन पट्टा अन्तर्गतको पट्टा भुक्तानी पट्टा अवधिभर समदर प्रणालीको आधारमा लेखाङ्कन गर्नु पर्दछ तर देहाय बमोजिमको अवस्थामा अनुच्छेद ३३को अनुपालना गर्नुपर्ने छैन :

क) पट्टेदारको भुक्तानी उक्त आधारमा नभए पनि प्रयोगकर्ताको लाभ समय शैलीलाई अन्य प्रणालीवद्ध आधारले बढी प्रतिनिधित्व गर्छन् भने, वा

ख) पट्टेदारको अनुमानित मुद्रास्फीतिदरको अनुरुप बढेको लागत क्षतिपूर्ति गर्ने गरी पट्टेदारलाई गर्ने भुक्तानी अनुमानित मुद्रास्फीतिदरको अनुरुप संरचनाबद्ध छ। यदि पट्टेदारलाई दिने भुक्तानी सामान्य मुद्रास्फीतिदर भन्दा अन्य कारणले फरक परेमा यो शर्त पूरा भएको मानिने छैन। यो वैकल्पिक व्यवस्था (Carve out) स्वेच्छिक थियो र आर्थिक वर्ष २०१७/१८ को लागि मात्रै उपलब्ध थियो। सोहीअनुसार, बैंकले गत वर्ष यो वैकल्पिक व्यवस्थालाई रोजेको थियो। बैंकले गत आर्थिक वर्षको वार्षिक वित्तीय विवरण तयार गर्दा उपरोक्त वैकल्पिक व्यवस्थाको अवलम्बन गरेको थियो।

### २.६.३ NAS 34 : अन्तरिम वित्तीय विवरण

अनुच्छेद २ को व्यवस्था बमोजिम कुनै अवधिको अन्तरिम वित्तीय विवरणहरु प्रकाशित गर्दा सोही अवधिको पछिल्लो आ.व.को वित्तीय विवरणहरुलाई आवश्यकता अनुसार पुनर्लेखन तथा पुनरवर्गीकरण गर्नुपर्ने आवश्यकता रहेको र सो गर्न अव्यवहारिक भएको अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ।

यो वैकल्पिक व्यवस्था (Carve out) स्वेच्छिक छ र आर्थिक वर्ष २०१७-१८ र २०१८-१९ को लागि प्रदान गरिएको छ।

सोही अनुसार बैंकले वैकल्पिक व्यवस्था (Carve out) रोजेको छ।

### २.६.४ NAS ३९ : वित्तीय उपकरण: लेखाङ्कन र मापन

#### क) हानी(Impairment)

अनुच्छेद ५८ बमोजिम निकायले हरेक रेपोर्टिंग NAS को अन्त्यमा कुनै परिशोधित मुल्यमा मापन गरिएको वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी भएको छ भन्ने पुष्टी गर्ने वस्तुपरक प्रमाण छ कि छैन भन्ने निर्धारण गर्छ। यदि त्यस्ता कुनै प्रमाणहरू छन् भने, संस्थाले अनुच्छेद ६३ लागू गर्नु पर्छ तर त्यस्तो संस्था बैंक वा वित्तीय संस्था ऐन, २०७३ बमोजिम दर्ता गरिएको संस्था हो भने कर्जामा हुने हानी नोक्सानी रकम निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको कर्जा नोक्सानी व्यवस्था र अनुच्छेद ६३ बमोजिम निर्धारण गरिएको रकम मध्ये जुन बढी हुन्छ त्यसैलाई लेखांकन गर्नुपर्छ । कर्जाका अतिरिक्त अन्य वित्तीय सम्पत्तिको सम्बन्धमा भने हानी नोक्सानीको मापन अनुच्छेद ६३ अनुसार गर्नुपर्छ। निकायले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको कर्जा नोक्सानी व्यवस्था र अनुच्छेद ६३ बमोजिम हुने हानी नोक्सानी दुवै प्रकटीकरण गर्नु पर्छ। यो Carve out स्वेच्छिक छैन र आर्थिक वर्ष २०१७-१८ देखि २०१९-२० सम्म प्रदान गरिएको छ।

#### ख) प्रभावकारी व्याजदरसँग सम्बन्धित अघिल्ला वर्षहरुको कारोबार खर्च निर्धारणको लागि अव्यवहारिक भएमा

अनुच्छेद ९ को व्यवस्था बमोजिम, प्रभावकारी व्याजदर भनेको त्यो दर हो जुन वित्तीय उपकरणको अपेक्षित जीवन वा जहाँ उपयुक्त हुन्छ सो भन्दा छोटो अवधिमा हुने अनुमानित (भविष्यमा हुने ) नगद भुक्तानी वा प्राप्तिहरूलाई discount गर्दा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद वर्तमान मूल्यसंग बराबर हुन्छ। प्रभावकारी व्याजदर गणना गर्दा एक संस्थाले वित्तीय उपकरणका सबै अनुबन्धित शर्तहरु (उदाहरणका लागि पूर्वभुक्तानी, कल आदि) लाई ध्यानमा राखी नगद प्रवाहको अनुमान गर्नुपर्छ तर भविष्यको कर्जा क्षति लाई समायोजन गर्नु हुदैन । विश्वसनीय रुपले निर्धारण गर्न अव्यवहारिक भएमा वा नगण्य भएको अवस्थामा बाहेक गणनामा प्रभावकारी व्याजदरसंग सम्बन्धित सम्पूर्ण शुल्क, कारोबार लागत र प्रिमियम वा discount लाई समावेश गरिन्छ । नगद प्रवाह र समान वित्तीय उपकरणहरूको समूहको अपेक्षित जीवन भरपर्दो हिसाबले अनुमान गर्न सकिन्छ भन्ने धारणा रहेको छ । यद्यपि जब नगद प्रवाह वा वित्तीय उपकरणको (वा वित्तीय उपकरणहरूको समूह) अपेक्षित जीवन को भरपर्दो हिसाबले अनुमान गर्न सकिदैन, संस्थाले वित्तीय उपकरणको (वा वित्तीय उपकरणहरूको समूह) पूर्ण करार अवधिमा करार बमोजिमको नगद प्रवाह प्रयोग गर्नेछ । यो वैकल्पिक व्यवस्था (Carve out) स्वेच्छिक छ र आर्थिक वर्ष २०१७-१८ र २०१८-१९ को लागि प्रदान गरिएको छ । यसअनुसार बैंकले वैकल्पिक व्यवस्था (Carve out) रोजेको छ।

#### ग) परिशोधित लागतमा व्याज आय निर्धारण गर्न अव्यवहारिक भएमा

अनुच्छेद AG 93 को व्यवस्था बमोजिम कर्जा बापत प्राप्त हुने साँवा यदि हानी नोक्सानीको कारणले कम

भएको अवस्थामा त्यस्तो कर्जाबाट (हानी नोक्सानी घटाए पछिको रकममा) प्राप्त हुने व्याज आम्दानी, उक्त कर्जाबाट भविष्यमा प्राप्त हुने अनुमानित नगद प्रवाहलाई Discount गरी आजको मूल्यमा ल्याउन प्रयोग हुने, व्याजदरको आधारमा गर्नु पर्ने प्रावधान रहेकोमा सो गर्न अव्यवहारिक हुँदा बैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । उक्त बैकल्पिक व्यवस्था बमोजिम त्यस्ता कर्जाहरुबाट हुने व्याज आम्दानी कर्जामा हुने हानी नोक्सानी घटाउनु अगावैको कर्जा रकममा व्याज आम्दानी जनाउन सकिने छ। यो वैकल्पिक व्यवस्था (Carve out) स्वेच्छिक छ र आर्थिक वर्ष २०१७-१८ र २०१८-१९ को लागि प्रदान गरिएको छ। सोहीअनुसार बैंकले वैकल्पिक व्यवस्था (Carve out) रोजेको छ।

## २.७ जारी गरिएको तर कार्यान्वयन नभएको मानक

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS ३२ वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS ३९ वित्तीय उपकरण लेखांकन र मापन र NFRS ७ वित्तीय उपकरण- प्रकटीकरण लागू गरिएको छ । वित्तीय उपकरणहरूको वर्गीकरणको लागि NFRS ९ अनुपालन गरिएको छ।

NFRS को विभिन्न मितिमा उद्घोषपछि IASB बाट केही नयाँ मानक र वर्तमान मानकमा संशोधन र व्याख्या जारी भएको छ। एएसबी नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू हुनेछन्। यो सम्बन्धमा, ASB ले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) २०१८ को खुला मस्यौदा जारी गरेको छ। यसलाई ICANले घोषणा गर्न बाँकी छ।

NFRSs २०१८ ले बैंकलाई लागू हुने निम्न मानक लागू गर्दैछ :

-NFRS १५ ग्राहकसँगको अनुबन्धनबाट राजस्व : यो मानकले अहिलेको NAS १८ राजस्व र NAS ११ निर्माण सम्झौतालाई प्रतिस्थापन गर्छ।

-NFRS १६ पट्टा : यसले NAS १७ पट्टालाई प्रतिस्थापन गर्छ, साथै, IFRIC ४ कुनै अनुबन्धनमा पट्टा छ कि छैन निक्यौंल, SIC-१५ सञ्चालन पट्टा-प्रोत्साहन र SIC-२७ ठूला खालका पट्टामा संलग्न कारोबारको तत्व मूल्यांकन गरिरहेको छ।

## २.८ अंगीकार नगरिएका नयाँ मानक र व्याख्या

निम्नानुसारका संशोधनहरु बाध्यकारी होइनन् र समूहले अंगीकार गरेको छैन। बैंकले हालसम्म पनि यी संशोधनको विस्तृत प्रभाव मुल्यांकन गरिरहेको छ।

### २.८.१ IFRS ९ : वित्तीय उपकरण-क्षति

IFRS ९ 'वित्तीय उपकरणहरू' IASBले जुलाई २०१४ मा जारी गरेको थियो र अन्तर्राष्ट्रिय रुपमा १ जनवरी २०१८ देखि कार्यान्वयनमा छ । नेपालको लेखामानक बोर्डले मुख्य रुपमा हानी र केही अपवाद सहित NFRS ९ वित्तीय उपकरण अनुमोदन गरेको छ। हाल, NAS ३९ मा उल्लेख भएको उत्पत्ति भएको नोक्सान मोडललाई प्रयोग गरिएको छ। IFRS ९ को आवश्यकता अनुमानित कर्जा नोक्सान मोडल हो।

सामान्य शैली अन्तर्गत, IFRS ९ ले अनुमानित कर्जा क्षति मापन र व्याज आम्दानी लेखाङ्कनको लागि तीन चरण शैली पहिचान गरेको छ।

चरण १ : १२ महिने ECL (Expected Credit Loss) कुनै खास कर्जा जोखिम बढेको छैन। वित्तीय उपकरणहरू जसमा कर्जा जोखिममा उल्लेखनीय वृद्धि हुन सकेको छैन किनभने प्रारम्भिक पहिचान र लेखांकनमा अर्को १२ महिना भित्रमा हुने (Probability of default) घटनाहरूको सम्बन्धी ECLको लागि व्यवस्था छ । १२ महिनाभन्दा कमको परिपक्वताको अवधि भएको वित्तीय सम्पत्तिहरूको लागि, यस्तो (Probability of default) प्रयोग गरिन्छ जुन शेष परिपक्वतासँग मेल खान्छ। ECLको लागि समायोजन गर्नु अघि व्याज वित्तीय सम्पत्तिको कुल किताबी मूल्यमा गणना गरिनेछ।

चरण २ : आजीवन (ECL)

प्रारम्भिक पहिचान र लेखांकन भएपछि कर्जा जोखिममा उल्लेखनीय बृद्धि भएमा कर्जा जोखिममा उल्लेखनीय वृद्धि भएको छ, आजीवन ईसीएलको लागि आर्थिक उपकरण (आजीवन ECL) को जीवनमा हुने नोक्सान प्रतिनिधित्व गर्ने व्यवस्था आवश्यक छ।
व्याज आम्दानीलाई निरन्तर रुपले कूल आधारमा लेखाङ्कन गरिनेछ।

चरण ३ : आजीवन ECL

खराब वित्तीय उपकरणहरु चरण ३ मा प्रवेश गर्छन जब कर्जा क्षति हुन्छ र क्षतिग्रस्त कर्जा सम्पत्ति खरिदलाई आजीवन व्यवस्थाको आवश्यकता पर्छ। व्याज आम्दानीलाई वित्तीय सम्पत्तिमा ECL घटाएको कूल रकमलाई गणना गरिनेछ।

### २.८.२ IFRS-१५ : ग्राहकसँगको अनुबन्धनबाट राजस्व

IASB ले राजस्व पहिचान र लेखांकनका लागि नयाँ मानक जारी गऱ्यो जसले विद्यमान राजस्व पहिचान र लेखांकन मापदण्डहरूलाई प्रतिस्थापन गर्छ। मानक अनुसार राजस्व पहिचान र लेखांकनका लागि निम्न पाँच चरण मोडेल प्रारुप अनुसरण गर्न आवश्यक छ :

- ग्राहकसँग अनुबन्धनको लेखांकन
- अनुबन्धनमा भएको दायित्व पालनाको लेखांकन
- कारोबार मूल्यको निर्धारण
- अनुबन्धनमा भएको दायित्व पालनाको लागि कारोबार मूल्यको विनियोजन (चरण २ मा भनिएजस्तो)
- दायित्व पालनापछि राजस्वको लेखांकन

नयाँ मानक १ जनबरी २०१८ बाट कार्यान्वयन भएको छ। व्यवस्थापनले IFRS 15 बाट वित्तीय विवरणमा हुने सम्भावित प्रभावको मूल्यांकन गरिरहेको छ।

IFRS 15 को ग्राहकबाट अनुबन्धन राजस्व लेखामान मानक बोर्ड नेपालले अंगीकार गरेको छैन।

### २.८.३ IFRS १६ 'पट्टा'

IFRS १६ 'पट्टा ' १ जनवरी २०१९ वा त्यसबाट सुरु हुने वार्षिक अवधिबाट कार्यान्वयनमा आउनेछ।। IFRS १६ पट्टा को लागि नयाँ लेखामान मानक हो जसले IAS १७ 'पट्टा ' र IFRIC 4 'कुनै व्यवस्थाले पट्टा समावेश गरेको छ कि छैन निर्क्यौल गर्ने' व्यवस्थालाई विस्थापित गर्छ। नयाँ मानकले पट्टा लेखांकनका लागि सञ्चालन वा वित्तीय पट्टाको भिन्नतालाई हटाउँछ र सबै पट्टालाई वित्तीय पट्टाको रुपमा अर्थ्याउँछ।

१२ महिना भन्दा कम वा मोबाइल वा ल्यापटप जस्ता अत्यन्तै कम न्यून मूल्यका पट्टा बाहेक सबै पट्टालाई वित्तीय अवस्थाको विवरणमा लेखांकन गरिनेछ।

दायित्व भुक्तान गर्नेले अन्तरनिहित पट्टा सम्पत्तिको प्रतिनिधित्व गर्दै प्रयोग अधिकार लेखांकन र पट्टा भुक्तानी गर्ने दायित्व प्रतिनिधित्व गर्दै पट्टा दायित्व लेखांकन गर्न आवश्यक छ। यस परिवर्तनको मुख्य कारण यो हो कि यस दृष्टिकोणले अन्य कम्पनीहरूको सम्बन्धमा एक पट्टेदारको सम्पत्ति र दायित्वहरूको अधिक तुलनात्मक प्रतिनिधित्वको परिणाम दिनेछ र सँगै बृद्धि गरिएको प्रकटीकरण को साथ पट्टेदारको वित्तीय लिभरेज र पूँजीमा पारदर्शिता प्रदान गर्दछ। मानकले पट्टेदारलाई कि त पूर्ण परावर्तित वा संशोधित परावर्तित संक्रमण विधि छनौट गर्न अनुमति दिन्छ।

### २.९ डिस्काउन्टिङ (Discounting)

सम्पत्ति र दायित्व गैर चालू भएको र discountingको प्रभाव महत्वपूर्ण भएको अवस्थामा discounting प्रयोग गरिन्छ।

### २.१० NFRS कार्यान्वयनको सीमितता

जहाँ जानकारी पर्याप्तरुपमा उपलब्ध छैनन्, वा अंगीकार गर्नको लागि अव्यवहारिक छन्, NFRS कार्यान्वयनका त्यस्ता अपवादहरुलाई उल्लेख गर्दै सम्बन्धित खण्डमा राखिएको छ।

## ३. आधारभूत लेखामान नीति

### ३.१ मापनको आधार

वित्तीय विवरणमा भएका निम्न वस्तुगत महत्वपूर्ण वस्तु बाहेक ऐतिहासिक मूल्यमा तयार पारिएको छ :

वित्तीय सम्पत्ति र दायित्वलाई यिनको सुरुवाति लेखांकन अनुरुप fair value मा मापन गरिएको छ। FVTOCI र FVTPL वित्तीय उपकरणको त्यसपछिको लेखांकन fair valueमा मापन गरिएको छ। लगानी सम्पत्ति fair value मा मापन गरिएको छ।

परिभाषित लाभ योजनाको दायित्व लेखांकन गर्दा परिभाषित लाभ योजनाको वर्तमान मूल्यमा योजना सम्पत्ति, लेखांकन नगरिएको सेवा लागत र लेखांकन नगरिएको बीमान्किक नोक्सानलाई घटाएर देखाउने नीति छ। लेखांकन नगरिएको बीमान्किक लाभ भएमा परिभाषित लाभ योजनाको वर्तमान मूल्यमा जोड्ने नीति छ।

### ३.२ एकीकरणको आधार

क) व्यापार एकीकरण

व्यापार एकीकरण अधिग्रहण मितिमा अधिग्रहण विधि प्रयोग गरी लेखांकन गरिन्छ जस्तैः बैंकमा कहिले नियन्त्रण स्थानान्तरण भयो। कुनै संस्थाको आफ्नो गतिविधिबाट

कसरी लाभ लिने भनेर वित्तीय र सञ्चालन नीति सञ्चालन गर्नु नै नियन्त्रण हो ।

नियन्त्रण भनेको कुनै संस्थाको गतिविधिबाट फाइदा लिन संस्थाको वित्तीय र सञ्चालन नीतिहरू तर्जुमा गर्ने र सो अनुसार संस्था संचालन गर्ने शक्ति हो। नियन्त्रणको निर्धारण गर्दा, समूहले सम्भावित मतदान अधिकारहरूलाई विचार गर्दछ जुन वर्तमानमा प्रयोगयोग्य छन् ।

**अधिग्रहणको मितिमा साखलाई बैंकले देहाय बमोजिमको रकमलाई समायोजन गरी मापन गर्छ :**

- स्थानान्तरण गरिएको प्रतिफलको fair value अधिग्रहणमा गैरनियन्त्रित स्वार्थ को लेखांकन गरिएको परिमाण, साथै व्यवसाय एकीकरण चरणमै हासिल भएमा, व्यापार संयोजनमा पूर्ववत् इक्विटी स्वार्थ को fair value, अधिग्रहण गरिएको लेखांकन गर्न सकिने सम्पत्ति र लेखांकन गर्न सकिने दायित्वको खुद लेखांकन रकम (सामान्यतयाः fair value)
- जब अतिरिक्त रकम ऋणात्मक हुन्छ, नाफा वा नोक्सानमा तत्काल खरिद लाभ (Bargain Purchase Gain) लेखांकन गरिन्छ ।
- प्रतिफलणीय स्थानान्तरणमा पूर्ववत् सम्बन्धको चुक्ता रकम समावेश हुन्न । यस्तो रकम सामान्यतया नाफा वा नोक्सानमा लेखांकन गरिन्छ ।
- कर्जा वा इक्विटी सुरक्षणपत्र जारी गर्दा सम्बन्धित बाहेक, कारोबार खर्च जुन बैंकले व्यापार एकीकरण गर्दा ब्यहोर्छ त्यसलाई नाफा वा नोक्सान खातामा खर्च देखाउने नीति छ ।

कुनै पनि तिर्नुपर्ने सम्भावित प्रतिफल अधिग्रहण मितिमा fair value मा मापन गरिन्छ। यदि तिर्नुपर्ने सम्भावित प्रतिफल इक्विटीको रूपमा वर्गीकृत गरिएको छ भने यो पुर्नमापन हुँदैन, र चुक्ता रकम इक्विटीमा समायोजन गरिन्छ। अन्यथा, मापन अवधिको समायोजन बाहेक सम्भावित प्रतिफलको fair value मा पछिल्लो परिवर्तनहरूलाई नाफा वा नोक्सानमा पहिचान र लेखांकन गरिन्छ।

आर्थिक वर्ष २०७५/७६ मा कुनै व्यापार एकीकरण गरिएको छैन।

## ख) गैर नियन्त्रित स्वार्थ (एनसीआई) (Non Controlling Interest)

हरेक व्यापार एकीकरणमा बैंकले गाँभिने संस्थामा हुने गैर नियन्त्रित स्वार्थ मापन देहाय बमोजिम गर्न सन्छ :

fair value मा, वा गाभिने संस्थाको खुद सम्पत्तिको बैंकको बाहेकको स्वामित्वको अनुपातमा नियन्त्रणमा हानी नहुने किसिमले सहायक संस्थामा बैंकको स्वार्थ परिवर्तन भएमा त्यस्ता कारोबारलाई बैंकले स्वामित्व धनीको हैसियतमा गरेको कारोबार मानी बैंक तथा सहायक संस्थाले लेखांकन गर्छन । गैर-नियन्त्रण नाफाहरूमा समायोजन सहायक संस्थाको खुद सम्पत्तिको अनुपातमा आधारित हुन्छ। साखको लागि कुनै समायोजन गरिदैन र कुनै नाफा वा नोक्सान लेखांकन गरिदैन ।

दुवै सहायक कम्पनीहरुको पूर्ण स्वामित्व भएकाले कुनै पनि गैर नियन्त्रित स्वार्थ छैन ।

## ग) सहायक कम्पनीहरु

सहायक कम्पनीहरु बैंकले नियन्त्रण गरेका कम्पनीहरु हुन् । कुनै संस्थासँगको संलग्नताको कारण परिवर्तनशील प्रतिफलको अधिकार भएमा र त्यस्तो संस्थाको नाफामा असर पार्ने शक्ति भएमा बैंकले सो संस्थालाई नियन्त्रण गर्छ। सहायक कम्पनीहरुको वित्तीय विवरणहरु एकीकृत वित्तीय विवरणमा समेटिएको छ।

बैंकले आफ्नो नियन्त्रणमा एक वा एकभन्दा बढी तत्वहरु परिवर्तन भएका छन् कि भनेर पुर्नमूल्यांकन गर्छ। एकीकृत वित्तीय विवरण तयार पार्दा सम्पत्ति, दायित्व, आम्दानी, खर्च र नगद प्रवाह मातृ कम्पनीसँग उस्तै गरी जोडिन्छ । सहायक कम्पनीमा मातृ कम्पनीको लगानी र मातृ कम्पनीको इक्विटीको अंश पूर्ण रुपमा हटाइन्छ। एकीकृत वित्तीय विवरण बनाउने बेलामा अन्तर समूह कारोबारसँग सम्बन्धित सम्पत्ति तथा दायित्व, आम्दानी, खर्च र नगद प्रवाहलाई पूर्णरुपमा हटाइन्छ।

## घ) नियन्त्रणको क्षति

नियन्त्रण क्षति भएमा, बैंकले सहायक कम्पनीको सम्पत्ति तथा दायित्व अपलेखाङ्कन गर्छ, गैर नियन्त्रित स्वार्थको रकम तथा सहायक कम्पनीसँग सम्बन्धित इक्विटीमा सञ्चित रुपान्तरण नोक्सानलाई पनि अपलेखांकन गर्छ । साथै, पहिल्यै अन्य विस्तृत आम्दानीमा लेखांकन गरिएको मातृ कम्पनीको तत्वहरुलाई नाफा वा सञ्चित नाफामा

उपयुक्त ढंगबाट पुर्नवर्गीकरण गरिन्छ । नियन्त्रण क्षतिबाट हुने अधिशेष वा नोक्सानलाई नाफा वा नोक्सानमा लेखांकन गरिन्छ । पूर्व सहायक कम्पनीमा बैंकको कुनै स्वार्थ रहँदा त्यस्ता स्वार्थहरु fair value मा मापन गरिन्छ । यसपछि, यसलाई इक्विटीमा लेखाङ्कन गरिएको लगानी वा बैंकको वित्तीय उपकरणको नीतिअनुसार लेखाङ्कन गरिन्छ ।

### ङ) विशेष उद्देश्य संस्था (Special Purpose Entitiy)

कुनै संकुचित वा उपयुक्त ढंगबाट परिभाषित उद्देश्य प्राप्तीको लागि स्थापना गरिएको संस्था नै विशेष उद्देश्य संस्था हो । यसलाई बैंकसँगको सम्बन्धको महत्व साथै यसको जोखिम र परिणामको आधारमा एकीकरण गरिन्छ र बैंकले यस्तो संस्था नियन्त्रणको निश्कर्ष निकाल्छ ।

देहाय बमोजिमको परिस्थितिले बैंकको बिशेष उद्देश्य संस्थामा नियन्त्रण रहेको कुरा संकेत गर्दछ र बैंकले फलस्वरूप सो संस्था एकीकरण गर्दछ ः

- यस्तो संस्थाको क्रियाकलापहरु बैंकको लागि र यसको विशेष व्यवसाय आवश्यकता अनुसार सञ्चालित गरिन्छ जसका कारण त्यस्तो संस्थाको सञ्चालनको कारण बैंकलाई फाइदा हुन्छ ।
- त्यस्तो संस्थाको क्रियाकलापबाट अधिकांश फाइदा हुने गरी बैंकसँग निर्णय अधिकार भएमा वा स्वनियन्त्रण प्रणाली स्थापना गरी बैंकसँग निर्णय अधिकार हुन्छ ।
- त्यस्तो संस्थाबाट हुने अधिकांश फाइदा प्राप्त गर्ने अधिकार बैंकसँग भएमा र त्यस्तो संस्थाको क्रियाकलापबाट बैंकलाई पनि जोखिम हुन सक्छ ।
- बैंकले त्यस्तो संस्थाको क्रियाकलापबाट हुने अधिकांश लाभ प्राप्त गर्नको लागि अधिकांश जोखिमको जिम्मेवारी वा स्वामित्व लिन्छ ।

### च) एकीकरण कारोबारमा रद्दीकरण

सबै अन्तर समूह मौज्दात र कारोबार, अन्तर समूह कारोबार बाट प्राप्त हुने साकार नभएको आम्दानी वा खर्च (विदेशी मुद्रा सटहीबाट प्राप्त हुने आम्दानी र नोक्सानबाहेक) लाई एकीकृत वित्तीय विवरण तयार गर्दा रद्द गरिन्छ । यदि कुनै क्षति हुने प्रमाण छैन भने साकार नभएको नोक्सानलाई पनि साकार नभएको आम्दानीजस्तै गरी रद्द गरिन्छ ।

### ३.३ नगद वा नगद समान

नगद वा नगद समान भन्नाले आफूसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, माग तथा अल्पसूचनामा प्राप्त हुने रकम र गाँभिने मिति भन्दा तीन वा तीन महिना भन्दा कम परिपक्वता अवधि भएको अति तरल वित्तीय सम्पत्ति बुझिन्छ । बैंकले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने र fair value परिवर्तन हुन नगण्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो ।

वित्तीय अवस्थाको विवरणमा नगद र नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ ।

### ३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

### क) पहिचान र लेखाङ्कन

बैंकले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष हुन्छ । बैंकले सुरुमा कर्जा र सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरु र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखांकन गर्दछ जुन त्यो मिति हो जुनबेला बैंक उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ । इक्विटी उपकरणमा लगानी, धितोपत्र, ऋणपत्र, सरकारी सुरक्षणपत्र, राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्स रिपो, प्रष्ट खरिदलाई व्यापारको मितिमा, जुनबेला बैंकले वित्तीय सम्पत्तिको खरिद वा अधिग्रहणको प्रतिबद्धता गर्छ, लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ ।

### ख) वर्गीकरण

### अ) वित्तीय सम्पत्ति

बैंकले, वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि बैंकको व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत वा fair valueमा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ ।

वित्तीय सम्पत्तिको दुई वर्गहरु यसप्रकार छन् ः

### अअ) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति

बैंकले देहायका दुवै शर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ ः

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडलअन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद

प्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा ब्याज रकमको मात्र भुक्तानी हो ।

### आआ) fair value मा मापन गरिएको वित्तीय सम्पत्ति

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति fair value मा मापन गरिन्छ । fair value मा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ :

- **नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति**

  वित्तीय सम्पत्ति नाफा वा हानिको माध्यमबाट fair value को रूपमा वर्गीकृत गरिन्छ यदि तिनीहरू व्यापारको लागि राखिएको छ वा नाफा वा नोक्सानको माध्यमबाट fair value मा निर्दिष्ट गरिएको छ । प्रारम्भिक पहिचान र लेखांकनमा, कारोबार लागत अधिग्रहण लागत हो भने नाफा वा नोक्सानको माध्यमबाट गरिन्छ । त्यस्ता, सम्पत्तिपछि fair value मा नापिन्छन् र fair value मा परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखांकन गरिन्छ ।

- **अन्य विस्तृत आम्दानी मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति**

  व्यापारको लागि नराखिएको र प्रारम्भिक रुपमा लेखाङ्कन नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी, बैंकले उपकरणको fair value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी अपरिवर्तनीय छनौट गर्छ भने अन्य विस्तृत आम्दानी मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति को रूपमा वर्गीकृत गरिनुपर्छ । त्यस्ता सम्पत्तिपछि fair value मा मापन हुन्छन् र fair value मा परिवर्तनहरू अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

### आ) वित्तीय दायित्व

वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई बैंकले यसरी वर्गीकरण गरेको छ :

- **नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय दायित्वहरु**

  यदि व्यापारको लागि राखिएको हो भने वा नाफा वा नोक्सानको माध्यमबाट fair valueमा निर्दिष्ट गरिएको छ भने वित्तीय दायित्व मुनाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय दायित्वहरुको रूपमा वर्गीकृत गरिएको छ । प्रारम्भिक पहिचान र लेखांकनमा, कारोबार लागतहरू अधिग्रहणसंग प्रत्यक्ष रुपले सम्बन्धित भए नाफा वा नोक्सान खाता मा लेखांकन गरिन्छ। तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण fair value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानी मा लेखांकन गरिएको छ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु**

  नाफा वा नोक्सानको माध्यमबाट fair value मा मापन गरिएको वित्तीय दायित्वहरुलाई बाहेक अन्य वित्तीय दायित्वलाई परिशोधित लागतमा प्रभावकारी व्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ।

### ग) मापन

### अ) प्रारम्भिक मापन

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको fair value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिन्छ। नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

### आ) पछिको मापन

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा fair value मा वा परिशोधित लागतमा मापन गरिन्छ। परिशोधित लागतमा मापन गरिएको वर्गीकृत सम्पत्ति वा दायित्व पछि प्रभावकारी व्याज दर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ।

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत भनेको त्यो रकम हो जसमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पुनर्भुक्तानीलाई घटाई, प्रभावकारी व्याज विधिद्वारा मापन गरिएको संचित परिशोधन(प्रारम्भिक रकम र परिसोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा असंकलनको कारण हुने कमीलाई घटाई परिणामस्वरुप आएको रकमलाई बुझिन्छ । Fair value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि fair value मा मापन गरिन्छ । वित्तीय सम्पत्तिको fair value मा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने fair value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आयमार्फत fair value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखांकन गरिन्छ।

### ३.४.१ अपलेखाङ्कन

#### वित्तीय सम्पत्तिको अपलेखाङ्कन

जब बैंकको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब बैंकले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ वा जसमा बैंकले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन, त्यसबेला बैंकले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गर्छ ।

हस्तान्तरण गरिएको वित्तीय सम्पत्तिमा कुनै पनि स्वार्थ, जुन बैंकद्वारा बनाइएको वा कायम राखिएको छ भने यसलाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको अपलेखांकनमा, सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी minus नयाँ दायित्व ग्रहण गरियो) को भिन्नता नाफा वा नोक्सानमा लेखांकन गरिन्छ ।

#### वित्तीय दायित्व अपलेखाङ्कन

दायित्व भरपाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भयो भने वित्तीय दायित्व अपलेखाङ्कन गरिन्छ । जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ ।

### ३.४.२ Fair value को निर्धारण

Fair value भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकम हो । दायित्वको Fair valueले यसको कार्यान्वयन जोखिम प्रतिबिम्बित गर्दछ ।

NAS १७ अन्तर्गत पट्टाहरूको सन्दर्भमा, Fair value भनेको जानकार, इच्छुक पक्षबीच मापन मितिमा arms length transaction मा सम्पत्ति विनिमय गर्न वा दायित्व चुक्ता गर्न सकिने मूल्य हो ।

निम्न तह अनुसार Fair value निर्धारण गरिन्छ :

**तह १ :** fair value मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

**तह २ :** मुल्यांकन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्यांकनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू भेटिन्छन् ।

**तह ३ :** पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तिमा एक आगत, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको आंकडामा आधारित हुदैनन् ।

जब उपलब्ध हुन्छ, बैंकले वित्तीय उपकरणको fair value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र arm 's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, बैंकले मूल्यांकन विधि प्रयोग गरी fair value स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक पार्टीहरू (यदि उपलब्ध छ) बीचको arm 's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखांकन गर्दा वित्तीय उपकरणको fair value को उत्तम प्रमाण भनेको कारोबार मूल्य हो (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको fair value) । यद्यपि प्रारम्भिक पहिचान र लेखांकनमा वित्तीय उपकरणको fair value यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्तो fair value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्यांकन विधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजारबाट आंकडा समावेश गरिएको छ भने, तब भिन्नता शुरुवाती पहिचान र लेखांकनमा नाफा वा नोक्सानमा पहिचान र लेखांकन गरिन्छ । अन्य परिस्थितिमा, भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखांकन हुँदैन तर उपयुक्त आधारमा वा उपकरणको जीवन भरिमा लेखांकन हुन्छ वा जब उपकरण साटिन्छ, बेचिन्छ वा हस्तान्तरण हुन्छ ।

सबै सूचीकृत नभएका इक्विटी लगानी लागतमा लेखांकन गरिएको छ, वासलातको मितिसम्म संस्थापक सेयरको गैर व्यापारलाई ध्यानमा राखी, यस्तो सेयरको बजार मूल्य निश्चित


बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

गर्न सकिदैन। तसर्थ, यी लगानीहरु लागतमा क्षति प्रभार घटाई पहिचान र लेखांकन गरिन्छ।

### ३.४.३ हानी (Impairment)

प्रत्येक रिपोर्टिङ मितिमा बैंकले सम्पत्तिमा हानी भएको वा नभएको कुनै संकेत छ कि छैन भनी मूल्यांकन गर्छ। यदि कुनै संकेत छ भने, पुर्नप्राप्ति योग्य रकम निर्धारण गरिन्छ। वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी नोक्सानी लेखांकन गरिन्छ, यदि सम्पत्तिको प्रारम्भिक लेखांकनपछि हुने एक वा बढी घटनाहरूको परिणामको रूपमा हानीको वस्तुगत प्रमाण छ (नोक्सान घटना), र त्यो नोक्सान घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूहको अनुमानित भविष्य नगदी प्रवाहमा कुनै प्रभाव छ कि छैन भनी विश्वसनीय अनुमान गर्न सकिन्छ।

हानीको वस्तुगत मूल्यांकनको लागि बैंकले निम्नानुसारको बुँदालाई ध्यान दिन्छ :

- ऋणीले व्याज वा साँवाको भुक्तानी नतिरेको भए
- जब ऋणीले टाट पल्टिएको घोषणा गर्ने प्रक्रिया अघि बढाउँछ तब उसको दायित्व भरपाईमा ढिलाई वा मुक्त हुन्छ।
- जहाँ बैंकले ऋणीको कर्जा दायित्वको सन्दर्भमा पुनर्प्राप्तीको कानुनी सहारा सुरु गर्छ।
- जहाँ बैंकले ऋणको भौतिक माफी वा तोकिएको भुक्तानीहरूको स्थगनको कारण प्रदर्शन गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ।
- तथ्यांकले वित्तीय सम्पत्ति समूहको भविष्यको अनुमानित नगद प्रवाहमा मापनयोग्य कमी छ भन्ने सूचित गरे पनि यद्यपी अझै पृथक वित्तीय सम्पत्तिको कमी लेखांकन गर्न सक्दैन।

बैंकले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिकस्तर दुबैमा तहमा विचार गर्दछ। सबै पृथक रूप्रमा महत्वपूर्ण सापटीहरु र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरु विशेष हानीको लागि मूल्यांकन गरिन्छ। विशेष हानी लेखांकन नभएका कर्जा सापटीहरुको हकमा सामुहिक रुपमा हानी नोक्सानी मुल्यांकन गरिन्छ।

परिशोधित लागतमा मापन गरिएका एकल रुपमा महत्वपूर्ण नभएका कर्जा सापटी तथा परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरुलाई परिसोधित लागतमा मापन गरिएका उस्तै खाले जोखिम चरित्र भएका कर्जा सापटी र परिसोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरु सँगै राखेर सामूहिक रुपमा मूल्यांकन गरिन्छ। अन्य वित्तीय सम्पत्तिको क्षति परीक्षण आन्तरिक र बाहय सूचकांक निरीक्षण गरी वार्षिक रुपमा गरिन्छ।

सामूहिक क्षतिको आंकलन गर्दा बैंकले ऋण नतिर्ने सम्भावना (Probability of Default), पुर्नस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्तिहरूको तथ्यांकीय मोडल प्रयोग गर्दछ। नोक्सान दरहरू र भविष्यको पुर्नप्राप्तीको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरूद्ध बेन्चमार्क हुन्छन्।

**क) परिशोधित लगातमा मापन गरिएको सम्पत्तिमा हानी नोक्सान**

परिशोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिहरू जस्तै बैंकबाट बाँकी रकम, ग्राहकलाइ दिइएको कर्जा सापटी र भुक्तानी अवधिसम्म धारण गरिएको लगानीको प्रारम्भिक लेखांकनपछि एक वा एक भन्दा बढी घटनाको कारण क्षति भएको हो भन्ने ठोस प्रमाण भए हानी नोक्सान लेखांकन गरिन्छ। हानीको रकम सम्पत्तिको किताबी रकम र ऋणबाट पुनर्प्राप्ती गर्न सकिने रकमको भिन्नताबाट निकालिन्छ।

ठूलो रकम कर्जा सापटीको रुपमा दिइएको ग्राहक (ठूला ५० ऋणी र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार खराब भनी लेखांकन गरिएका ऋणी) एकल हानी परीक्षणको क्रममा मूल्यांकन गरिन्छन्। ऋणीसँग बैंकको पुराना अनुभव र धितोबाट प्राप्त गर्न सकिने मूल्यको आधारमा ऋणको पुर्नप्राप्ती मूल्य अनुमान गरिन्छ। जसलाई एकल रुपमा मूल्यांकन गरिएको छ र जसको हानी छैन तिनलाई उस्तै प्रकृतिको कर्जा जोखिम विशेषता भएका वित्तीय सम्पत्तिको समुहमा राखिन्छ र हानीको लागि सामूहिक रुपमा मूल्यांकन गरिन्छ। व्यवस्थापनको पुराना अनुभवको आधारमा हरेक समूहमा वर्गीकरण गरिएको कर्जा सापटीको कर्जा जोखिमको तथ्यांक निर्धारण गरिन्छ। हानीको सामूहिक मूल्यांकन गर्ने उद्देश्यले बैंकले सम्पत्तिलाई ६ बृहत् Products को रुपमा बाँडेको छ :

१) आवधिक (टर्म) लोन

२) सवारी कर्जा

३) घर कर्जा

४) व्यक्तिगत कर्जा

५) चालू पूँजी कर्जा

६) अन्य

**नेपाल राष्ट्र बैंकको कर्जा नोक्सानी व्यवस्था**

बैंकको निर्देशनमा उल्लेख गरिएको न्यूनतम कर्जा नोक्सान व्यवस्थाको अधीनमा रही बैंकको कर्जा नोक्सान व्यवस्था कर्जा क्षतिको सघनताको आधारमा व्यवस्थापनले गरेको मूल्यांकनमा आधारित छ । राष्ट्र बैंकको निर्देशन अनुसार खरिद गरिएको कर्जा र सापटी, ओभरड्राफ्ट र विलको वर्गीकरणको आधारमा १ प्रतिशतदेखि १०० प्रतिशतसम्म खरिद गरिएको विललगायत कर्जा र सापटीमा सम्भावित नोक्सानीको व्यवस्था गरिएको हुन्छ ।

**अंगीकार गरिएको नीति**

आईसीएएन (ICAAN) ले जारी गरेको Carve out सूचना अनुसार बैंकले कर्जा र सापटीहरुमा हानी मापन गरेको हुन्छ र हानी व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र अवधि को ३९ को अनुच्छेद ६३ मा निर्धारिण गरिए बमोजिम जुन बढी हुन्छ त्यसै अनुसार गरिन्छ ।

**ख) अन्य विस्तृत आम्दानीमार्फत fair value मा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको क्षति**

इक्विटी उपकरणमा लगानी बाहेक एफवीटीओसी आई (FVTOCI) मा मापन गरिएको वित्तीय सम्पत्तिको लागि हानीको आधारभूत प्रमाण भेटिन्छ छ भने सञ्चिती नोक्सान (परिशोधित लागत र हालको fair value को बीचको भिन्नताका) रूपमा मापन गरिन्छ । प्रारम्भिकरुपमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिएको हानी नोक्सानलाई इक्विटीबाट पुर्नवर्गीकरण गर्दै नाफा वा नोक्सानमा राखिन्छ । कुनै इक्विटी उपकरणको fair value अर्थपूर्ण वा लामो समयसम्म त्यसको लागत भन्दा तल गएमा त्यसलाई इक्विटी सुरक्षणपत्रको हानी भनी मानिन्छ ।

**३.५ ब्यापारिक सम्पत्ति**

ब्यापारिक सम्पत्ति र दायित्वहरु ती सम्पत्ति र दायित्वहरु हुन् जसलाई बैंकले निकट भविष्यमा बिक्री गर्ने वा पुर्नखरिद गर्ने उद्देश्यसहित लिएको हुन्छ वा छोटो अवधिको लाभ वा अवस्थिति लिनको लागि बैंकले राखेको हुन्छ ।

ब्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रुपमा fair value मा लेखाङ्कन गरिन्छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा fair value मा मापन गरिन्छ भने कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखांकन गरिन्छ । fair value मा भएको सबै परिवतर्नलाई नाफा वा नोक्सान खातामा fair value मानिए जसरी नै खुद ब्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ ।

**३.६ व्यूत्पन्न सम्पत्ति र दायित्वहरु**

जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएको व्युत्पन्नमा ती सबै व्युत्पन्न सम्पत्तिहरू र दायित्वहरू समावेश हुन्छन् जुन कारोबार सम्पत्ति वा दायित्वका रूपमा वर्गीकृत गरिएका हुन्नन् । जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएका व्युत्पन्नहरु वित्तीय स्थितिको विवरणमा fair value मा मापन गरिन्छ ।

लागत लाभहरूलाई ध्यानमा राख्दै, बैंकले जोखिम व्यवस्थापनको लागि राखिएका केही व्यूत्पन्नहरुका लागि हेज लेखा अपनाएको छैन ।

**३.७ सम्पत्ति र उपकरण**

**क) लेखांकन र मापन**

सम्पत्ति र उपकरणको लागत Asset को रूपमा लेखाङ्कन गरिन्छ यदि :

- यो सम्भावित छ कि सम्पत्ति र उपकरणसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुनेछन् र,
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ ।

लागतले कुनै खरिद मूल्यमा र व्यापार छूट घटाएपछिको कुनै पनि गैरफिर्तीयोग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको शर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छ :

स्वनिर्मित सम्पत्तिका खर्चहरु निम्नानुसार छन् :

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च
- प्रत्यक्ष रूपमा काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको



बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

लागि आवश्यक पर्ने कुनै पनि लागतहरु,

- योग्य सम्पत्तिको लागि हुने borrowing costs

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि बैंकले लागत मोडेल अंगीकार गर्छ । न त सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्यांकन मोडेलमा मापन गरिन्छ न त उनीहरूको fair value रिपोर्टिङ मितिमा मापन गरिएको हुन्छ । सम्पत्ति र उपकरणहरु cost less accumulated depreciation and any accumulated impairment losses मा मापन गरिन्छ ।

सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने सफ्टवेयर, उपकरणको अंशको रूपमा पूँजीकृत हुन्छ । खर्च गरेको भएर भविष्यका आर्थिक लाभहरू बैंकमा प्रवाहित हुन्छ भने खरिदपछिको खर्चको पूँजीकरण गरिन्छ । सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार उत्पन्न खर्च हुन् । सम्पत्ति र उपकरण नष्ट गर्दा कुनै लाभ वा नोक्सान (वस्तु नष्ट गर्दाको कूल आय र वस्तुको किताबी मूल्यबीचको भिन्नता गणना) नाफा वा नोक्सानको अन्य आयमा लेखाङ्कन गरिन्छ ।

रु. १०,००० भन्दा कमको सम्पत्तिलाई उनीहरुको जतिसुकै आयू भएपनि खरिद गरिएको वर्षमा राजस्वमा संकलित नहुने भनी खर्च लेखाङ्कन (Charged off to Revenue) गरिन्छ ।

**ख) पूँजीगत कार्य प्रगति**

निर्माणाधीन स्थिर सम्पत्ति र प्रयोगको लागि तयार नभएका सम्पत्तिहरुको लागत पूँजीगत कार्य प्रगतिमा देखाइन्छ ।

**ग) ह्रासकट्टी व्यवस्था**

अन्य सम्पत्तिमा ह्रासकट्टी व्यवस्थापन अनुसार समदर विधि प्रयोग गरेर अनुमानित उपयोगी जीवनका लागि खर्चको बाँकी अंश विनियोजनको रूपमा गणना गरिन्छ । जुन यस प्रकार छ :

| समूह | उपयोगीता अवधि (वर्षमा) |
|---|---|
| कम्प्युटर | ५ |
| फलामे फर्निचर | १० |
| कार्यालय उपकरण | १० |
| सवारी | १० |
| काठको फर्निचर | ५ |
| भवन | ५० |
| लिजहोल्ड | १५ वर्ष वा पट्टा अवधि मध्यको कम |

ह्रासकट्टीको प्रयोजनका लागि उल्लेख मिति महिनाको १४ औं दिनसम्म खरिद गरिएको सामानको लागि १ गते र त्यसपछि खरिद गरिएको सामानको लागि अर्को महिनाको १ गते मानिन्छ ।

**हालको सम्पत्तिमा ह्रासकट्टी विधि परिवर्तनको प्रभाव**

अघिल्लो वर्षमा बैंकले सम्पत्तिहरूको ह्रासकट्टीको विधिलाई Written down value विधिबाट उपयोगी जीवनमा आधारित सिधारेखा विधिमा परिवर्तन गऱ्यो र नोट ५.१३ मा विस्तृत जानकारी खुलाइएको छ ।

**घ) अपलेखाङ्कन**

सम्पत्ति र उपकरणहरूको किताबी रकम सम्पत्ति र उपकरणहरु निसर्ग गर्दा वा भविष्यमा कुनै आर्थिक लाभको आशा नहुने हुँदा अपलेखाङ्कन गरिन्छ । सम्पत्ति र उपकरणको अपलेखनबाट उत्पन्न हुने लाभ वा नोक्सान नाफा वा नोक्सान खातामा समावेश हुनेछ । लाभलाई राजस्वको रूपमा वर्गीकृत गर्नु हुँदैन ।

ह्रासकट्टी, उपयोगी जीवन र अवशिष्ट मूल्य छ भने प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा र समायोजन गरिन्छ ।

## ३.८ अमूर्त सम्पत्ति/साख

**साख**

व्यापार एकीकरणमा अधिग्रहणयोग्य खुद सम्पत्तिको fair value खरिद मूल्य भन्दा अधिक भएमा अधिक भएको रकमलाई साखको रुपमा लेखाङ्कन गरिन्छ । प्रारम्भिक लेखाङ्कनपछि, साख कुनै सञ्चित क्षति नोक्सानलाई घटाई मापन गरिन्छ ।

साखको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र, यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ ।

**अधिग्रहण गरिएको अमूर्त सम्पत्ति**

अमूर्त सम्पत्तिहरु प्रारम्भिक रुपमा fair value मा मापन गरिन्छ र अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद

गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पुंजिकृत गरिन्छ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पुंजिकृत गरिन्छ जहाँ सम्भावना छ यसले आफ्नो लागतको अधिकमा भावी आर्थिक लाभहरू उत्पन्न गर्दछ। कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित हुन्छन्। सफ्टवेयर कायम गर्न सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ।

सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा सिधारेखा शैलीमा नाफा वा नोक्सानमा परिशोधित गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी जीवन ५ बर्ष हो। १० हजार रुपैयाँ भन्दा कम लागतको राजस्व खर्चको रुपमा लेखिन्छ।

परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित हुन्छ।

### ३.९ सरकारी अनुदान र सरकारी सहायता प्रकटीकरण लेखामान

सरकारी अनुदान व्यवस्थित आधारमा नाफा वा नोक्सानमा पहिचान र लेखांकन गरिन्छ जुन अवधिमा इकाईले सम्बन्धित खर्चको रूपमा पहिचान र लेखांकन दिन्छ जसका लागि अनुदानहरूले क्षतिपूर्ति तिर्ने गर्छन्। अनुदान आय लेखांकन गर्न आम्दानी विधि प्रयोग गरिन्छ।

fair value मा लेखांकन गरिएका गैरमौद्रिक अनुदान सहित सम्पत्ति सम्बन्धी सरकारी अनुदानहरू स्थगित अनुदान आय स्थापना गरेर वित्तीय अवस्थाको विवरणमा प्रस्तुत गरिन्छ।

आम्दानीसँग सम्बन्धित अनुदान नाफा वा नोक्सानको अंगको रुपमा अन्य आयअन्तर्गत प्रस्तुत गरिन्छ।

यो वर्ष बैंकले यूकेएडले लगानी गरेको कार्यक्रम Sakchyam Access to Finance for Poor Challenge Fund (AFPCF) बाट अनुदान प्राप्त गरेको छ। सक्षम र स्थगित अनुदान आयको हिसाबमिलान सम्बन्धी थप विवरण नोट ५.१७ मा देखाइएको छ।

**Sakchyam Access to Finance for Poor Challenge Fund कार्यक्रमको लागि प्राप्त :**

Sakchyam Access to Finance for Poor Challenge Fund (AFPCF) कार्यक्रम बेलायती सरकारको यूके एडको लगानी र नेपाल सरकार र बेलायती सरकारको सहकार्यमा सञ्चालित छ। स्थानीय र अन्तर्राष्ट्रिय साझेदारसँगको सहकार्यमा यसलाई अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) को लागि Louis Berger Group इन्कर्पोरेसनले व्यवस्थापन गरिरहेको छ।

ग्रामीण जनसंख्यालाई शाखा, शाखारहित बैंकिङ र वैकल्पिक माध्यमबाट बैंकको पहुँच पुऱ्याउने यो परियोजनाको उद्देश्य हो। यस आयोजनाको उद्देश्य गरीब समुदायलाई लक्षित गरी आर्थिक तथा वित्तीय लाभ प्रदान गर्ने हेतुले नवीन र नयाँ वित्तीय उत्पादनहरू र सेवाहरूको विकास र कार्यान्वयनलाई प्रोत्साहित गर्नु हो। नेपालको मध्य र सुदूर पश्चिमाञ्चलका केही जिल्लाहरूमा विभिन्न आधुनिक र सुविधाजनक वित्तीय सेवाहरू विस्तार गर्न बैंकले अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी नेपाल) को लागि Louis Bergerद्वारा लागू Sakchyam Access to Finance कार्यक्रमसँग सम्झौता गरेको छ। यस सम्झौताको माध्यमबाट बैंकले यस आयोजनाको खर्चको बराबर अंश मिलान कोषको रूपमा वित्तीय अनुदान प्राप्त गरेको छ। प्राप्त खर्चको प्रतिपूर्ति नेपाल लेखा मानक-२०, सरकारी अनुदानका लागि लेखांकन र सरकारी सहयोगको प्रकटीकरण अनुसार हिसाब गरिएको छ।

यो परियोजनाले गरिब जनता र समुदायलाई लक्षित गरी नयाँ अन्वेषणको विकास र कार्यान्वयनका साथै नयाँ वित्तीय उत्पादन र सेवाहरु प्रोत्साहन गर्ने लक्ष्य राखेको छ जसले ठूलो संख्यामा गरिब जनतालाई व्यवसायिक रुपमा दीगो हुने गरी सामाजिक आर्थिक लाभ पुऱ्याउँछ। नेपालको मध्य र सुदुरपश्चिमाञ्चलमा विभिन्न आधुनिक र सहज वित्तीय सेवा पुऱ्याउनको लागि बैंकले डीएफआईडी नेपालको तर्फबाट Louis Bergerसँग सम्झौता गरेको छ। यो सम्झौताबाट बैंकले आफ्नो खर्च बराबरको रकम अनुदान स्वरुप पाउँनेछ। परियोजनाबाट प्राप्त पुनर्स्थापित रकम नेपाल एकाउन्टिङ मापदण्ड-२०, सरकारी अनुदान तथा सरकारी सहायताको जानकारी अनुसार उल्लेख गरिएको छ।

स्थिर सम्पत्ति खरिदमा प्राप्त अनुदान सम्पत्ति खातामा लेखाङ्कन गरिएको छ । सम्पत्तिमा भएको ह्रासकट्टी सम्पत्तिको मूल्यसँग सम्बन्धित अनुदान मूल्य अनुसार आम्दानी विवरणबाट कम गरिन्छ।

सञ्चालन खर्चबाट प्राप्त हुने अनुदान नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ।

अन्वेषणको विकास र कार्यान्वयनका साथै नयाँ वित्तीय उत्पादन र सेवाहरु प्रोत्साहन गर्ने लक्ष्य राखेको छ जसले ठूलो संख्यामा गरिब जनतालाई व्यवसायिक रुपमा दीगो हुने गरी सामाजिक-आर्थिक लाभ पुऱ्याउँछ। नेपालको मध्य र सुदुर पश्चिमाञ्चलमा विभिन्न आधुनिक र सहज वित्तीय सेवा पुऱ्याउनको लागि बैंकले डीएफआईडी नेपालको तर्फबाट Louis Berger सँग सम्झौता गरेको छ। यो सम्झौताबाट बैंकले आफ्नो खर्च बराबरको रकम अनुदान स्वरुप पाउँनेछ। परियोजनाबाट प्राप्त पुनर्स्थापित रकम नेपाल एकाउन्टिङ मापदण्ड-२०, सरकारी अनुदान तथा सरकारी सहायताको जानकारी अनुसार उल्लेख गरिएको छ।

स्थिर सम्पत्ति खरिदमा प्राप्त अनुदान सम्पत्ति खातामा लेखाङ्कन गरिएको छ । सम्पत्तिमा भएको हुनै ह्रासकट्टी सम्पत्तिको मूल्यसँग सम्बन्धित अनुदान मूल्य अनुसार आम्दानी विवरणबाट कम गरिन्छ।

सञ्चालन खर्चबाट प्राप्त हुने अनुदान नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ।

## ३.१० बिक्रीका लागि राखिएका गैरचालु सम्पत्ति र लगानी सम्पत्ति

### लगानी सम्पत्ति

लगानी सम्पत्तिले जमिन वा जमिन र भवनहरू समावेश गर्दछ, अन्य सम्पत्ति र उपकरणहरूको रूपमा वर्गीकृत नगरी बिक्रीको लागि राखिएको गैरचालू सम्पत्तिहरू जनाउँछ । सामान्यतया, यसमा बैंकले गैरबैंकिंग सम्पत्तिहरूको रूपमा अधिग्रहित जमिन, जमिन र भवन समावेश गर्दछ जुन रिपोर्टिङ मितिमा बिक्री नभएको हुन्छ।

कर्जा र सापटीमा सुरक्षणबाट प्राप्त भएको सम्पत्ति बैंकले लगानी सम्पत्तिको रुपमा राखेको छ।

### बिक्रीका लागि राखिएको गैरचालु सम्पत्ति

गैरचालू सम्पत्ति (जमीन र भवन) र निकासा समूहहरु (Disposal groups) (निकासा समूहको सम्पत्ति र दायित्व दुवै) लाई बिक्रीको लागि राखिएको भनी वर्गीकरण गरिन्छ र बिक्रीको लागि तिनको किताबी र fair value मध्ये कममा मापन गरिन्छ यदिः अ) सिद्धान्तत तिनको किताबी रकम बिक्रीबाट प्राप्त गरिन्छ, आ) तिनीहरु वर्तमान अवस्थामै बिक्रीको लागि उपलब्ध हुन्छन्, इ) तिनको बिक्री सम्भावना उच्च छ।

बिक्रीको लागि राखिएको भनी प्रारम्भिक वर्गीकरण गर्नु अघि सम्पत्तिहरू (वा सम्पत्ति र दायित्वहरू एक निकासा समूहमा) माथिको वर्णन गरिएको लेखा नीतिका अनुसार मापन गरिन्छ।

## ३.११ आयकर

कर व्ययले वर्तमान र स्थगित कर खर्च समावेश गर्दछ। प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म भने चालू कर र स्थगित करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ।

### क) चालू कर

चालू कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरी अनुमान गर्न सकिने तिर्नयोग्य वा पुर्नप्राप्ती योग्य कर हो।

### ख) स्थगित कर

स्थगित कर वित्तीय रिपोर्टिङ उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमबीच अस्थायी भिन्नताको सन्दर्भमा लेखाङ्कन गरिन्छ।

स्थगित आयकर बैंकमा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगित आयकर सम्पत्ति साकार भएपछि वा स्थगित आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ मितिमा लागू हुने अपेक्षा गरिएको हुन्छ।

भविष्यमा करयोग्य मुनाफा उपलब्ध हुने सम्भावना भए स्थगित कर सम्पत्तिहरू लेखाङ्कन गरिन्छ जसको लागि अस्थायी भिन्नताहरू प्रयोग गर्न सकिन्छ।

## ३.१२ निक्षेप, जारी गरिएका ऋण सुरक्षणपत्र र सुरक्षण नराखिएको सहायक आवधिक ऋण

### क) निक्षेप

बैंकले आफ्ना ग्राहकहरुबाट, चालू, आवधिक बचत र मार्जिन खाताहरु अन्तर्गत बचत स्वीकार गर्दछ । यी कारोबारहरु बैंकको किताबमा रेकर्ड गरिएको हुन्छ, र परिणामस्वरूप यो बैंकको दायित्व हुन्छ र बैंकले निक्षेपकर्तालाई तिर्नुपर्ने रकमको रुपमा राखिएको हुन्छ।

### ख) जारी गरिएको ऋण सुरक्षणपत्र

यसमा डिवेञ्चर, बन्ड वा बैंकद्वारा जारी अन्य सुरक्षणपत्रहरू छन् । निक्षेप र जारी सुरक्षणपत्र सुरुमा fair value मा वृद्धिशील (Incremental) प्रत्यक्ष कारोबार लागत घटाएर मापन गरिन्छ, र पछि प्रभावकारी व्याजदर विधि प्रयोग गरी

मापन गरिन्छ, त्योबाहेक समूहले नाफा वा नोक्सानमार्फत fair value मा दायित्व निर्धारण गर्छ ।

तर, बैंकले जारी गरेको डिवेञ्चरहरु उपभोक्ताको निक्षेपमा सहायक हुन्छन् ।

**ग) सुरक्षण नराखिएको सहायक आवधिक ऋण**

सहायक दायित्वहरु ती दायित्वहरू हुन् जुन winding up हुँदा निक्षेपकर्ताको दाबीमा सहायक हुन्छन् । बैंकसँग त्यस्तो कुनै सहायक दायित्व छैन ।

### ३.१३ व्यवस्थाहरु

विगतको घटनाको परिणामस्वरूप बैंकको वर्तमान सिर्जित वा कानुनी दायित्व छ जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई बैंकले व्यवस्थाको रुपमा लेखाङ्कन गर्छ ।

विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको आवश्यकता पर्दैन तब सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ। जब सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम छ, त्यस्तो अवस्थामा कुनै व्यवस्था वा प्रकटीकरण गरिन्न ।

जब एउटा सम्झौताबाट बैंकले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागतभन्दा कम हुन्छ तव अत्यधिक सम्झौताको व्यवस्था लेखाङ्कन गरिन्छ ।

व्यवस्थाहरू प्रत्येक रिपोर्टिंग मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ । दायित्व चुक्ता गर्नको लागि स्रोतहरुको बर्हिगमन आवश्यक पर्ने दीर्घकालिन सम्भावना छैन भने व्यवस्था फिर्ता हुन्छ । रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिन्न । यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ । तर, सम्भावित सम्पत्तिलाई निरन्तर मूल्यांकन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखाङ्कन गरिन्छ ।

### ३.१४ राजस्व लेखाङ्कन

राजस्व भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरुले इक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ । राजस्वलाई यस हदसम्म पहिचान र लेखांकन गरिन्छ कि आर्थिक लाभहरू बैंकमा प्रवाहित हुनेछन् र राजस्व भरपर्दो मापन गर्न सकिन्छ । जुन आयको प्राप्ती सम्भव छैन तिनलाई राजस्व अवधिमा लेखांकन गरिएको छैन । बैंकको राजस्वमा व्याज आय, शुल्क र कमिसन, विदेशी विनिमय आय, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, बैंकईन्स्योरेन्स कमिसन आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् :

**क) व्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्तिबाट हुने व्याज आम्दानीलाई बैंकको साविकको व्याजदरमा लेखाङ्कन गरिन्छ जुन प्रभावकारी व्याजदरसँग लगभग समान हुन्छ ।

ग्राहकबाट हुने कर्जा तथा सापटीको व्याज आम्दानीलाई प्रभावकारी व्याजदर अनुसार नगरिने भएकाले प्रारम्भिक शुल्कलाई परिशोधन गरिदैन । तर बैंकले जारी डिवेञ्चरमा प्रभावकारी व्याज विधि अपनाएको छ ।

बैंकले कर्जा सापटीमा भएको व्याज आम्दानी व्याज आम्दानी लेखाङ्कन निर्देशिका, २०१९ अनुसार लेखाङ्कन गरेको छ । धितोको खुद प्राप्य मूल्यप्रति निरपेक्ष रही बैंकले ५,१२७,७५५.३२ रुपैयाँ बराबरको व्याज रकम अपलेखाङ्कन गरेको छ जसमा अनुबन्धन भुक्तानी,सावा वा व्याज १२ महिना भन्दा बढीदेखि भाका नाघेका छन् । बैंकले थप ६,६८२,१६४.५२ रुपैयाँ बराबरको व्याज रकम अपलेखाङ्कन गरेको छ जसमा अनुबन्धन भुक्तानी सावा वा व्याज ३ महिना भन्दा बढीदेखि भाका नाघेका छन् जहाँ धितोको खुद प्राप्त मूल्य साँवा तथा व्याज भुक्तानीको लागि अपुग छन् ।

**कर्जा सापटी**

नाफा वा नोक्सान मार्फत fair valueमा मापन गरिएको वित्तीय उपकरणहरूको fair value मा परिवर्तनबाट उत्पन्न लाभ र नोक्सान यिनीहरु उत्पन्न हुने अवधिमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिन्छ । नाफा वा नोक्सानमार्फत fair valueमा मापन गरिएको वित्तीय उपकरणमा सम्झौताको व्याज आय र



बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

व्याज खर्च खुद व्याज आय भित्र लेखाङ्कन गरिएको छ ।

**ख) शुल्क र कमिसन**

शुल्क र कमिसनहरु accrual आधारमा लेखाङ्कन गरिन्छ जब कुनै सेवा दिंदा वा महत्वपूर्ण काम गर्दा निर्धारण गरिएको मूल्य भन्दा लाभ बढी हुन्छ । जब पनि, accrual आधारमा लेखाङ्कन गरिएको शुल्क र कमिसनको लागत लाभ भन्दा बढी हुन्छ, त्यस्तो अवस्थामा कमिसन र शुल्कलाई सोही वर्ष खर्च लेखाङ्कन गरिन्छ ।

**ग) लाभांश आम्दानी**

लाभांश प्राप्त गर्न अधिकार स्थापित भएमा लाभांश आय लेखाङ्कन गरिन्छ । लाभांश खुद व्यापार आयमा प्रस्तुत गरिन्छ ।

**घ) खुद व्यापार आम्दानी**

खुद व्यापार आम्दानीले व्यापार सम्पत्ति र दायित्वहरूसँग सम्बन्धित नाफा र नोक्सानको भिन्नताको साथै सबै साकार र असाकार fair value परिवर्तन, व्याज, लाभांश र विदेशी विनिमय भिन्नता समावेश गर्छ ।

**ङ) नाफा वा नोक्सानमार्फत** fair value **मा मापन गरिएका अन्य वित्तीय उपकरणबाट खुद आम्दानी**

नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिएका अन्य वित्तीय उपकरणबाट खुद आम्दानी जोखिम व्यवस्थापन उद्देश्यका लागि आयोजित गैरव्यापार डेरिवेटिव्ससँग सम्बन्धित छ जुन योग्य हेज सम्बन्ध र नाफा वा नोक्सानमार्फत fair value मा मापन गरिएका वित्तीय सम्पत्ति र दायित्वहरूको हिस्सा हुँदैन । यसले सबै साकार र असाकार fair value परिवर्तनहरू, व्याज, लाभांश र विदेशी विनिमय भिन्नताहरु समावेश गर्दछ।

**३.१५ व्याज खर्च**

निक्षेपलगायत सबै वित्तीय दायित्वहरूमा व्याज खर्च प्रभावकारी व्याज दर विधि प्रयोग गरेर नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ । सबै व्यापार दायित्वमा व्याज व्यय बैंकको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको fair value मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ ।

**३.१६ कर्मचारी लाभ**

**क) अल्पकालिन कर्मचारी लाभ**

छोटो अवधिको कर्मचारी लाभ दायित्वहरू Discount नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गरिएको छ भनी खर्च गरिन्छ । बोनस ऐन, २०३० ले तोकेको बोनस अन्तर्गत पनि तिर्नु पर्ने दायित्व रकमलाई कर्मचारीद्वारा प्रदान गरिएको विगत सेवाको परिणामको रूपमा दायित्व लेखाङ्कन गरिन्छ ।

अल्पकालिन कर्मचारी सुविधामा निम्न लिखिति कुरा समावेश हुन्छन (यदि रिपोर्टिङ अवधिको अन्त्यपछि १२ महिनाभित्र भुक्तानयोग्य भएमा) :

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान
- तलबी वार्षिक बिदा र बिरामी बिदा
- नाफा बाँडफाँड र लाभांश
- गैर नगद लाभ

**ख) सेवा पछिको लाभ**

सेवा पछिको लाभमा निम्न लिखित समावेश हुन्छन् :

**अ) परिभाषित योगदान योजना**

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत बैंकले छुट्टै योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ ।

परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिन्छ ।

बैंकका सबै कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत हो जसमा बैंक र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको १० प्रतिशत रकम योगदान गर्छन् । बैंकले आफ्नो वार्षिक योगदानबाहेक सञ्चय कोषको लागि अन्य दायित्व मान्दैन ।

**आ) परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो। परिभाषित

लाभ योजनाहरूको सन्दर्भमा बैंकको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान लगाएर छुट्टै गणना गरिन्छ जुन वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा कमाई गरेका हुन्छन् । त्यो लाभ यसको वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ। विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको fair value दायित्वमा घटाइन्छ।

बैंकले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगित करको सबै बिमाङ्कित लाभ र खुद नोक्सानर कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखांकन गर्छ। परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा बैंकले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्छ।

इ) **रद्द लाभ (Termination Benefits)**

जब बैंक फिर्ता निकाल्ने यथार्थपरक सम्भावना बिना, सामान्य सेवानिवृत्ति मितिअघि रोजगार समाप्त गर्ने औपचारिक विस्तृत योजनाको लागि वा स्वेच्छिक रिडान्डन्सीहरूलाई प्रोत्साहन गर्ने प्रस्तावको परिणामस्वरूप समाप्ति लाभ प्रदान गर्ने औपचारिक विस्तृत योजनाको लागि प्रतिबद्ध हुन्छ तब रद्द लाभलाई खर्चको रुपमा लेखाङ्कन गरिन्छ। अनावश्यक स्वैच्छिक रिडान्डन्सीहरूको लागि रद्द लाभलाई व्ययको रूपमा पहिचान र लेखांकन गरिन्छ यदि बैंकले स्वैच्छिक रिडन्डन्सीको प्रस्ताव गरेको छ र यो प्रस्ताव स्वीकार गरिने सम्भावना छ, र स्वीकृतिहरूको संख्याको भरपर्दो अनुमान गर्न सकिन्छ। यदि सुविधाहरू रिपोर्टिंग मिति पछि १२ महिना भन्दा बढी भुक्तानयोग्य छन् भने, त्यसोभए उनीहरूको हालको मूल्यमा उनीहरूलाई Discount गरिन्छ।

## ३.१७ पट्टा

अर्को व्यवस्थित आधार प्रयोगकर्ताको लाभको समय शैलीको अधिक प्रतिनिधि हुँदैन भने सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी पट्टा अवधिमा समदर प्रणलीको आधारमा खर्चको रूपमा लेखाङ्कन गरिन्छ।

## ३.१८ विदेशी मुद्रा कारोबार

वित्तीय विवरणहरु नेपाली रुपैयाँ (नेरु) मा उल्लेख गरिन्छ। विदेशी मुद्रामा भएका कारोबारहरु प्रारम्भिक रुपमा कारोबार भएको मितिमा प्रचलित सटही दरमा कार्यात्मक मुद्रामा लेखाङ्कन गरिन्छ । विदेशी मुद्रामा लेखाङ्कन गरिएका मौद्रिक सम्पत्ति र दायित्वहरु वित्तीय विवरण अवस्थिति मितिको कार्यात्मक मुद्रा सटही दरमा पुर्नरुपान्तरण गरिन्छ । यस्तो लेनदेनको बन्दोबस्तको परिणामस्वरूप विदेशी विनिमय लाभ र नोक्सान, र विदेशी मुद्रामा मूल्यहीन मौद्रिक सम्पत्ति र दायित्वहरूको वर्षको अन्त्यमा विनिमय दरबाट नाफा वा नोक्सानमा पहिचान र लेखांकन गरिन्छ। गैरमौद्रिक सम्पत्ति र दायित्वहरु ऐतिहासिक मूल्यमा राखिएको छ भने ऐतिहासिक सटही दर अनुसार राखिन्छ वा fair value मा राखिएको छ भने वर्ष अन्त्यको सटही दरमा राखिन्छ र त्यसबाट प्राप्त हुने सटही लाभ वा नोक्सानलाई कि त नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ वा सम्पत्ति वा दायित्वमा भएको लाभ वा हानीको आधारमा अन्य विस्तृत आम्दानीमा राखिन्छ।

## ३.१९ वित्तीय जमानत र कर्जा प्रतिबद्धता

वित्तीय जमानत भनेको निर्दिष्ट ऋणी कर्जा उपकरणको सर्तहरू बमोजिम भुक्तानी गर्न असफल हुँदा बैंकले राख्नेलाई क्षतिपूर्ति दिन निश्चित भुक्तानी दिन आवश्यक पर्ने एक सम्झौता हो। कर्जा प्रतिबद्धताहरु भनेका पूर्वनिर्धारित सर्त बमोजिम कर्जा दिनुपर्ने थिर प्रतिबद्धता हो।
कर्जा प्रतिबद्धता भनेको त्यस्तो प्रतिबद्धता हो जहाँ बैंकले ग्राहकलाई कर्जा दिने उद्देश्य निश्चिन्त गरेको हुन्छ वा ग्राहकको तर्फबाट बैंकले कर्जा, ओभरड्राफ्ट, भविष्यको जमानत दिन प्रतिबद्धता जनाएको हुन्छ तर रिपोर्टिङ मितिमा बैंकले भुक्तानी दिएको हुन्न, त्यस्ता उपकरणहरु वित्तीय विवरणमा प्रतिबद्धताको रुपमा उल्लेख गरिन्छ।

## ३.२० सेयर पूँजी र जगेडा कोष

उपकरणमा भएको सम्झौता सर्तमा भएको तत्व अनुसार बैंकले पूँजी उपकरण लाई वित्तीय दायित्व वा इक्विटी उपकरणको रुपमा वर्गीकरण गर्छ। सबै दायित्वहरु कटाएपछि बाँकी रहने बैंकको कूल सम्पत्तिमा बाँकी स्वार्थको रुपमा इक्विटीलाई परिभाषित गरिएको छ । साधारण सेयरलाई बैंकको इक्विटीको रुपमा वर्गीकरण गरिएको छ र त्यसको वितरणलाई विवरणमा इक्विटी विवरणमा परिवर्तनको रुपमा उल्लेख गरिन्छ।

इक्विटीको रुपमा वर्गीकरण गरिएको साधारण सेयरको लाभांशलाई इक्विटीमा लेखाङ्कन गरिन्छ जुन अवधिमा त्यो घोषणा भएको हुन्छ ।

निष्कासनमा प्रत्यक्ष रुपमा सम्बन्धित बृद्धिशिल लागतलाई इक्विटी उपकरणको प्रारम्भिक मापनबाट त्यसबाट हुने कर लाभलाई समायोजन गरी घटाइन्छ ।

सञ्चित मुनाफा र अन्य वैधानिक जगेडा कोषहरु जस्तै सामान्य जगेडा कोष, पूँजी चुक्ता कोष, विदेशी मुद्रा सटही सन्तुलन जगेडा कोष, नियमनकारी जगेडा कोष, लगानी समायोजन जगेडा कोष, कर्मचारी तालिम तथा विकास कोष, सामाजिक उत्तरदायित्व जगेडा कोष ईत्यादी समावेश हुन्छन् ।

### ३.२१ प्रतिसेयर आम्दानी

बैंकले आफ्नो साधारण सेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण सेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत सेयरधनीको संख्याले विभाजन गरी गणना गरिन्छ ।

Diluted EPS साधारण सेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औसत सेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण सेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

यदि हकप्रद सेयर, बोनस सेयर जारीको कारणले पूँजीकरणको परिणाम स्वरूप साधारण वा सम्भावित साधारण सेयरहरूको संख्या बृद्धि हुन्छ भने, प्रस्तुत सबै अवधिको लागि प्रतिसेयर आधारभूत र Diluted प्रति सेयर आम्दानीको गणना पूर्वव्यापी रूपमा समायोजित हुन्छ ।

### ३.२२ ईकाई रिपोर्टिङ

खुद्रा बैंकिङ, कर्पोरेट बैंकिङ, एसएमई बैंकिङ, बिपन्न क्षेत्र बैंकिङ, कारोबार बैंकिङ र अन्य बैंकिङ जस्ता ईकाइहरु व्यवस्थापन र रिपोर्टिङ उद्देश्यको लागि व्यवस्थित गरिएको छ । रिपोर्टमा समावेश गरिएका ईकाइ नतिजाहरु प्रत्यक्ष रुपमा ईकाइमा प्रभाव पार्ने वस्तुहरु हुन् साथै तिनलाई उचित आधारमा पनि छुट्याउन सकिन्छ । नछुट्टिएका वस्तुहरुमा विशेषगरी साधारण सम्पत्ति, मुख्य कार्यालयको खर्च, कर सम्पत्ति र दायित्वहरु समावेश हुन्छन् ।

## ५. प्रकटीकरण र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

बैंकको जोखिम व्यवस्थापन संरचनाले व्यवसायिक संयन्त्र र जोखिम व्यवस्थापन संयन्त्रलाई स्पष्ट रुपमा छुट्याएको छ । बैंकले प्रमुख जोखिम अधिकारी (CRO) को अध्यक्षतामा एक छुट्टै एकीकृत जोखिम व्यवस्थापन विभाग (IRMD) गठन गरेको छ । IRMDले विश्वव्यापी,सूक्ष्म र विभागीयस्तरको जोखिमको निरीक्षण गर्दछ जुन दैनिक व्यवसाय सञ्चालनबाट आवधिक रुपमा उत्पन्न हुन्छ ।




#### अ) जोखिम व्यवस्थापन समिति

सञ्चालक समिति बैंकको सर्वोच्च निकाय हो र नियामक निकायले जारी गरेको नियमन र निर्देशनको प्रभावकारी पालनाका लागि कडा नीति र फ्रेमवर्क बनाउन र कार्यान्वयन गर्न यो जिम्मेवार छ । सञ्चालक समितिले बैंकभित्रको प्रभावकारी व्यवस्थापनको लागि जोखिम अवस्था सीमाको आधारमा रणनीति, नीति तथा प्रक्रियाको सुनिश्चितता गर्दछ। सञ्चालक समितिले बैंकको जोखिमको प्रकृति बुझ्छ, आवधिक रुपमा जोखिम व्यवस्थापनको प्रतिवेदन समीक्षा गर्छ, जोखिम व्यवस्थापन समिति र सम्पत्ति दायित्व व्यवस्था समितिको प्रतिवेदनको आधारमा नीति, मापदण्ड, तरलता तथा पूँजी पर्याप्तता समावेश गर्छ। संस्थागत सुशासन सम्बन्धी राष्ट्र बैंकको निर्देशन अनुरुप बैंकले प्रष्ट परिभाषित सर्तसहित जोखिम व्यवस्थापन समिति गठन गरेको छ। यसको वर्षमा कम्तीमा चार वटा बैठक हुन्छ र आवश्यकता अनुसार बैठकको संख्या बढाउन पनि सकिन्छ। समितिले बैंकको समग्र जोखिम व्यवस्थापनलाई तरलता जोखिम, बजार जोखिम, सञ्चालन जोखिम र कर्जा जोखिमको रूपमा वर्गीकृत गरेको छ ।

आ) **जोखिम शासन**

बैंकले उत्पन्न हुने उद्यमस्तरमा जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरिसकेको छ र कर्मचारीबीच स्वामित्व मानसिकता, क्षमता अभिबृद्धि, प्रष्ट रुपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृतिमार्फत बैंकले जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ।

यसको जोखिम व्यवस्थापन प्रारुपको माध्यमबाट, बैंकले कर्जा, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न खोजेको छ जुन सीधा बैंकको वाणिज्य क्रियाकलापहरूको साथसाथै सञ्चालन, नियामक र प्रतिष्ठा सम्बन्धी जोखिमहरू जुन कुनै पनि व्यवसाय उपक्रमको सामान्य परिणामको रूपमा देखा पर्दछ।

जोखिम सम्बन्धी नीतिको स्थापना र अनुपालनको लागि जोखिम व्यवस्थापन समिति जिम्मेवार छ।

सम्पत्ति र दायित्व समिति पूँजी व्यवस्थापन र तरलता, पूँजी पर्याप्तता र संरचनात्मक विदेशी मुद्रा र व्याजदर जोखिम र कर जोखिमको व्यवस्थापन सहित वासलात व्यवस्थापनको नीतिहरुको स्थापना र अनुपालनको लागी जिम्मेवार छ।

बैंकको जोखिम प्रशासन संरचना यस्तो छ कि बैंकभित्र जोखिम कम राख्न जिम्मवारी सञ्चालकबाट तल ग्राहक व्यापार, वरिष्ठ व्यवस्थापन र समितिहरूमा पनि सारिएको छ। सारभूत जोखिम बिषयको बारेमा र नीतिहरू र मापदण्डहरूको पालना भए नभएको, व्यवसाय, कार्यात्मक, वरिष्ठ व्यवस्थापन र समितिमार्फत जानकारी दिइन्छ।

इ) **आन्तरिक नियन्त्रण**

रणनीति र उद्देश्यहरूको उपलब्धिमा सहायता गर्ने गरी बैंकमा उचित आन्तरिक नियन्त्रण प्रारुप सुनिश्चित गर्न सञ्चालक समिति जिम्मेवार हुन्छ । बैंकको बिभिन्न कार्यहरूको विस्तार र बृद्धिको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिकोणले हेर्नु पर्दछ जसले लाभदायक व्यवसायका अवसरहरू अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठित क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन सहयोग गर्दछ।

सञ्चालक समितिले जोखिम लेखाङ्कन, जोखिम मूल्यांकन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति र प्रक्रियाहरू व्यवस्था गरेको छ, जुन राष्ट्र बैंकको निर्देशनअनुरूप बैंकमा प्रभावकारी रूपमा लागू भएको छ।

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सञ्चालक समिति, यसअन्तर्गतको समिति, व्यवस्थापन र आन्तरिक लेखा परीक्षा विभागद्वारा नियमित समीक्षा गरिन्छ।

आन्तरिक लेखा परीक्षणले नीति र मापदण्डको अनुपालन र नियमित लेखा परीक्षण, विशेष लेखा परीक्षण, सूचना प्रणाली लेखा परीक्षण, साइट समीक्षा, AML र CFT र KYC लेखा परीक्षण, ISO लेखा परीक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखा परीक्षण मार्फत बैंकमा आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ। लेखा परीक्षण अवलोकन तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र व्यापार प्रमुखहरूलाई रिपोर्ट गरिन्छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखा परीक्षण समितिसमक्ष समीक्षाको लागि पठाइन्छ र समितिले सम्बन्धित विभाग, क्षेत्रीय कार्यालय वा शाखालाई सम्बन्धित मुद्दामा उपयुक्त सुधारात्मक कार्य गर्न निर्देशन जारी गर्छ।

५.१.१ **कर्जा जोखिम**

कर्जा जोखिम भनेको सहमति सर्तहरू बमोजिम बैंकलाई भुक्तानी गर्ने आफ्नो करारको दायित्व पूरा गर्न ऋणीको असक्षमताको कारण नोक्सानीको सम्भावना हो।

बैंकभित्रको उपयुक्त निरीक्षण र रिपोर्टिङको प्रारुप स्थापना गरी कर्जा जोखिम निरीक्षण र रिपोर्टिङ प्रारुपलाई कर्जा जोखिम न्यूनीकरणको लागि तयार पारिएको छ।

कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि बैंकले विभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ । प्रत्येक प्रकारको ऋणको लागि, कर्जा नीति र प्रक्रियाहरूले ऋण प्रदान गर्नका लागि मापदण्ड परिभाषित गरिएको छ, चुक्ताको सीमित उद्देश्य, विभिन्न ग्राहक जोखिम प्रोफाइलमा आधारित प्रासंगिक जानकारीको संग्रह, पर्याप्त उपकरणको प्रयोग, पर्याप्तता, कार्यान्वयनता र जमानतको तरलता स्थिति, साथै उनीहरूको परिचालनको व्यावहारिक पक्षहरूको आधारमा मापदण्ड परिभाषित गरिएको छ।

जोखिमको विविधिकरण र सीमा संकेन्द्रण जोखिम सुनिश्चित गर्न, विशिष्ट गतिविधि वा उत्पादनको प्रकार, एकल ऋणी वा आपसमा सम्बन्धित ऋणीको समूह, विशिष्ट उद्योगहरू वा आर्थिक क्षेत्रहरू, सम्बन्धित पक्षहरू र भौगोलिक क्षेत्रहरूका प्रकारहरूमा कर्जा क्षेत्रमा सीमा तोकिएको छ।

कर्जा जोखिमको निगरानी कर्जा जोखिम व्यवस्थापन

संयन्त्रद्वारा गरिन्छ । बैंकले आन्तरिक rating प्रणाली प्रयोग गर्दछ जुन बैंकलाई यसको पोर्टफोलियोमा कर्जा एक्सपोजरको बीच भिन्नता राख्न, पोर्टफोलियोको विशेषताहरू (संकेंद्रण, समस्या loan आदि) निर्धारण गर्न र व्यवस्थाहरूको यथार्थता प्रमाणित गर्न मद्दत गर्दछ । व्यापारिक कर्जा लिनेहरू साइट अवलोकनको माध्यमबाट अनुगमन गरिन्छन्, जबकि व्यक्तिगत ग्राहकहरूको चुक्ता क्षमता नियमित रूपमा अपडेट गर्नुपर्दछ।

कर्जा जोखिमको निरीक्षण कर्जा जोखिम व्यवस्थापन कार्यबाट प्रदर्शन गरिन्छ। बैंकले आन्तरिक रेटिङ प्रणाली प्रयोग गर्छ जसले बैंकलाई आफ्नो कर्जा क्षेत्र पोर्टफोलियो, पोर्टफोलियोको चरित्र (समस्या कर्जा ईत्यादी), व्यवस्थाको यथार्थको भिन्नता लेखाङ्कन गर्न सघाउँछ।

व्यापार कर्जालाई स्थलगत भ्रमणबाट निरीक्षण गरिन्छ भने व्यक्तिगत ग्राहकको ऋण तिर्ने क्षमताको नियमित अनुगमन गरिन्छ जसबाट ऋण तिर्नको लागि प्रभाव पार्न सक्ने पक्षको विश्लेषण गरिन्छ।

संकटोन्मुख कर्जा र समस्याग्रस्त कर्जा व्यवस्थापनका लागि उपचारात्मक कदम चाल्न बैंकसँग उपयुक्त कानुनी कदम चाल्नेसहित प्रभावकारी प्रक्रिया र कार्यविधिहरु छन् । यो बाहेक, समस्याग्रस्त जोखिमहरू लेखांकन गर्न र समयमै नोक्सानव्यवस्था निर्धारण गर्न बैंकसँग कर्जा जोखिम मूल्यांकन नीति, प्रक्रियाहरू र नियन्त्रणसहितका प्रभावकारी विधि छन् ।

कर्जा जोखिमको प्रभावकारी व्यवस्थापनका लागि बैंकले विभिन्न प्रणाली र नीतिहरू र प्रक्रियाहरू र दिशानिर्देशहरू कार्यान्वयन गरेको छ । बैंकले जोखिमको आंकलन उद्देश्यका लागि निम्न गतिविधिहरू सञ्चालन गरेको छ :

- निर्माण गरिएका वर्तमान प्रणाली/नीति/कार्यविधि/निर्देशिका कार्यान्वयनमा छन्,
- Product अनुसार र ईकाई अनुसारको कर्जा सीमा सम्बन्धी वास्तविक जोखिम जाँच गरियो, सहनशिलता र सीमा Product Paper दिशानिर्देश, कर्जा नीति र कर्जा जोखिम व्यवस्थापन नीतिमा उल्लेख गरिएको
- निरीक्षण विभागले तयार गरेको विभिन्न प्रतिवेदनहरूको समीक्षा जस्तै खाता अनुगमन प्रतिवेदन, Overdue प्रतिवेदन, राष्ट्र बैंक प्रतिवेदन र मार्जिन निगरानी प्रतिवेदन

कर्जा जोखिम व्यवस्थापन अन्ततः सञ्चालक समितिको जिम्मेवारी हो त्यसैले समग्र रणनीति र महत्वपूर्ण नीतिहरू नियमित रूपमा सञ्चालन समितिले समीक्षा गर्नु पर्दछ । यसबाहेक, उच्च व्यवस्थापन बैंकको कर्जा जोखिम प्रबन्धन रणनीति र नीतिहरू कार्यान्वयन गर्न र यी नीतिहरूको अनुसार कर्जा जोखिम र कर्जा पोर्टफोलियोको गुणस्तर व्यवस्थापन र नियन्त्रण गर्न प्रक्रियाहरू राखिएको छ भनेर सुनिश्चित गर्न जिम्मेवार छ।

**अ) अधिकतम कर्जा जोखिम**

बैंकसँग मुख्यतयाकर्जा सापटी र परिमार्जित लागतमा लगानी वित्तीय सम्पत्ति छ। यी अवस्थाहरूमा, कर्जा जोखिममा अधिकतम क्षेत्र सम्बन्धित वित्तीय सम्पत्तिहरूको भारित रकम हो।

**आ) भाखा ननाघेको र हानी नभएको र भाखा नाघेको र एकल रुपमा हानी भएको**

तलको तालिकाले कर्जा जोखिमका सबै वित्तीय सम्पत्ति क्षेत्रको सम्पत्ति वर्गीकरणबाट कर्जाको गुणस्तर देखाउँछ, यो बैंकको आन्तरिक कर्जा रेटिङ प्रणालीमा आधारित छ :

| विवरण | भाखा ननाघेको र हानी नभएको | ९० दिन सम्म भाखा नाघेका | ९१ दिन देखि १८० दिन सम्म भाखा नाघेका | १८० दिन भन्दा बढी भाखा नाघेका | एकल रुपमा हानी भएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **वित्तीय सम्पत्ति** | | | | | | |
| संशोधित लागतमा भारित सम्पत्ति | | | | | | |
| नगद र नगद समान | २०,२१५ | - | - | - | - | २०,२१५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १६,०९८ | - | - | - | - | १६,०९८ |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | ३८४ | - | - | - | - | ३८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग्राहकलाई कर्जासापट | १३६,०६७ | ६,१२५ | १८६ | १९६ | - | १४२,५७४ |
| बैंक तथा वित्तीय संस्थालाई कजासापट | ६,९२३ | | - | - | - | ६,९२३ |
| नाफा र नोक्सान मार्फत fair value(FVTPL) | - | - | - | - | - | ० |
| व्युत्पन्नवित्तीय उपकरण | ७,००६ | - | - | - | - | ७,००६ |
| अन्य विस्तृत आयमार्फत Fair value (FVTOCI) | - | - | - | - | - | |
| लगानी सुरक्षणपत्र | १८,१५३ | - | - | - | - | १८,१५३ |
| सहायक कम्पनीमा लगानी | १,२०५ | - | - | - | - | १,२०५ |
| **जम्मा** | **२०६,०५०** | **६,१२५** | **१८६** | **१९६** | **-** | **२१२,५६७** |

**बजार जोखिम**

वित्तीय संस्थाको वासलातमा रहेको रवासलात बाहिर रहेको वस्तुको मूल्यमा बजार मूल्यमा हुने अस्थिरताले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ। बजार जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह वा fair value घटबढ हुन्छ। बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँछ : विदेशी मुद्रा सटही (मुद्रा जोखिम), बजार व्याजदर (व्याजदर जोखिम) र बजार मूल्य (मूल्य जोखिम)।

**क) मुद्रा जोखिम**

विदेशी मुद्रा सटही जोखिमका कारण बैंकको आफ्नो सम्पत्ति र दायित्वको मूल्यमाअस्थिरता हुने सम्भावना हुन्छ र उसको सम्पत्ति र दायित्वको मुद्रा तथा उल्लेख हुने मुद्राको मूल्यमा आउने भिन्नताका कारण वित्तीय क्षति हुने सम्भावना हुन्छ। वित्तीय विवरण तयार पार्ने मितिसम्म बैंकले विदेशी मुद्रालाई लिन र दिन सकिने मानेको छ।

**ख) व्याजदर जोखिम**

व्याजदर जोखिम त्यो जोखिम हो जसका कारण वित्तीय उपकरण्को fair value वा भविष्यमा हुने नगद प्रवाह बजार व्याजदरका कारण तलमाथि हुनछ।

**ग) इक्विटी मूल्य जोखिम**

इक्विटी मूल्य जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको fair value वा भविष्यमा हुने नगद प्रवाह इक्विटीको मूल्यमा हुने परिवर्तनका कारण तलमाथि हुन्छ (व्याजदर जोखिम र मुद्रा जोखिम बाहेकका कारणले)। यस्तो परिवर्तन सम्बन्धित वित्तीय उपकरण वा यसको जारी गर्ने निकायका हुन सक्छ वा उक्त वित्तीय उपकरणले व्यापार गर्ने बजारलाई असर गर्ने तत्वका कारण हुन सक्छ। कम्पनीको इक्विटी मूल्य जोखिम FVTOCI मा राखिएको कारण पनि हुनसक्छ जसको मूल्य बजार मूल्यमा भएको परिवर्तन अनुसार तलमाथि हुन्छ।

आफूले लिन चाहेको वा लिन सक्ने जोखिम प्रोफाइल र बजार जोखिमको तह अनुसार बैंकले यसको बजार जोखिम व्यवस्थापन गर्ने रणनीति बनाएको छ। बजार जोखिम रणनीति आवधिक रुपमा अद्यावधिक गर्नुपर्छ (कम्तिमा वर्षको एक पटक वा बजार क्रियाकलापमा भएको परिवर्तन अनुसार) र व्यवसाय, रणनीति योजना तथा बाह्य सञ्चालन वातावरणमा हुने अर्थपूर्ण विकास अनुसार यसको नियमित समीक्षा गर्नुपर्छ।

बैंकको व्यवस्थापन जानकारी प्रणालीले वास्तविक आकार, प्रतिफल, जोखिम, सम्भावित नाफा वा नोक्सान ईत्यादिको बिषयमा नियमित रुपमा विवरण निष्कासन गर्छ र यस्ता विवरण समीक्षाको लागि सञ्चालक समिति तथा उच्च व्यवस्थापनलाई पठाइन्छ। घटनाक्रम अनुसार उपयुक्त यो जनाहरु तयार पारेर राखिएको छ।

**५.१.३ तरलता जोखिम**

व्याजदर वा सुरक्षणपत्र (ईक्वीटी) को मूल्य, विदेशी विनिमय दर र वस्तुको मूल्यको उतार चढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकुल परिवर्तनको कारण बैंकले बजार जोखिमलाई लेखाङ्कन गरेको छ। तरलता जोखिमले बैंकको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले बैंकको वित्तीय अवस्थालाई प्रतिकुल प्रभाव नपारी दायित्व पूरा गर्ने बैंकको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र बैंकको प्रतिकुलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ।

तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित गरिएको वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरु पूरा गर्न बैंकले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ। सामान्य र असामान्य दुवै परिस्थितिमा नगद प्रवाहको समय नमिल्दा बैंकले भुक्तानी दायित्वहरु पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारण तरलता जोखिम उत्पन्न हुन सक्छ।

यो जोखिमलाई कम गर्न व्यवस्थापनले मूल निक्षेप आधार बाहेक विभिन्न स्रोतहरुको व्यवस्था गरेको छ र तरलतालाई विचार गरीसम्पत्ति व्यवस्थापन गर्ने र भविष्यमा नगद प्रवाह र तरलतालाई दैनिक रुपमा अनुगमन गर्ने नीति अपनाएको छ । बैंकले तरलता जोखिम व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रक्रियाकहरु र आकस्मिक योजनाहरु विकास गरेको छ । आकस्मिक योजनाहरुले अपेक्षित नगद प्रवाहको मूल्यांकन र उच्च ग्रेडेको धितोको उपलब्धतालाई समेटेको छ र यसलाई आवश्यक लगानी सुनिश्चितताको लागि प्रयोग गर्न सकिन्छ ।

निम्न तालिकामा लगानीको पोर्टफोलियोको परिपक्वता प्रोफाइललाई छुट बिनाको (undiscounted) रकम प्रवाहको आधारमा चित्रण गरिएको छ जुन आवश्यक तरलताको स्तर पूरा गर्न व्यवस्थित गरिएको हो जुन यो तरलता अभाव हुने बेलामा कुनै व्यवसायको वित्तीय दायित्वहरुको समयसीमालाई ध्यानमा राखेर बनाएको हो ।

**सञ्चालन जोखिम**

अपर्याप्त वा असफल आन्तरिक प्रक्रिया, व्यक्ति र प्रणाली वा बैंकको लागि कानुनी जोखिमसहित बाह्य घटनाहरुको प्रभावबाट हुने सम्भावित जोखिमबाट हुने नोक्सानको रुपमा सञ्चालन जोखिमलाई परिभाषित गरिएको छ ।

सञ्चालन जोखिम बैंकको सबै कार्यमा व्यापक छ र मानव संसाधन, प्रणाली र प्रक्रियागत डिजाइन लगायत बैंकले काम गर्न विकास गरेका सबै स्रोतबाट प्रभावित हुन्छन् । सञ्चालन जोखिम जालसाजी, व्यवसायमा हुने अवरोध, प्रणाली असफलता, भौतिक पूर्वाधारमा क्षति, कार्यान्वयनमा असफलता र सेवा डेलिभरी, उत्पादहरूमा स्वाभाविक जोखिम, ग्राहकहरू, प्रक्रियाहरूमा अयोग्यता वा त्रुटिपूर्ण प्रक्रिया डिजाइनहरू र व्यापार जस्ता आन्तरिक र बाह्य दुवै कारणले हुन सक्छ । कुनै पनि व्यवसायिक काम वा व्यवसाय सहायता काममा जोखिम उत्पन्न हुन सक्छ । जोखिम व्यवस्थापन र नैतिक व्यवसायिक अभ्यासको बलियो संस्कृतिले हानिकारक सम्भावित सञ्चालन जोखिम घटनाबाट रोक्न  बैंक प्रतिबद्ध छ । र, घट्न सक्ने

| | ३ महिना भन्दा कम | ३ महिनादेखि ६ महिन | ६ महिनादेखि १ वर्ष | १ वर्ष भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | |
| नगद र नगद समान | २०,२१५ | - | - | - | २०,२१५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १६,०९८ | - | - | - | १६,०९८ |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | ३८४ | - | - | - | ३८४ |
| व्युत्पन्न वित्तीय उपकरण | ७,००६ | - | - | - | ७,००६ |
| अन्य ब्यापारिक सम्पत्ति | ७ | - | - | - | ७ |
| बैंक तथा वित्तीय संस्थालाई कजासापट | ४९ | १,४०५ | १,९६६ | ३,५०४ | ६,९२३ |
| ग्राहकलाई कर्जासापट | २४,१४१ | १४,४५२ | २१,७०९ | ८२,२७२ | १४२,५७४ |
| सहायक कम्पनीमा लगानी | १,२०५ | - | - | - | १,२०५ |
| **जम्मा** | **६९,१०४** | **१५,८५७** | **२३,६७५** | **८५,७७६** | **१९४,४१२** |
| | | | | | |
| **दायित्व** | | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाकी रकम | ८,५३६ | - | - | - | ८,५३६ |
| नेपाल राष्ट्र बैंकलाईतिर्न बाकी रकम | ३१५ | - | - | - | ३१५ |
| व्युत्पन्न वित्तीय उपकरण | ६,९१३ | - | - | - | ६,९१३ |
| ग्राहकको निक्षेप | ४०,७६४ | २०,४९० | ३५,७७१ | ७९,७९६ | १७६,८२१ |
| सापटी | - | - | - | - | - |
| अन्य दायित्व | २,०४६ | - | - | - | २,०४६ |
| जारी गरिएको ऋणपत्र | | - | - | ७,७१० | ७,७१० |
| **जम्मा** | **६६,२८३** | **२०,४९०** | **३५,७७१** | **७९,७९६** | **२०२,३४०** |

जोखिमका घटनासँग जुध्नसक्ने स्थितिमा छ। सञ्चालक समिति र उच्च व्यवस्थापनको काम र नीति, प्रक्रिया तथा प्रणालीले जोखिम व्यवस्थापन संस्कृतिको लागि बलियो आधार प्रदान गरेको छ।

बैंकले प्रमुख नियन्त्रणका मापदण्ड, प्रमुख नियन्त्रण स्वमूल्यांकन र मुख्य जोखिम सूचकांकलाई उपकरणको रुपमा प्रयोग गरेर सञ्चालन जोखिम घटनाहरुलाई समयानुकुल बुझ्दै तथा लुकेका जोखिमलाई लेखांकन, मूल्यांकन र नियन्त्रण गर्छ।

बैंकले उच्चस्तरीय प्रशासनिक मापदण्डको सुनिश्चितता, आचारसंहिताको पालना साथै नियामक निकाय तथा बैंकको आन्तरिक नीति, प्रक्रियाहरू र मापदण्ड अनुपालनको पनि सुनिश्चितता गर्नुपर्छ।

प्रभावकारी नीतिहरू, प्रक्रियात्मक मापदण्ड र स्तरीय सञ्चालन प्रक्रिया जोखिम व्यवस्थापनको लागि बलिया उपकरण हुन्। तसर्थ, विभागले नीति र प्रक्रियाहरूको पर्याप्तता र प्रभावकारिता तथा तिनको प्रभावकारी कार्यान्वयन नजिकबाट अनुगमन गरिरहेको हुन्छ र यी नियामक निकायको मापदण्डअनुसारको छ गतिशिल जोखिम वातावरण अनुकुल छ भन्ने निश्चित गर्छ।

## ५.२ पूँजी व्यवस्थापन

### ५.२.१ गुणात्मक प्रकटीकरण

बैंकले '**आन्तरिक पूँजी योग्यता निर्धारण प्रक्रिया २०१८'(ICAAP 2018)** तयार पारेर कार्यान्वयन गरेको छ जसलाई सञ्चालक समितिले पारित गरेको हो। यसले बैंकलाई आन्तरिक पूँजीको मात्रा, प्रकार र वितरण मूल्यांकन र सुधार गर्न सहयोग गर्छ जुन बैंकमा उजार हुन सक्ने जोखिमको प्रकृति र तहलाई ढाक्नको लागि पर्याप्त हुन्छ।

आन्तरिक पूँजी योग्यता निर्धारण प्रक्रिया (ICAAP) मा सुशासन व्यवस्था, वस्तुगत जोखिम व्यवस्थापनको कुशल प्रक्रिया र आर्थिक पूँजी आंकलन र सुधारको लागि प्रभावकारी प्रणाली हुनु आवश्यक छ। आर्थिक पूँजीले (आर्थिक रुपमा आवश्यक पूँजी) ले बैंकको व्यवसाय सञ्चालन र सम्बन्धित जोखिमहरुमा लगानीको लागि आवयश्क पूँजीगत आवश्यकतालाई जनाउँछ।

ICAAP 2018 ले बैंकको जोखिम प्रोफाइल र यसको जोखिम व्यवस्थापन, नियन्त्रण वातावरण र रणनीतिक योजनाको प्रभावकारिताको सम्बन्धमा पूँजी पर्याप्तता आवश्यकताहरूको मूल्यांकन गर्न उचित विधि र प्रक्रियाहरू तोकेर आन्तरिक पूँजी पर्याप्तताको गणनाको लागि नीति र प्रक्रियात्मक मार्गदर्शन प्रदान गर्दछ।

रणनीतिक उद्देश्यहरूको सम्बन्धमा बैंकको वर्तमान र भविष्यको पूँजी आवश्यकताहरू सुनिश्चित गर्न विशेषगरी सञ्चालक समिति उत्तरदायी हुनेछ। व्यवस्थापनले बैंकले विभिन्न व्यावसायिक गतिविधिहरूको क्रममा सामना गरिरहेको जोखिमहरूको प्रकृति र स्तरको र यो जोखिम कसरी पूँजी स्तरसँग सम्बन्धित छ भने र समीक्षा गर्नेछ र सोही अनुसार जोखिम व्यवस्थापनको लागि जोखिम व्यवस्थापन प्रारुप कार्यान्वयन गर्नेछ।

### ५.२.२ गुणात्मक प्रकटीकरण

**अ) पूँजीगत संरचना र पूँजीगत पर्याप्तता**

**क) प्राथमिक पूँजीतालिका**

रकम रु दश लाखमा

| क्र.म | विवरण | रकम |
|---|---|---|
| क | चुक्ता पूँजी | ८,८३४ |
| ख | सेयर प्रिमियम/पूँजीगत जगेडा कोष | |
| ग | प्रस्तावित बोनस सेयर | - |
| घ | वैधानिक साधारण जगेडा कोष | २,४३० |
| ङ | संचित मुनाफा | २,११३ |
| च | चालू वर्षको अनुमानित सञ्चित नाफा | - |
| छ | पूँजीचुक्ता जगेडा कोष | ४१७ |
| ज | अन्य स्वतन्त्र जगेडा कोष | - |
| झ | स्थगित कर सम्पत्ति | - |
| ञ | अमूर्त सम्पत्ति | (११०) |
| ट | वित्तीय स्वार्थसहित संस्थागत इक्विटीमा लगानी | (२००) |
| ठ | सीमा भन्दा अधिक जग्गा र भवन खरिद | - |
| | **प्राथमिक पूँजी** | १३,४८३ |

**ख) पुरक पूँजी तालिका**

| क्र.म | विवरण | रकम |
|---|---|---|
| क | सुरक्षण नराखेको सहायक आवधिक दायित्व | ६,७४२ |
| ख | सामान्य कर्जा नोक्सानी व्यवस्था | १,४८४ |
| ग | सटही समीकरण कोष | ३९ |
| घ | लगानी समायोजन कोष | ५६ |
| | **पुरक पूँजी** | ८,३२१ |

ग) सुरक्षण नराखिएको सहायक आवधिक ऋणको (Subordinated Term Debt) बक्यौता रकम, परिपक्व हुने मिति तथा वर्षमा उत्पन्न रकम र पूंजी कोषको रुपमा गणना योग्य रकमको विस्तृत जानकारी।

रकम रु दश लाखमा

| विवरण | बक्यौता रकम | जारी मिति | परिपक्व हुने मिति | ब्याजदर (प्रतिशतमा) * | पूँजीगत कोषको लागि योग्य रकम |
|---|---|---|---|---|---|
| ७.२५ प्रतिशत एन आई सी एशिया बोन्ड २०७७ | ५०० | १५-मे-१४ | १४-मे-२१ | ७.२५ | ५०० |
| ९ प्रतिशत एन आई सी एशिया बोन्ड २०८१/८२ | ३,००० | १४-जनवरी-१८ | १३-जनवरी-२५ | ९ | ३,००० |
| ११ प्रतिशत एन आई सी एशिया बोन्ड २०८२/८३ | १,८ ३० | २०-सेप्टम्बर-२०१८ | १९-सेप्टम्बर-२५ | ११ | १८३० |
| १० प्रतिशत एन आई सी एशिया बोन्ड २०८५/८६ | २,४०५ | १-मार्च-२०१९ | २६-फेबुअरी-१९ | १० | २,४०५ |
| कूल | ७,७३५ | | | | |

तर, ५० प्रतिशत प्राथमिक पूँजीकोष मात्र घटाउन मिल्ने कूल योग्य रकम ६,७४२ रुपैयाँ हो।

*ब्याजदर अर्धवार्षिक रुपमा तिर्न सकिने खालको हो।

**घ) पूँजीकोषबाट घटाउन पर्ने रकम**

- बोन्ड जारी खर्चसँग सम्बन्धित अमूर्त सम्पत्ति र विदेशी मुद्रा बोन्डमा रहेको प्रिमियम गरी रु ११ करोड रुपैयाँ मूल पूँजीबाट घटाइएको छ।
- बैंकले एन आई सी एशिया क्यापिटल लिमिटेड, पूर्ण स्वामित्व भएको सहायक कम्पनी, मा गरेको रु २० करोड रुपैयाँ बराबरको लगानी रकम मूल पूँजीबाट घटाइएको छ।

**ङ) कुल योग्य पूँजी**

रकम रु दश लाखमा

| क्र.स | विवरण | रकम |
|---|---|---|
| क | प्राथमिक पूँजी | १३,४८३ |
| ख | पूरक पूँजी | ८,३२१ |
| | कुल योग्य पूँजी (कुल पूँजीगत कोष) | २१,८०४ |

**च) पूँजीगत पर्याप्तता दर**

१६ जुलाई २०१९ मा गरिएको गणना अनुसार बैंकको पूँजीगत पर्याप्तता दर १३.३२ प्रतिशत छ।

**छ) चालु र भविष्यका गतिविधिमा सहायता गर्न पूँजीगत पर्याप्तता दर मुल्यांकनको लागि बैंकको आन्तरिक शैलीको संक्षिप्त विवरण**

बैंकको बजेट नीति र रणनीतिक कागजातमा उल्लेख गरिए अनुसार बैंकले दीर्घकालिन योजना हासिलका लागि ५ वर्षे रणनीतिक योजना बनाएको छ र वार्षिक बजेट, सञ्चालन र रणनीतिक योजना बनाएको छ।

व्यापार योजनाअनुसार बैंकको पूँजी पर्याप्तता बैंकको पूँजीको माग अनुरुप सुनिश्चित गर्न व्यवस्थापन र सञ्चालक समिति विवेकपूर्ण र सक्रियताका साथ ।ICAAP २०१८ अनुसार पूँजी र जोखिम मूल्यांकन, दबाब परीक्षण र परिदृश्य परीक्षण, अनुगमन र रिपोर्टिङको प्रक्रियामा संलग्न छन्।

विशेषगरी कम आवृत्ति तर उच्च गम्भीरता घटनाहरूको समस्याग्रस्त लेखांकन र विभिन्न तनावका परिस्थितिहरूमा बैंकको कमजोरताको आंकलन गर्न अपेक्षित र अप्रत्याशित नोक्सान लेखांकन गर्दै बैंकले 'दबाब परीक्षण मार्गदर्शन २०१७'(Stress Testing) तर्जुमा र कार्यान्वयन पनि गरेको छ। यसले आम्दानी, सम्पत्ति र तरलतामा हुने प्रभाव विश्लेषणसहित ठूलो तर रोक्न सकिने घटनाहरूको प्रभाव लिने र समग्र जोखिम प्रोफाइललाई सुसंगत र स्थिर फ्रेमवर्कमा बुझ्ने कुरामा ध्यान केन्द्रित गर्दछ। ICAAP 2018 र दबाब परीक्षण मार्गदर्शन २०१७ (Stress Testing 2017) बमोजिम उच्च व्यवस्थापनलाई जोखिम प्रोफाइल, प्रवृत्ति, र पूँजी आवश्यकता सम्बन्धी आवश्यक जानकारी प्रदान गर्न औपचारिक अनुगमन र रिपोर्टिङ संयन्त्र स्थापना गरिएको छ। त्यस्ता, प्रतिवेदनहरू मासिक र त्रैमासिक रुपमा तयार पारी सम्बन्धित व्यवसाय इकाई/विभाग, एकीकृत जोखिम विभाग (IRMD), र सम्पत्ति दायित्व समिति (ALCO) बैठकमा राखिन्छ। थप त्रैमासिक रिपोर्ट समीक्षा र छलफलका लागि जोखिम व्यवस्थापन समिति र बोर्डमा प्रस्तुत गरिन्छ।

## ज) विशेषगरी हाइब्रिड पूँजीगत उपकरणसहित अधिनस्थ अवधि ऋणको अवधि, सर्तहरु र मुख्य विशेषताको सारांश

साधारण सेयर पूँजी : बैंकसँग एक सय रुपैयाँ मूल्य भएका एउटै मात्र वर्गको इक्विटी सेयर छ। इक्विटी सेयर भएका हरेक व्यक्तिले एक सेयर बराबर एक भोटको अधिकार राख्छन् । बैंकको लिक्वीडेसन भएको खण्डमा इक्विटी हुनेले अधिमान्य रकम वितरण गरेपछि बैंकको बाँकी सम्पत्ति प्राप्त गर्ने हक हुनेछ। शेयरधनीसँग भएको इक्विटी सेयरको अनुपातमा बाँकी सम्पत्ति वितरण हुनेछ।

डिवेञ्चर : बैंकले ७.२५ प्रतिशत एन आई सी एशिया बोन्ड २०७७, ९ प्रतिशत एन आई सी एशिया बोन्ड, ११ प्रतिशत एन आई सी एशिया बोन्ड २०८२-८३, १० प्रतिशत एन आई सी एशिया बोन्ड २०८५/८६ गरी क्रमशः ५० करोड रुपैयाँ, ३०० करोड रुपैयाँ, १८३ करोड रुपैयाँ, र २४०.५ करोड रुपैयाँको बोन्ड जारी गरेको छ। यी डिवेञ्चरसँग कुनै मतदान अधिकार हुँदैन। बैंकको निक्षेपकर्तासँग डिवेञ्चर अधिनस्थ हुनेछ।

## क) जोखिमका क्षेत्र)

### अ) कर्जा जोखिम, बजार जोखिम र सञ्चालन जोखिमको तालिका

रकम रु दश लाखमा

| क्र.स. | जोखिम भार क्षेत्र | रकम |
|---|---|---|
| क | कर्जा जोखिम वापतको जोखिम भारित सम्पत्ति | १५४,५०७ |
| ख | चालन जोखिम वापतको जोखिम भारित सम्पत्ति | ५,६८६ |
| ग | बजार जोखिम वापतको जोखिम भारित सम्पत्ति | ११८ |
| घ | Pillar II अन्तर्गतको समायोजन | |
| ङ | सम्पत्ति दायित्व व्यवस्थापन सम्बन्धी नीतिहरु र अभ्यास सन्तोषजनक नभएको कारण कुल आयको ३ प्रतिशत जोखिम भारित सम्पत्तिमा जोडने | १६१ |
| च | जोखिम भारित सम्पत्तिमा दुई प्रतिशत थप | ३,२०६ |
| | **कुल जोखिमवापतको भारित सम्पत्ति ( Total RWE )** | **१६३,६७८** |

### आ) कर्जा जोखिमको ११ वर्ग अन्तर्गत जोखिम

रकम रु दश लाखमा

| क्र.सं. | जोखिम वर्गीकरण | खुद वासलात मुल्य | RWE |
|---|---|---|---|
| क | केन्द्रिय बैंक र सरकारससँग दाबी | ३१,६५७ | - |
| ख | अन्य वित्तीय संस्थासँगको दाबी | - | - |
| ग | बैंकहरुसँगको दाबी | २१,१९४ | ४,३९८ |
| घ | कर्पोरेट र  सुरक्षणपत्र कम्पनीसँग दाबी | ५४,५९५ | ५४,५९५ |
| ङ | उपभोक्ता तथा साना कर्जा (Regulatory Retail Portfolio) (भाखा ननाघेको) | ५८,३०५ | ४३,७२९ |
| च | आवासीय सम्पत्तिबाट सुरक्षित दाबी | ७,७४७ | ४,६५९ |
| ट | व्यापारिक घरजग्गाबाट सुरक्षित दाबी | १,३१६ | १,३१६ |
| ज | भाका नाघेका दाबी | ४४६ | ६६९ |
| झ | उच्च जोखिम दाबी | २४,३०४ | ३५,१९९ |
| ञ | अन्य सम्पत्ति | १०,९७६ | ५,२९६ |
| ट | गैर वासलात वस्तु | १५,६२१ | ४,६४६ |
| | **कुल जोखिम** | **२२६,१६०** | **१५४,५०७** |


बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

### ख) कुल जोखिम भारित सम्पत्ति गणनाको तालिका

रकम रु दश लाखमा

| (A) **वासलात** | **खुद कितावी मूल्य (ए)** | **विशेष व्यवस्था र मुल्यांकन समायोजन (बी)** | **उपयुक्त सीआर एम** | **खुद मुल्य (डी) (ए–बी–सी)** | **जोखिम भार प्रतिशतमा(ई)** | **जोखिम भारित सम्पत्ति(डी *ई)** |
|---|---|---|---|---|---|---|
| नगद मौज्दात | ५,३४५ | - | - | ५,३४५ | ० | - |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १६,००८ | - | - | १६,००८ | ० | - |
| सुन | - | - | - | - | ० | - |
| नेपाल सरकारको ऋणपत्रमा गरिएको लगानी | १५,३४३ | - | - | १५,३४३ | ० | - |
| नेपाल सरकार उपरको सम्पूर्ण दावी | २१६ | - | - | २१६ | ० | - |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरिएको लगानी | - | - | - | - | ० | - |
| नेपाल राष्ट्र बैंक उपरको सम्पूर्ण दावी | ९० | - | - | ९० | ० | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी (ECA ०-१) | - | - | - | - | ० | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी ( ECA ०-२) | - | - | - | - | २० | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी ( ECA ०-३) | - | - | - | - | ५० | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी ( ECA ४-६) | - | - | - | - | १०० | - |
| विदेशी सरकार र केन्द्रिय बैंकसँग दाबी ( ECA-७) | - | - | - | - | १५० | - |
| बीआईएस, आईएमएफ, ईसीबी, ईसी र अन्य बहुपक्षीय विकास बैंक प्रारुपबाट लेखांकन गरिएको दाबी | - | - | - | - | ० | - |
| अन्य बहुपक्षीय विकास बैंकसँगको दाबी | - | - | - | - | १०० | - |
| सार्वजनिक संस्थासँग दाबी ( ECA ०-१ | - | - | - | - | २० | - |
| सार्वजनिक संस्थासँग दाबी ( ECA ०-२) | - | - | - | - | ५० | - |
| सार्वजनिक संस्थासँग दाबी ( ECA ३-६) | - | - | - | - | १०० | - |
| सार्वजनिक संस्थासँग दाबी ( ECA-७) | - | - | - | - | १५० | - |
| पूँजी पर्याप्ताताको आवश्यकता पूरा गरेका स्वदेशी बैंकसँगको दाबी | ११,३७३ | - | - | ११,३७३ | २० | २,२७५ |
| पूँजी पर्याप्ताताको आवश्यकता पूरा नगरेका स्वदेशी बैंकसँगको दाबी | - | - | - | - | १०० | - |
| विदेशी बैंकसँग दाबी ( ECA०-१) | ९,०७८ | - | - | ९,०७८ | २० | १,८१६ |
| विदेशी बैंकसँग दाबी ( ECA ०-२) | ५३२ | - | - | ५३२ | ५० | २६६ |
| विदेशी बैंकसँग दाबी ( ECA ३-६) | - | - | - | - | १०० | - |
| विदेशी बैंकसँग दाबी ( ECA ७) | - | - | - | - | १५० | - |
| सार्क क्षेत्रमा सञ्चालित सम्बन्धित नियामकको पूँजी आवश्यकता भन्दा १ प्रतिशत बढीमा सञ्चालित बैंकसँग दाबी | २११ | - | - | २११ | २० | ४२ |
| स्वदेशी कर्पोरेटसँग दाबी | ५४,६९७ | ७७ | २५ | ५४,५९५ | १०० | ५४,५९५ |
| विदेशी कर्पोरेटसँग दाबी ( ECA ०-१) | - | - | - | - | २० | - |
| विदेशी कर्पोरेटसँग दाबी ( ECA ०-२) | - | - | - | - | ५० | - |
| विदेशी कर्पोरेटसँग दाबी ( ECA ३-६) | - | - | - | - | १०० | - |
| विदेशी कर्पोरेटसँग दाबी ( ECA ७) | - | - | - | - | १५० | - |
| नियमित खुद्रा पोर्टफोलियो (बाँकी नभएको) | ५८,६५३ | १३ | ३३६ | ५८,३०५ | ७५ | ४३,७२९ |
| Granularity बाहेक सबै मापदण्ड पुरा गरेका उपभोक्ता तथा साना कर्जा दाबी | - | - | - | - | १०० | - |
| आवासिय घरजग्गाबाट सुरक्षित दावी | ७,७२० | १ | - | ७,७१९ | ६० | ४,६३१ |

| (A) **वासलात** | **खुद कितावी मूल्य (ए)** | **विशेष व्यवस्था र मूल्यांकन समायोजन (बी)** | **उपयुक्त सीआर एम** | **खुद मुल्य (डी) (ए-बी-सी)** | **जोखिम भार प्रतिशतमा(ई)** | **जोखिम भारित सम्पत्ति(डी *ई)** |
|---|---|---|---|---|---|---|
| आवासिय घरजग्गाबाट पूर्ण सुरक्षित नभएको दावी (भाखा ननाघेको) | - | - | - | - | १५० | - |
| आवासिय घरजग्गाबाट पूर्ण सुरक्षित नभएको दावी (भाखा नाघेको) | ४१ | १३ | - | २८ | १०० | २८ |
| व्यापारिक घरजग्गाबाट सुरक्षण सुरक्षित दाबी | १,३१६ | - | - | १,३१६ | १०० | १,३१६ |
| भुक्तानी अवधि समाप्त भइसकेको दावी(आवासिय घरजग्गा सुरक्षित बाहेक) | ७११ | २५९ | ६ | ४४६ | १५० | ६६९ |
| उच्च जोखिम दाबी (भेञ्चर क्यापिटल, निजी सम्पत्ति लगानी, व्यक्तिगत ऋण र क्रेडिट कार्डबाट उपलब्ध हुने रकम) | १९,९०० | ३३ | २९० | १९,५७८ | १५० | २९,३६६ |
| सुरक्षण पत्रको धितोमा दिइएको कर्जा (बोन्ड र सेयर) | ९१२ | - | - | ९१२ | १०० | ९१२ |
| स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लगानी | १,६०३ | - | - | १,६०३ | १०० | १,६०३ |
| स्टक एक्सचेन्जमा सूचीकृत नभएको कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लगानी | २,२१२ | - | - | २,२१२ | १५० | ३,३१८ |
| आवासीय सम्पत्तिबाट सुरक्षित कर्मचारी कर्जा | ८३७ | - | - | ८३७ | ६० | ५०२ |
| सरकारी सुरक्षणमा प्राप्त हुने व्याज/दाबी | - | - | - | - | ० | - |
| मार्गस्थ नगद तथा कलेक्सनमा रहेको नगदजन्य सम्पत्ति | - | - | - | - | २० | - |
| अन्य सम्पत्ति | ४,७९४ | - | - | ४,७९४ | १०० | ४,७९४ |
| **कूल (A)** | २११,५९२ | ३९५ | ६५८ | २१०,५४० | | १४९,८६१ |

| (B) **गैर वासलात** | **खुद कितावी मूल्य (ए)** | **विशेष व्वस्था र मूल्यांकन समायोजन (बी)** | **उपयुक्त सीआरएम (सी)** | **खुद मूल्य (डी) (ए-बी-सी)** | **जोखिम भार प्रतिशतमा(ई)** | **जोखिम भारित सम्पत्ति(डी *ई)** |
|---|---|---|---|---|---|---|
| रद्द गर्न सकिने प्रतिबद्धता | | | | - | ० | - |
| बिल कलेक्सन | ३७.१२ | - | - | ३७.१२ | ० | - |
| फरवार्ड विनिमय सम्झौता दायित्वहरु | ३,९०१.५४ | - | - | ३,९०१.५४ | १० | ३९०.१५ |
| वास्तविक परिपक्व मिति ६ महिनासम्म भएको प्रतीतपत्र (स्वदेशी प्रतिपक्ष) | १,३९६.७६ | - | ३९.४९ | १,३५७.२८ | २० | २७१.४६ |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ०-१) | - | - | - | - | २० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ २) | - | - | - | - | ५० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ३-६) | - | - | - | - | १०० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ७) | - | - | - | - | १५० | - |
| वास्तविक परिपक्व मिति ६ महिनाभन्दा बढी भएको प्रतीतपत्र ( स्वदेशी प्रतिपक्ष ) | - | - | - | - | ५० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ०-१) | - | - | - | - | २० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ २) | - | - | - | - | ५० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ३-६) | - | - | - | - | १०० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ७) | - | - | - | - | १५० | - |

| (B) गैर वासलात | खुद कितावी मूल्य (ए) | विशेष व्वस्था र मूल्यांकन समायोजन (बी) | उपयुक्त सीआरएम (सी) | खुद मूल्य (डी) (ए–बी–सी) | जोखिम भार प्रतिशतमा(ई) | जोखिम भारित सम्पत्ति(डी *ई) |
|---|---|---|---|---|---|---|
| बिड बोन्ड, कार्यसम्पादन जमानत र काउन्टर जमानत (स्वदेशी प्रतिपक्ष) | ४,२९७.२६ | - | १५८.४४ | ४,१३८.८२ | ५० | २,०६९.४१ |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ०-१) | - | - | - | - | २० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ २) | - | - | - | - | ५० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ३-६) | - | - | - | - | १०० | - |
| विदेशी प्रतिपक्ष (ईसीए रेटिङ ७) | - | - | - | - | १५० | - |
| प्रत्याभूति (underwriting) सम्बन्धित प्रतिबद्धता | - | - | - | - | ५० | - |
| बैंकहरुबाट सुरक्षणको रुपमा प्रदान गरिएको जमानतहरु (Lending of Bank's Securities or Posting of Securities as collateral) | - | - | - | - | १०० | - |
| पुन खरिद सम्झौता, विकल्पसहित सम्पत्ति बिक्री (रिपो र रिभर्स रिपो सहित) | - | - | - | - | १०० | - |
| अग्रिम भुक्तानी जमानत | ३०७.१४ | - | ३.२६ | ३०३.८७ | १०० | ३०३.८७ |
| वित्तीय जमानत | - | - | - | - | १०० | - |
| स्वीकार तथा दरपीठ (Acceptance and Endorsements) | २८५.९७ | - | २१.२५ | २६४.७२ | १०० | २६४.७२ |
| भुक्तानी नगरिएको भाग तथ आंशिक भुक्तानी गरिएको शेयर तथा सुरक्षण (Unpaid portion of Partly paid shares and securities) | - | - | - | - | १०० | - |
| रद्द गर्न नसकिने कर्जा प्रतिबद्धता (अल्पकालिन) | ५,३४१.७३ | - | - | ५,३४१.७३ | २० | १,०६८.३५ |
| रद्द गर्न नसकिने कर्जा प्रतिबद्धता (दीर्घकालिन) | - | - | - | - | ५० | - |
| सार्क क्षेत्रमा सञ्चालित सम्बन्धित नियामकको पूँजी आवश्यकता भन्दा १ प्रतिशत बढीमा सञ्चालित बैंकसँग दाबी | - | - | - | - | २० | - |
| अन्य सम्भावित दायित्वहरु | २७३.४४ | - | ०.१३ | २७३.३२ | १०० | २७३.३२ |
| भुक्तान हुन बाँकी र जमानत दाबी | २.५० | - | - | २.५० | २०० | ५.०० |
| **कूल (B)** | १५,८४३ | - | २२३ | १५,६२१ | | ४,६४६ |
| कर्जा जोखिम (A ) +(B) | २२७,४३६ | ३९५ | ८८० | २२६,१६० | | १५४,५०७ |
| (Pillar II) मा समायोजन | | | | | | |
| एकल बाध्यकारी सीमा भन्दा अधिक ऋण र सुविधाको १० प्रतिशत (६.४ ए ३) | - | - | - | - | | - |
| स्रोत सहित कर्जा बिक्री भएमा १ प्रतिशत सम्झौता (बिक्री) मुल्य (६.४ ए ४) | - | - | - | - | - | - |
| **कर्जा जोखिमको लागि कूल** (RWE) | २२७,४३६ | ३९५ | ८८० | २२६,१६० | | १५४,५०७ |

## ख) NPS को रकम (कुल र खुद)

रकम रु हजारमा

| विवरण | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|
| | कुल NPS | खुद NPS | कुल NPS | खुद NPS |
| पुनरसंरचना/पुनरतालिकीकरण गरिएका कर्जा | - | - | - | - |
| कमसल कर्जा | ४२५,९६५ | ३१९,४७४ | १२,३८४ | ९,२८८ |
| शंकास्पद कर्जा | ५०,४८२ | २५,२४१ | ४,८६१ | २,४३१ |
| खराब कर्जा | २१३,९५५ | - | ६६,८८६ | - |
| **जम्मा एनपीए(NPA)** | ६९०,४०१ | ३४४,७१४ | ८४,१३२ | ११,७१९ |

### ५.२.३ बाह्य नियामक प्राबधानको अनुपालन

२०१५/१६ को मौद्रिक नीति अनुसार वाणिज्य बैंकहरुले मध्य जुलाई २०१७ सम्ममा चुक्ता पूँजी ८ अर्ब रुपैयाँ पुऱ्याउनुपर्ने व्यवस्था थियो। रिपोर्टिङ मिति अनुसार बैंकको चुक्ता पूँजी ८.८३ अर्ब नेपाली रुपैयाँ छ।

## ५.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्वको वर्गीकरण

रकम रु दश लाखमा

| वित्तीय सम्पत्ति | नोट्स | यस वर्ष | | गत वर्ष | |
|---|---|---|---|---|---|
| | | किताबी मूल्य | fair value | किताबी मूल्य | fair value |
| **सम्पत्ति** | | | | | |
| **परिशोधित लागतमा मापन गरिएको सम्पत्ति** | | | | | |
| नगद र नगद समान | ४.१ | २०,२१५ | २०,२१५ | ८,१३२ | ८,१३२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | १६,०९८ | १६,०९८ | १५,८६१ | १५,८६१ |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | ४.३ | ३८४ | ३८४ | ३१४ | ३१४ |
| ग्राहकलाई कर्जा सापट | ४.७ | १४२,५७४ | १४२,५७४ | ११५,८०५ | ११५,८०५ |
| | | १७९,२७० | १७९,२७० | १४०,११२ | १४०,११२ |
| **नाफा र नोक्सान मार्फत fair value (FVTPL)** | | | | | |
| व्युत्पन्न वित्तीय उपकरण | ४.४ | ७,००६ | ७,००६ | १,२६६ | १,२६६ |
| | | | | | |
| **अन्य विस्तृत आय मार्फत fair value (FVTOCI)** | | | | | |
| लगानी सुरक्षण पत्र | ४.८ | १८,१५३ | १८,१५३ | १४,१३३ | १४,१३३ |
| सहायक कम्पनीमा लगानी | ४.१ | १,२०५ | १,२०५ | २७० | २७० |
| | | १९,३५७ | १९,३५७ | १४,४०३ | १४,४०३ |
| **दायित्वहरु** | | | | | |
| **परिशोधित लागतमा मापन गरिएको दायित्व** | | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाकी रकम | ४.१७ | ८,५३६ | ८,५३६ | ११,६३० | ११,६३० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाकी रकम | ४.१८ | ३१५ | ३१५ | ७४२ | ७४२ |
| ग्राहकको निक्षेप | ४.२ | १७६,८२१ | १७६,८२१ | १३९,५९० | १३९,५९० |
| जारी गरिएको ऋणपत्र | ४.२४ | ७,७१० | ७,७१० | ३,४८८ | ३,४८८ |
| | | १९३,३८१ | १९३,३८१ | १५५,४४९ | १५५,४४९ |
| **नाफा र नोक्सान मार्फत fair value (FVTPL)** | | | | | |
| व्युत्पन्न वित्तीय उपकरण | ४.१९ | ६,९१३ | ६,९१३ | १,७२२ | १,७२२ |

## ५.३.१ वित्तीय सम्पत्ति र वित्तीय दायित्वको fair value

रकम रु दश लाखमा

| | fair value तह | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **नाफा र नोक्सान मार्फत fair value (FVTPL)** | | | |
| **वित्तीय सम्पत्ति** | | | |
| फरवार्ड सटही सम्भौता | १ | ७,००६ | १,२६६ |
| | | | |
| **वित्तीय दायित्व** | १ | | |
| फरवार्ड सटही सम्भौता | | ६,९१३ | १,७२२ |
| | | | |
| | | | |
| **अन्य विस्तृत आम्दानीमार्फत fair value** | | | |
| | | | |
| **वित्तीय सम्पत्ति** | | | |
| **ओसीआईमा लगानी सुरक्षण** | | | |
| - सुचिकृत इक्विटी सुरक्षण | १ | १,६०३ | ५६६ |
| - सुचिकृत  नगरिएको इक्विटी सुरक्षण | ३ | १,२०७ | १९१ |
| सहायक कम्पनीमा लगानी | | १,२०५ | २७० |
| **जम्मा** | | **४,०१५** | **१,०२७** |

**संशोधित लागतमा राखिएको वित्तीय उपकरण**

| | | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **वित्तीय सम्पत्ति** | | | |
| ऋण सुरक्षण | ३ | - | ३४३ |
| सरकारी वण्ड | ३ | १३,९४२ | ९,७७८ |
| सरकारी ट्रेजरी विल | ३ | १,४०१ | २,१६१ |
| नेपाल राष्ट्र बैंक वण्ड | ३ | - | - |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा सापट | ३ | ६,९२३ | ४,६५८ |
| ग्राहकलाई कर्जा सापट | ३ | १४२,५७४ | ११५,८०५ |
| एकाउन्ट रिसिवेबल | | ७५३ | ७,०५७ |
| पाकेको आम्दानी | | - | - |
| **जम्मा** | | **१६५,५९३** | **१३९,८०२** |
| | | | |
| **वित्तीय दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाकी रकम | ३ | ८,५३६ | ११,६३० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाकी रकम | ३ | ३१५ | ७४२ |
| ग्राहकको निक्षेप | ३ | १७६,८२१ | १३९,५९० |
| सापटी | ३ | - | - |
| व्यवस्थाहरु | | - | - |
| अन्य दायित्व | | २०४६ | २,०७४ |
| जारी गरिएको ऋणपत्र | | ७,७१० | ३,४८८ |
| सहायक दायित्व | | - | - |
| **जम्मा** | | **१९५,४२७** | **१५७,५२३** |

## ५.४ सञ्चालन इकाई जानकारी

### ५.४.१ सामान्य जानकारी

**रिपोर्टिङयोग्य इकाईहरु :**

लक्षित ग्राहक प्रोफाइल, उचयमगअत र सेवाहरूको प्रकृति, भिन्न जोखिम र प्रतिफल, संगठन संरचना, आन्तरिक व्यापार रिपोर्टिङ प्रणालीलाई ध्यानमा राखी व्यपार इकाईलाई लेखाङ्कन र रिपोर्टिङ गरिएको छ। निम्न इकाईहरुमा बैंक सञ्चालित हुनछ।

**क) कर्पोरेट बैंकिङ**

कर्पोरेट ग्राहकलाई दिइएको रु ५ करोड रुपैयाँ भन्दा बढी मुल्यको कर्जालाई कर्पोरेट बैंकिङ अन्तर्गत वर्गीकरण गरिएको छ । कर्पोरेट ऋणबाट प्राप्त शुल्क आम्दानी, एलसी/बीजीबाट प्राप्त विदेशी मुद्रा सटही आम्दानी यो इकाईको आम्दानी हुन् । यो इकाईको खर्चतर्फ कर्पोरेट कर्जा दिनको लागि प्रयोग गरिएको निक्षेपको व्याज खर्च, व्यक्तिगत खर्च र सञ्चालन खर्चका साथै त्यस्ता ऋणको लागि नोक्सानको व्यवस्था समेटिएको छ।

**ख) रिटेल (खुद्रा) बैंकिङ**

व्यक्तिलाई दिइने कर्जा रिटेल बैंकिङ अन्तर्गत वर्गीकरण गरिएको छ। यस्ता ऋणबाट प्राप्त शुल्क आय, व्याज आय यस इकाईको आम्दानीहरु हुन्। यो इकाईको खर्चतर्फ खुद्रा कर्जा दिनको लागि प्रयोग गरिएको निक्षेपको व्याज खर्च, व्यक्तिगत खर्च र सञ्चालन खर्चका साथै त्यस्ता कर्जाको लागि नोक्सानको व्यवस्था समेटिएको छ।

**ग) साना र मझौला उद्यम (एसएमई) बैंकिङ**

साना र मझौला उद्यमहरुलाई दिइएको कर्जा एसएमई बैंकिङ अन्तर्गत वर्गीकरण गरिएको छ। यो कर्जाबाट प्राप्त शुल्क आम्दानी, एलसी/बीजीबाट प्राप्त विदेशी मुद्रा सटही आम्दानी यो इकाईको आम्दानी हुन्। यो इकाईको खर्चतर्फ एसएमई कर्जा दिनको लागि प्रयोग गरिएको निक्षेपको व्याज खर्च, व्यक्तिगत खर्च र सञ्चालन खर्चका साथै त्यस्ता ऋणको लागि नोक्सानको व्यवस्था समेटिएको छ।

**घ) विपन्न क्षेत्र कर्जा (डीएसएल) बैंकिङ**

समाजको विपन्न क्षेत्रलाई प्रत्यक्ष प्रदान गरिएको कर्जा (उदाहरणको लागि कृषि क्षेत्र) वा अप्रत्यक्ष (उदाहरणको लागि गरिब जनताको हितको लागि काम गरिरहेको संस्था) लाई दिइएको कर्जालाई डीएसएल बैंकिङ अन्तर्गत वर्गीकरण गरिएको छ। यस्तो कर्जाबाट प्राप्त हुने व्याज आय, शुल्क आय यो इकाईको आम्दानी हुन्। यो इकाईको खर्चतर्फ डीएसएल कर्जा प्रदान गर्नको संकलित निक्षेपको खर्च, व्यक्तिगत खर्च र सञ्चालन खर्च साथै त्यस्ता कर्जाको नोक्सानको व्यवस्थालाई समेटिएको छ।

**ङ) ट्रेजरी**

सरकारी बन्ड, ट्रेजरी बिल, प्लेसमेन्ट, विदेशी मुद्रा व्यापार र अन्य संस्थाहरूको सेयरमा लगानी भएका बैंकको ब्यालेन्स यस अन्तर्गत पर्दछन्। बन्ड र बिलको व्याज आय, विदेशी मुद्रा लाभ, लाभांश आय यस क्षेत्रको राजस्व वस्तु हो। यस इकाईको खर्चमा लगानी, विदेशी मुद्रा नोक्सान, व्यक्तिगत खर्च र परिचालन खर्चका लागि प्रयोग गरिएको निक्षेपहरूमा हुने व्याज खर्च र त्यस्ता लगानीहरूको लागि सिर्जना गरिएको नोक्सानको व्यवस्था समावेश छ।

**च) कारोबार बैंकिङ**

कार्ड (डेबिट कार्ड/क्रेडिट कार्ड) बिक्रीबाट प्राप्त आम्दानी, मोबाइल र एसएमएस बैंकिङ बिक्रीबाट प्राप्त आम्दानी, ग्राहक सेवा शुल्क, एजेन्सी रेमिट्यान्स कमिसन, लकर शुल्क, चेक प्रक्रिया शुल्क यो इकाईको आम्दानीहरु हुन्। यो इकाईको खर्चतर्फ व्यक्तिगत खर्च र सञ्चालन खर्च समावेश छ।

**छ) अन्य**

माथिका कुनै पनि इकाईमा समावेश हुन नसकेका आम्दानी र खर्चहरु यस इकाईअन्तर्गत पर्छन्। सम्पत्तिको बिक्रीबाट प्राप्त हुने आम्दानी, अन्य शुल्क र प्राप्त हुने कमिसनहरु यस इकाईका आम्दानी वस्तुहरु हुन्। सामान्य व्यक्तिगत खर्च, सञ्चालन खर्च र सम्पत्तिका अपलेखनहरु यो इकाईका खर्चहरु हुन्।

कर्पोरेट बैंकिङ, रिटेल बैंकिङ, एसएमई बैंकिङ, डीएसएल बैंकिङ, कारोबार बैंकिङ र ट्रेजरीमा कम्तिमा पनि हाम्रा ७५ प्रतिशत आम्दानी समावेश हुनछन्। यहाँ, त्यसैले यी इकाईहरुलाई रिपोर्टिङयोग्य इकाई र बाँकीलाई अन्य इकाईमा वर्गीकरण गरिएको हो।

## ५.४.२ नाफा वा नोक्सान, सम्पत्ति र दायित्वबारे जानकारी

रकम रु दश लाखमा

| विवरणहरु | कर्पोरेट | एसएमई | रिटेल | डीएसएल | टीबी | ट्रेजरी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **बाह्य ग्राहकबाट प्राप्त आम्दानी** | १,०६१ | २,६७५ | ३,१२२ | ६५८ | ६७४ | ८६५ | ४५० | ९,५०६ |
| अन्तर इकाई खर्च/आम्दानी | (१७) | ७ | ९ | २ | - | ६२६ | - | ६२६ |
| **कुल आम्दानी** | १,०४४ | २,६८२ | ३,१३१ | ६६० | ६७४ | १,४९२ | ४५० | १०,१३२ |
| व्याज आम्दानी | २,९७६ | ६,०२८ | ७,७९१ | १,५५७ | - | ८१९ | १७४ | १९,३४६ |
| व्याज खर्च | २,१०० | ४,०३३ | ५,०९४ | १,१५६ | - | २ | - | १२,३८५ |
| **कुल व्याज आम्दानी** | ८७६ | १,९९५ | २,६९७ | ४०१ | - | ८१८ | १७४ | ६,९६१ |
| ह्रासकट्टी र परिशोधन | १६ | ९३ | ६७ | १७ | ८ | २ | १ | २०४ |
| **कर तिर्नुअघिको नाफा** | ८४ | ९२० | १,६११ | १७६ | ६०५ | १,३८९ | २५५ | ५,०४० |
| कर्जाको क्षति प्रभार / (विपर्यय) तथा अन्य हानी | ११२ | २५१ | १८६ | ५१ | - | - | - | ५९९ |
| **इकाई अनुसार सम्पत्ति** | १७,२०२ | ६७,१२९ | ६९,७६४ | १७,९२७ | ९९ | ४५,५६६ | ९ | २१७,६९७ |
| **इकाई अनुसार दायित्व** | १७,८४२ | ६९,६६९ | ७०,४४६ | ११,९२८ | ४२ | ४७,७७० | - | २१७,६९७ |

## ५.४.३ सञ्चालन इकाईको नाफा वा नोक्सान, सम्पत्ति र दायित्वको मापन

बैंकले कारोबारको प्रमुख क्षेत्रहरू सञ्चालनको प्रकृतिको आधारमा लेखाङ्कन गरेको छ जसले निर्णय प्रक्रियामा बैंकको व्यवस्थापन समितिलाई निर्णय प्रक्रियामा र स्रोतहरू बाँडफाँडको लागि सहयोग गर्छ। यसले व्यवस्थापन क्षेत्रको प्रदर्शन आँकलन गर्न मद्दत गर्दछ। यो इकाई व्यवसायको प्रकृतिको आधारमा लेखाङ्कन गरिएको छ। लगानी रकम, राष्ट्र बैंकमा भएको रकम, लगानीबाट हुने आय, विदेशी मुद्राबाट प्राप्त आम्दानी प्रदेश ३ अन्तर्गतको केन्द्रिय कार्यालयमा प्रस्तुत गरिन्छ। अन्तर इकाई आम्दानी र खर्चलाई बैंकको नीतिअनुसार राखिएको छ र केन्द्रिय कार्यालयबाट हटाइएको छ।

## ५.४.४ उल्लेखयोग्य, इकाई अनुसारको आम्दानी, नाफा वा नोक्सान, सम्पत्ति र दायित्वको हिसाब मिलान

### आम्दानी

रकम रु दश लाखमा

| | |
|---|---|
| **उल्लेखयोग्य इकाईको लागि कुल आम्दानी** | १०,१३२ |
| अन्य आम्दानीहरु | - |
| हटाइएको अन्तर इकाई आम्दानी | ६२६ |
| ईकाई आम्दानी | ९.५०६ |

### नाफा वा नोक्सान

रकम रु दश लाखमा

| | |
|---|---|
| **उल्लेखयोग्य इकाईको लागि कुल नाफा वा नोक्सान** | ५,०४० |
| अन्य नाफा वा नोक्सान | - |
| हटाइएको अन्तरइकाई नाफा | ६३१ |
| कर अधिको नाफा | ४,४४० |

### सम्पत्ति

रकम रु दश लाखमा

| | |
|---|---|
| **उल्लेखयोग्य इकाईको लागि कुल सम्पत्ति** | २१७,६९७ |
| अन्य सम्पत्तिहरु | - |
| **कुल सम्पत्ति** | २१७,६९७ |

### दायित्व

रकम रु दश लाखमा

| | |
|---|---|
| **उल्लेखयोग्य इकाईको कुल दायित्वहरु** | २१७,६९७ |
| अन्य सम्पत्तिहरु | - |
| कुल दायित्वहरु | २१७,६९७ |

## ५.४.५ Product तथा सेवाबारे जानकारी

रकम रु दश लाखमा

| क.सं. | विभागहरु | आम्दानी |
|---|---|---|
| १ | **कर्पोरेट** | **१,०४४** |
| अ | ठुला कर्पोरेट | ८८१ |
| आ | परियोजना लगानी | १६२ |
| २ | **रिटेल** | **३,१३१** |
| अ | आवधिक घर कर्जा | १,७७३ |
| आ | घर कर्जा ओभरड्राफ्ट | ३९४ |
| इ | सवारी कर्जा | ६३३ |
| ई | गोल्ड कर्जा | ५५ |
| उ | सेयर धितो राखेर कर्जा | १७९ |
| ऊ | शैक्षिक कर्जा | १३ |
| ए | निक्षेप धितो राखेर कर्जा | १९ |
| औ | अन्य कर्जा | ६३ |
| ३ | **साना तथा मझौला उद्यम** | **२,६८२** |
| अ | मझौला उद्यम | १,२३३ |
| आ | मध्यम-बजार उद्यम | ५०७ |
| इ | सहज उद्यम | १३६ |
| ई | साना उद्यम | ८०६ |
| ४ | **विपन्न क्षेत्र कर्जा** | **६६०** |
| अ | प्रत्यक्ष विपन्न क्षेत्र कर्जा | ३४७ |
| आ | अप्रत्यक्ष विपन्न क्षेत्र कर्जा | ३११ |
| ५ | **ट्रेजरी** | **१,४९२** |
| अ | ट्रेजरी बिल र सरकारी सुरक्षण पत्रमा लगानी | १,१४१ |
| आ | कारोबार आय | ३५८ |
| इ | पुर्नमुल्यांकन आय | (७) |
| ६ | **कारोबार बैंकिङ** | **६७४** |
| अ | कार्ड र नवीन बैंकिङ | २७६ |
| आ | अन्य कारोबार बैंकिङ सेवा | ३९८ |
| ७ | **अन्य सेवाहरु** | **४५०** |
| | अन्य | ४५० |
| | **जम्मा** | **१०,१३२** |

### ५.४.६ भौगोलिक क्षेत्रबारे जानकारी

**निम्न भौगोलिक क्षेत्रबाट प्राप्त आम्दानी**

रकम रु दश लाखमा

| | क्षेत्र | रकम | प्रतिशत |
|---|---|---|---|
| क | **स्वदेशी** | १०,१३२ | १०० |
| | प्रदेश १ | २,०२८ | २० |
| | प्रदेश २ | १,१६३ | ११ |
| | प्रदेश ३ | ४,०७२ | ४० |
| | प्रदेश ४ | ९९० | १० |
| | प्रदेश ५ | १,२९५ | १३ |
| | प्रदेश ६ | २२० | २ |
| | प्रदेश ७ | ३६४ | ४ |
| | | | |
| ख | **वैदेशिक** | – | – |
| | **जम्मा** | १०,१३२ | १०० |

### ५.४.७ प्रमुख ग्राहकबारे जानकारी

एकैजना ग्राहकबाट कूल आम्दानीको १० प्रतिशत भन्दा बढी आम्दानी नाघेको छैन ।

### ५.५ सेयर विकल्प र सेयरमा आधारित भुक्तानी

बैंकसँग कर्मचारीलाई सेयर विकल्प दिने नीति छैन । यसैगरी, वर्षभरी बैंकले सेयर जारी गरेर कुनै पनि भुक्तानी दिएको छैन ।

### ५.६ सम्भावित दायित्व र प्रतिबद्धता

### ५.६.१ आयकर दायित्व

बैंकले ठूलो करदाता कार्यालयबाट आर्थिक वर्ष २०६७-६८ देखि २०७१-२०७२ सम्म self assessment अन्तर्गत पेश गरेको आयकर विवरणमा संशोधित कर निर्धारण आदेश प्राप्त गरेको छ । माथिको वित्तीय वर्षहरूको संशोधित कर निर्धारणद्वारा माग गरिएको थप कर दायित्व जरिवाना र ब्याजसहित २७.३ करोड रुपैयाँ छ । बैंकले सम्बन्धित निकायमा थप कर माग विरूद्ध पुनरावलोकनको अपील गरेको छ र दाबी गरिएको कर रकमको एक तिहाई आन्तरिक राजस्व विभागमा जमानतस्वरुप जम्मा गरेको छ।

**बाँकी निर्णय** : यो अतिरिक्त मागदाबीबारे कुनै व्यवस्था गरिएको छैन र वित्तीय विवरणहरूको तालिका १७ मा सम्भावित दायित्वको रुपमा उल्लेख गरिएको छ।

self assessment प्रक्रिया अन्तर्गत बैंकले आर्थिक वर्ष २०७४/७५ सम्मको income tax return ठूला कर दाता कार्यालयमा दर्ता गरेको छ।

### ५.६.२ सम्भावित दायित्व

रकम रु दश लाखमा

| बैंकमा दाबी गरिएको तर बैंकले अस्वीकारेको दाबी | यस बर्ष | गत बर्ष |
|---|---|---|
| प्रतितपत्र (पूरा रकम) | | |
| का। ६ महिनाभन्दा कम परिपक्व मिति भएका प्रतितपत्र | १,३९७ | २,२६५ |
| खा। ६ महिना भन्दा बढी परिपक्व मिति भएका प्रतितपत्र | | |
| Rediscounted बिलहरु | | |
| अपरिपक्व जमानत र बोन्ड | | |
| क. Bid Bond | ४,२९७ | ४३ |
| खा। कार्यसम्पादन जमानत | | २,१८७ |
| गा। अन्य जमानत/Bond | | |
| लगानीमा भुक्तानी नगरिएका सेयर | | |
| अग्रिम विनिमय सम्झौता दायित्व | ३,९०२ | ४५४ |
| संकलन हुन बाँकी बिलहरु | ३७ | १६८ |
| Acceptances and Endorsement | २८६ | ४७१ |
| प्रत्याभूति (underwriting) सम्बन्धित प्रतिबद्धता | | |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | ५,३४२ | ६,३६० |
| अन्तर्राष्ट्रिय स्तरका विदेशी बैंकको काउन्टर ग्यारेन्टीमा जारी भएको ग्यारेन्टी | - | १,१९२ |
| अग्रिम भुक्तानी ग्यारेन्टी | ३०७ | ८७ |
| वित्तीय ग्यारेन्टी | | ०.०५ |
| आयकर सम्बन्धि सम्भावित दायित्व | २७३ | २८५ |
| भुक्तानी हुन बाँकी ग्यारेन्टी दाबी | ३ | ३ |
| **कुल सम्भावित दायित्व** | **१५,८४४** | **१३,५१५** |

### ५.७ सम्बन्धित पक्ष प्रकटीकरण

नेपाल लेखा मापदण्ड (NAS 24 ) अन्तर्गतको आवश्यकता अनुसार बैंकले निम्न लिखितहरुलाई सम्बन्धित पक्ष लेखाङ्कन गरेको छ।

| नाम | सम्बन्ध |
|---|---|
| एन आई सी एशिया क्यापिटल लिमिटेड | पूर्ण स्वामित्वको सहायक कम्पनी |
| एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | पूर्ण स्वामित्वको सहायक कम्पनी |
| तुलसीराम अग्रवाल | अध्यक्ष |
| जगदीश प्रसाद अग्रवाल | सञ्चालक |
| रामचन्द्र संघई | सञ्चालक |
| राजेन्द्र प्रसाद अर्याल | सञ्चालक |
| विनोद कुमार प्याकुरेल | सञ्चालक |
| गणेश मान श्रेष्ठ | सञ्चालक |
| त्रिलोक चन्द्र अग्रवाल | सञ्चालक |
| रोशन कुमार न्यौपाने | प्रमुख कार्यकारी अधिकृत |
| सुधीर नाथ पाण्डे | नायव प्रमुख कार्यकारी अधिकृत |
| सन्तोष कुमार राठी | सह प्र.का.अ-मार्केटिङ ईकोसिस्टम |
| राजेश रावल | सह प्र.का.अ-रणनीति कार्यान्वयन ईकोसिस्टम |
| जयन्द्र रावल | सह प्र.का.अ-रणनीति कार्यान्वयन ईकोसिस्टम |
| कपिल ढकाल | सह प्र.का.अ - कार्यसम्पादन सुनिश्चितता तथा सेवा ईकोसिस्टम |
| सुदीप खनाल | सह प्र.का.अ-सहायता सेवा ईकोसिस्टम |
| अर्जुन राज खनियाँ | प्रमुख व्यवसाय अधिकृत |
| विशाल सिग्देल | प्रमुख अनुभव रुपान्तरण अधिकृत |
| दिनेश भारी | कानुन प्रमुख |
| दिपेन्द्र बहादुर राजभण्डारी | प्रमुख जोखिम अधिकृत |
| प्रकाश बराल | प्रमुख कर्जा अधिकृत |
| राजु प्रसाद अधिकारी | प्रमुख-आन्तरिक लेखापरीक्षण |
| रुपेश लुईंटेल | प्रमुख वित्तीय अधिकृत |
| दिपेन कार्की | कम्पनी सचिव |

### ५.८ सञ्चालक समिति सदस्य भत्ता तथा सुविधाहरु

आर्थिक वर्ष भरीमा सञ्चालक समितिलाई बैठक भत्ता बापत् ७१,७६,००० रुपैयाँ भुक्तानी दिइएको छ। आर्थिक वर्षभर ५४ वटा सञ्चालक समिति बैठक बसेको थियो।

२३ नोभेम्बर २०१८ मा बसेको २१औं वार्षिक साधारण सभाबाट पारित भएको र नेपाल राष्ट्र बैंकबाट २३ जनवरी २०१९ मा भएको स्वीकृति अनुसार सञ्चालक समिति अध्यक्ष र सदस्यलाई २७ जनबरी २०१९ पछि प्रति बैठक क्रमशः २०,००० रुपैयाँ र १६,००० रुपैयाँ भुक्तानी दिइएको थियो। सञ्चालक समितिस्तरीय बैठकमा सहभागी हुँदा अध्यक्ष र सदस्यलाई त्यसअघि क्रमशः १४,००० र १२,००० दिइन्थ्यो।

सञ्चालक स्तरीय समितिलाई भुक्तानी दिइएको बैठक भत्ता निम्नानुसार छ :

रकम रु. दश लाखमा

| सञ्चालक स्तरीय समिति | बैठक संख्या | बैठक भत्ता |
|---|---|---|
| सम्पति शुद्धिकरण निवारण समिति बैठक | १५ | ५३६,००० |
| लेखापरीक्षण समिति बैठक | २९ | ८०८,००० |
| कर्मचारी सेवा सुविधा समिति बैठक | १२ | ३३६,००० |
| जोखिम व्यवस्थापन समिति बैठक | २० | ७०४,००० |
| जग्गा अधिग्रहण समिति बैठक | ४ | १७६,००० |
| **जम्मा** | | **२,५६०,०००** |

२३ नोभेम्बर २०१८ मा बसेको २१औ वार्षिक साधारण सभाबाट पारित भएको र नेपाल राष्ट्र बैंकबाट २३ जनवरी २०१९ मा भएको स्वीकृति अनुसार प्रत्येक सञ्चालक समिति सदस्य र अध्यक्षलाई मासिक क्रमशः १७,००० रुपैयाँ र २०,००० रुपैयाँ टेलिफोन, पत्रपत्रिका र मोबाइल खर्चको रुपमा उपलब्ध गराइएको छ । मासिक भत्ताको रुपमा भुक्तानी दिइएको कुल रकम वर्षभरीमा २४,११,६३९ रुपैयाँ भएको छ ।

## ५.९ संस्थापकलाई दिइएको कर्जा सापट

बैंकले आर्थिक वर्षभरी संस्थापकलाई कुनै पनि प्रकारको कर्जा दिएको छैन ।

## ५.१० मुख्य व्यवस्थापकहरुलाई लाभको विवरण

प्रमुख कार्यकारी अधिकृत बाहेक व्यवस्थापन समितिका सदस्यहरुलाई भुक्तान गरिएको लाभ निम्न अनुसार छन् :

| क्र.सं. | विवरण | रकम (रुपैयाँमा) |
|---|---|---|
| १ | अल्पकालीन कर्मचारी लाभ | ६२,९७३,३६४ |
| २ | रोजगारीपछिको लाभ | - |
| ३ | अन्य दीर्घकालीन लाभ | - |
| ४ | रद्द लाभ (Termination benefits) | - |
| ५ | सेयरमा आधारित भुक्तानी | - |
| | **कूल मुख्य व्यवस्थापकहरुलाई लाभ** | ६२,९७३,३६४ |

**मुख्य व्यवस्थापकहरुलाई निम्न अनुसारको लाभ पनि प्रदान गरिएको छ :**

अ) कर्मचारी सेवा सुविधा विनियमावली अनुसारको सुविधा

आ) बोनस ऐन अनुसारको कर्मचारीलाई बोनस

प्रमुख कार्यकारी अधिकारीलाई प्रदान गरिएको तलब र अन्य सुविधाहरु निम्नानुसार छन् :

रकम रु.

| विवरण | रोशनकुमार न्यौपाने | |
|---|---|---|
| | कार्यबाहक CEO | (CEO) –w.e.f. 18/12/2018) |
| भत्तासहित प्रमुख कार्यकारी अधिकृतको कुल वार्षिक तलब | ९,४५७,१२३ | १०,५००,००० |
| कामको आधारमा प्रमुख कार्यकारी अधिकृतलाई यो आर्थिक वर्षमा दिइएको थप भत्ता | १,४०९,९८३ | |
| क) कर्मचारी बोनस | | |
| ख) प्रचलित कानुन अनुसार भत्ता | | |
| ग) अन्य | | |
| **जम्मा** | **१०,८६७,१०६** | **१०,५००,०००** |
| प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको कुल तलब | | २१,३६७,१०६ |
| यो आर्थिक वर्षमा कुल व्यक्तिगत खर्च | | २,४८६,७९०,६१४ |

## ५.११ सहायक कम्पनीसँग भएको कारोबार

रकम रु दश लाखमा

| क्र.सं. | विववरण | एन आई सी एशिया क्यापिटल | एन आई सी एशिया लघुवित्त |
|---|---|---|---|
| १ | भुक्तान गरिएको सेयर दर्ता शुल्क | ८२५,००० | - |
| २ | सहायक कम्पनीबाट प्राप्त निक्षेप | २३,६१८,२६१ | १७,७६३,३४४ |
| ३ | सापटी | - | १,५००,०००,००० |
| ४ | सहायक कम्पनीलाई दिइएको ब्याज | २,४२५,६१७ | - |
| ५ | एन आई सी क्यापिटलबाट प्राप्त परिपुर्ति रकम | - | ३,३५४,३५२ |
| ६ | सहायक कम्पनीबाट प्राप्त ब्याज | - | १०,९३२,२२८ |
| ७ | सहायक कम्पनीलाई भुक्तानी | - | ११८,७६३,३५६ |

समूहको वित्तीय विवरणको प्रस्तुतिमा अन्तर समूह कारोबार रकमहरुलाई समावेश गरिएको छैन ।

## ५.१२ गाभ्ने र गाभिने – (Merger and Acquisition)

वर्षभरीमा कुनै Merger and Acquisition भएका छैनन् ।

## ५.१३ समावेश नगरिएका संस्थाको अतिरिक्त प्रकटीकरण

१६ जुलाई २०१९ सम्ममा बैंकसँग दुई वटा पूर्ण स्वामित्व भएका सहायक संस्थाहरु एन आई सी एशिया क्यापिटल लिमिटेड र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था छन्, यी दुवैलाई वित्तीय विवरणमा समटिएको छ । यो वर्षमा वित्तीय विवरणमा समावेश गर्नुपर्ने तर समावेश नगरिएको कुनै संस्था छैन ।

## ५.१४ रिपोर्टिङ मिति पछिका घटनाहरु

बैंकले रिपोर्टिङ अवधि सकिएपछि समायोजन वा गैर-समायोजन घटनाहरूको रूपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरुको अनुगमन र विश्लेषण गरेको छ। सबै समायोजन घटनाहरू अतिरिक्त प्रकटीकरणको साथ विवरणमा समावेश गरिएको छ र गैर-समायोजन घटनाहरू सम्भावित वित्तीय प्रभाव सकेसम्म नोटमा खुलाइएको छ। १६ जुलाई २०१८ देखि यो वित्तीय विवरणमा हस्ताक्षर हुने बेलासम्म कुनै उल्लेख्य घटनाहरु भएका छैनन्, यो अवधिमा भएको एक मात्र घटना बैंकले ४.४ अर्ब रुपैयाँ बराबरको '१०.२५ प्रतिशतको एन आई सी एशिया डिवेञ्चर २०८३/८४' जारी गरेको छ।

| डिवेञ्चरको नाम | १०.२५ प्रतिशतको एन आई सी एशिया डिवेञ्चर २०८३/८४ |
|---|---|
| रकम | ४.४ अर्ब रुपैयाँ (प्रति ईकाई १ हजारको ४४ लाख ईकाई) |
| परिपक्वता NAS | ७ वर्ष |
| कुपन रेट | १०.२५ प्रतिशत प्रति वर्ष |
| व्याज भुक्तानी आवृत्ति | अर्धवार्षिक |
| परिवर्तनीय स्थिति | छैन |
| जारी मिति | ६ श्रावन २०७६ |

## ५.१५ गैर बैंकिङ सम्पत्तिमा प्रभाव

गैर बैंकिङ सम्पत्तिलाई लगानी सम्पत्ति अन्तर्गत देखाइएको छ। यसलाई fair value भन्दा कम वा गैर बैंकिङ्ग सम्पत्तिको सकार गर्ने क्रममा रहेको बक्यौता रकममध्ये जुन कम छ त्यसको आधारमा लेखाङ्कन गरिएको छ।

रकम रु हजारमा

| सापटी लिनेको नाम | गैर बैंकिङ सम्पत्ति सकार मिति | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| केदार अर्याल र निर्मल भेनियर उद्योग | ९-अक्टोबर-१२ | ७,४५६ | ७,४५६ |
| नागेश्वरी मल्टिपल ट्रेडिङ को.प्रा लि | १४-अगस्ट-१५ | ४,८३७ | ४,८३७ |
| अटो क्राफ्ट प्रा लि | ११-फेब्रुअरी-१८ | १५,८०० | १५,८०० |
| पी एण्ड पी ग्रुप | ७-जनवरी-१८ | ७,६५० | ७,६५० |
| रेखा कुमारी खड्का/सरु शाही | १९-जुन-१८ | २,५१३ | २,५१३ |
| कृष्ण डाँगी/मञ्जु गौतम | २-जुलाई-१८ | १६,२९७ | १६,२९७ |
| शिभेन्द्र कुमार बर्मा/ज्योती कुमारी बर्मा | ५-जुलाई-१८ | ३,२२० | ३,२२० |
| पूर्ण ब्रम्हा ट्रेड लिंक | ५-जुलाई-१८ | २,४०० | २,४०० |
| रामकुमार लामा/तुल्सा वाईवा | २२-अगस्ट-१८ | ८,७८६ | - |
| न्यू क्रिनिसिका ट्रेडर्स | १०-अक्टोबर-१८ | ५,००० | - |
| एन्टिक हिमालयन फर्निचर उद्योग प्रा लि | २६-डिसेम्बर-१८ | १९,००० | - |
| होटल डेल्टा प्रा लि | ४-जनवरी-१९ | २०,५०० | - |
| जय पाथिभरा एग्रीकल्चर एण्ड लाइभस्टक प्रा. लि | ६-जनवरी-१९ | ८,२५८ | - |
| श्री कालिका भीएसबीके ब्रिक्स ईन्डष्ट्रीज | २३-जनवरी-१९ | १४,१६६ | - |
| शिव कुमारी शेर्मा थाम्सुहाङ | २६-मार्च-१९ | १,०५६ | - |
| के.बी.एस ईन्टरनेशनल प्रालि | २-अप्रिल-१९ | - | - |
| नेपाल प्लाईउड ग्रुप | १०-अप्रिल-१९ | १३९,००० | - |
| उमर स्टोर्स | २-जुलाई-१८ | - | ९,०५० |
| बालकृष्ण/कल्पना विश्वकर्मा | २-जुलाई-१८ | - | ३,९६० |
| बीपी निर्माण सेवा | ३-जुन-१६ | - | १,२०० |
| **जम्मा** | | २७५,९३९ | ७४,३८३ |

## ५.१६ अनुमानको परिवर्तन

यस आर्थिक वर्षमा कुनै अनुमानको परिवर्तन छैन।

## ५.१७ Sakchyam Access तय Finance for Poor Challenge Fund कार्यक्रमको लागि प्राप्त अनुदान :

यो कार्यक्रम बेलायती सरकारको यूके एडको लगानी र नेपाल सरकार र बेलायती सरकारको सहकार्यमा सञ्चालित छ। स्थानीय र अन्तर्राष्ट्रिय साझेदारसँगको सहकार्यमा यसलाई अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) को लागि Louis Berger ग्रुप इन्कर्पोरेसनले व्यवस्थापन गरिरहेको छ।

ग्रामीण जनसंख्यालाई शाखा, शाखारहित बैंकिङ र वैकल्पिक माध्यमबाट बैंकको पहुँच पुऱ्याउने यो परियोजनाको उद्देश्य हो। यो परियोजनाले गरिब जनता र समुदायलाई लक्षित गरी नयाँ अन्वेषणको विकास र कार्यान्वयनका साथै नयाँ वित्तीय उत्पादन र सेवाहरु प्रोत्साहन गर्ने लक्ष्य राखेको छ जसले ठूलो संख्यामा गरिब जनतालाई व्यवसायिक रुपमा दीगो हुने गरी सामाजिक-आर्थिक लाभ पुऱ्याउँछ। नेपालको मध्य र सुदुरपश्चिमाञ्चलमा विभिन्न आधुनिक र सहज वित्तीय सेवा पुऱ्याउनको लागि बैंकले डीएफआईडी नेपालको तर्फबाट लुईस बर्जरसँग सम्झौता गरेको छ। यो सम्झौताबाट बैंकले आफ्नो खर्च बराबरको रकम अनुदान स्वरुप पाउँनेछ। परियोजनाबाट प्राप्त पुनर्स्थापित रकम नेपाल एकाउन्टिङ मापदण्ड-२०, सरकारी अनुदान तथा सरकारी सहायताको जानकारी अनुसार उल्लेख गरिएको छ।

| विवरण | रकम रु. मा |
|---|---|
| हालसम्म प्राप्त हुने अनुदान | ११,३६६,२०६ |
| हालसम्म भएको खर्च | ३,१२९,१७० |
| बाँकी अनुदान दायित्व | ८,२३७,०३६ |

## ५.१८ प्रतिसेयर आम्दानी

इक्विटी सेयरधनीहरुको कमाईको आधारमा बैंकले प्रति सेयर आम्दानीको मापन गर्छ। नेपाल एकाउन्टिङ मापदण्ड-३३ अनुसार प्रति सेयर आम्दानीको लागि सेयरलाई सम्बन्धित NAS को लागि भारित औसत नम्बरको रुपमा लिइन्छ।

| विवरण | ईकाई | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| इक्विटी सेयरधनीलाई हुने लाभ (क) | रुपैयाँ ००० मा | ३,०२३,२८३ | १,३३४,८६२ |
| प्रतिसेयर आधारभुत आम्दानीको गणनामा प्रयोग भएको इक्विटी सेयरको भारित औसत नम्बर (ख) | | ८,८३४,२२८ | ८,०३१,११६ |
| प्रतिसेयर आधारभुत आम्दानीको गणनामा प्रयोग भएको इक्विटी सेयरको समायोजित भारित औसत नम्बर | | - | ८,८३४,२२८ |
| प्रति (प्रत्येकको १०० रुपैयाँ) इक्विटी सेयरको आधारभुत र डाइलुटेड आम्दानी (क/ख) | रुपैयाँ | ३४.२२ | १५.११* |

*समायोजित प्रतिसेयर आम्दानी

इक्विटी धनीहरुको हालको आम्दानीलाई कमजोर पार्ने सम्भावित साधारण सेयर नभएकाले प्रतिसेयर आधारभूत आम्दानी र प्रतिसेयर डाइलुटेड आम्दानी प्रस्तुत अवधिमा बराबर छन्। NAS ३३ को व्यवस्था अनुसार कम्पनीले गत वर्षको प्रतिसेयर आधारभूत आम्दानी (बीईपीएस) र प्रतिसेयर डाईलुटेड आम्दानी (डीईपीएस) लाई समानरुपमा समायोजन र पुर्नस्थापन गरेको छ।

## ५.१९ प्रस्तावित वितरण (लाभांश र बोनस सेयर)

सञ्चालक समितिको मिति २०१९ अगष्ट २८ मा बसेको बैठकले चुक्ता पूँजीको १० प्रतिशत बोनस सेयर र ११.०५२६ प्रतिशत नगद लाभांश (जारी गर्दा लाग्ने कर सहित) वितरणको प्रस्ताव पास गरेको छ।

रकम रु हजारमा

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| नगद लाभांश | ९७६,४१५ | ४२,२६९ |
| बोनस सेयर | ८८३,४२३ | ८०३,११२ |
| **जम्मा** | **१,८५९,८३८** | **८४५,३८१** |

## ५.२० तिर्न बाँकी लाभांश

रिपोर्टिङको मितिसम्ममा ५ वर्षमा तिर्न बाँकी लाभांश निम्नानुसार छन् :

रकम रु हजारमा

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| संकलन नगरिएको ५ वर्ष भन्दा बढी अवधि भएको | ६१,७३९ | २७,९३७ |
| संकलन नगरिएको ५ वर्ष भन्दा कम अवधि भएको | २८,८५८ | ६५,८३८ |
| **जम्मा** | ९०,५९७ | ९३,७७५ |

## ५.२१ कर्जा सापटसंग सम्बन्धित Interest Suspense को सुरुवाती मौज्दातमा करको भुक्तानी

बैंकले कर्जा सापटसंग सम्बन्धित Interest Suspense को सुरुवाती मौज्दातमा १५ प्रतिशत व्याजसहित २०७६ वैशाखसम्ममा ३० प्रतिशतका दरले कूल ३०.८ करोड रुपैयाँ कर तिरेको छ। विस्तृत विवरण निम्नानुसार छ :

| विवरण | रकम (रुपैयाँमा) |
|---|---|
| आर्थिक वर्ष २०७४-७५ को सुरुवाती Interest Suspense | ३०८,०७१,२५९ |
| ३० प्रतिशत कर | ९२,४२१,३७८ |
| दफा ११८ अन्तर्गतको व्याज | २,८५२,३४५ |
| दफा ११९ अन्तर्गतको व्याज | ८,०८६,८७१ |
| **जम्मा तिरिएको कर** | १०३,३६०,५९३ |

## ५.२२ निष्कृय कर्जा सम्पत्ति

वासलात तयार पार्दासम्म बैंकको निष्कृय कर्जा सम्पत्तिको अनुपात ०.४६ प्रतिशत छ। यो अवधिसम्म जम्मा निष्कृय कर्जा सम्पत्ति ६८६,५५७,१७७.४५ रुपैयाँ छ भने नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार हिसाब गरिएको निष्कृय कर्जा सम्पत्ति सम्बन्धी नोक्सान व्यवस्था सम्बन्धी रकम ३४१,८४२,७६२.३१ रुपैयाँ छ जुन निष्कृय कर्जा सम्पत्तिको ५० प्रतिशत हो । साथै, कुल कर्जा नोक्सानी व्यवस्था र निष्कृय कर्जाको अनुपात २७३ प्रतिशत छ।

रकम रु हजार मा

| विवरण | यो वर्ष | गत वर्ष | परिवर्तन | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| सक्रिय कर्जा | १४९,४१७,३१६ | १२०,५८२,६६८ | २८,८३८,४९२ | २४% |
| निष्कृय कर्जा | | | | |
| पुर्नसंरचना र पुनर तालिकीकरण गरि एका | - | - | | |
| कमसल | ४२५,९६५ | १२,३८४ | ४१३,५८१ | ३३४०% |
| शंकास्पद | ५०,४८२ | ४,८६१ | ४५,६२१ | ९३९% |
| खराव | २१३,९५५ | ६६,८८६ | १४३,२२५ | २१४% |
| **कुल कर्जा सापट** | १५०,१०७,७१७ | १२०,६६६,८०० | २९,४४०,९१८ | २४% |
| Total Loan Loss Provision to NPA | २७३% | १५२४% | | |

### ख निष्कृय कर्जाको अनुपात हरु :

कूल कर्जा सापटसँग निष्कृय कर्जा ०.४६ प्रतिशत

खुद कर्जा सापटसँग निष्कृय कर्जा ०.२३ प्रतिशत

## ५.२३ निक्षेप र कर्जा सापटको संकेंद्रण

रकम रु हजार मा

| विवरण | कर्जा सापट र खरिद गरिएको बिल | | निक्षेप | | गैर कोष सम्बन्धि | |
|---|---|---|---|---|---|---|
| | चालु बर्ष | गत बर्ष | चालु बर्ष | गत बर्ष | चालु बर्ष | गत बर्ष |
| कुल बक्यौता रकम | १५०,१०७ | १२०,६६६ | १७६,८२१ | १५१,१७६ | ६,३२७ | ६,७९५ |
| एकल इकाईको बक्यौता रकम | १,५०० | ७०४ | ३९६१.७६ | ४,९५२ | ९३९ | ९५६ |
| संकेंद्रण | ०.९९% | ०.५८% | २.२४% | ३.२८% | १४.८४% | १४.०७% |

संकेंद्रणको गणनाको लागि कर्जा सापट भनेको कर्मचारी कर्जा सापट र जम्मा भएको पाउनु पर्ने व्याज बाहेकको कर्जा रकम हो भने निक्षेप भनेको जम्मा भएको तिर्नु पर्ने व्याज बाहेकको रकम हो। कोष र गैर कोष दुवै एकल ग्राहक सीमा र क्षेत्रगत सीमा (निर्देशन नम्बर ३) राष्ट्र बैंकको निर्देशन अनुसार सीमा भित्रै छन् ।

## ५.२४ जगेडा कोष

### ५.२४.१ साधारण जगेडा कोष

वर्षभरी सधारण जगेडा कोषमा भएको गतिविधि यसप्रकार छन् :

रकम रु हजार मा

| सुरुवाति रकम | | १,८२५,१५३ |
|---|---|---|
| बाफियाअनुसार रुकमान्तर | ६०४,६५७ | |
| अन्तिम रकम | | २,४२९,८०९ |

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ (बाफिया) को दफा ४४ को व्यवस्था अनुसार यो वर्षको २० प्रतिशत नाफा रकम ६०४,६५६,५३३ रुपैयाँ (गत वर्ष २६६,९७२,३८५ रुपैयाँ) नाफा र नोक्सान समायोजन खातामार्फत सामान्य जगेडा कोषमा रकमान्तर गरिएको छ।

### ५.२४.२ सटही घतबढ जगेडा कोष

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ४५ को व्यवस्था अनुसार बैंकले पुर्नमूल्यांकनमा प्राप्त लाभको २५ प्रतिशत नाफा र नोक्सान समायोजन खातामार्फत सटही घटबढ कोषमा रकमान्तर गर्नुपर्छ । यो वर्ष ६३५,१०६ रुपैयाँ (गत वर्ष ३, ६८६,०६०) सटही घटबढ मौज्दातमा रकमान्तर गरिएको छ । सटही घटबढ जगेडा कोषको अन्तिम रकम ३९,००७,२६० रुपैयाँ छ।

वर्षभरी सटही घटबढ जगेडा कोषमा भएको गतिविधि यसप्रकार छन् :

रकम रु हजार मा

| सुरुवाति रकम | | ३८,३७२ |
|---|---|---|
| पुर्नमुल्यांकन लाभको २५ प्रतिशत रकमान्तर | ६३५ | |
| अन्तिम रकम | | ३९,००७ |

### ५.२४.३ पूँजी चुक्ता कोष

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ५ बमोजिम अनुमति प्राप्त संस्थाले डिवेञ्चर दायित्वको लागि पूँजी चुक्ता कोष राख्नुपर्छ। बैंकको '७.२५ प्रतिशत एन आई सी एशिया बोन्ड २०७७' को लागि रु १३०,९५२,३७८ (गत आर्थिक वर्ष रु ७१,४२८,५७२) नाफा नोक्सान समायोजन खाताबाट छुट्याईएको छ। आर्थिक वर्षको अन्त्यमा पुंजी चुक्ता कोषको अन्तिम मौज्दात रु ४१,६६६,६६६ रहेको छ। आर्थिक वर्ष २०७४/७५ मा जारी भएको सात वर्षमा चुक्ता गर्नुपर्ने ऋणपत्रको लागि पर्याप्त पूँजी चुक्ता कोष खडा गरिनेछ। यसका साथै बैंकले यसका साथ नेपाल राष्ट्र बैंकबाट पनि स्वीकृति लिएको छ।

### ५.२४.४ लगानी समायोजन कोष

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ८ बमोजिम, बैंकले 'बिक्रीको लागि उपलब्ध' लगानीको लागि लगानी समायोजन कोष खडा गरेको छ।

लगानी जगेडा कोष खातामा निम्न लिखित मौज्दाद हुन्छन् :

अ) धितोपत्र विनिमय बजारमा सूचीकृत भईनसकेको जलविद्युत लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन र केवलकार निर्माण परियोजना सञ्चालन गर्न स्थापित पब्लिक लिमिटेड कम्पनीको सेयर वा डिवेञ्चरमा लगानी गरेमा त्यस्तो लगानी गरेको मितिले ३ वर्षभित्र र अन्य संगठित संस्थाको सेयर तथा डिवेञ्चरमा लगानी गरेमा लगानी गरेको मितिले दुई वर्षभित्र उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ।

**आ) 'बिक्रीको लागि उपलब्ध' लगानीको २ प्रतिशत,**

लगानी समायोजन कोषमा वर्षभरी भएको गतिविधि तल उल्लेख गरिएको छ :

रकम रु हजार मा

| क्र.सं. | कम्पनीको नाम | लगानी प्रकार | बजार मुल्य | लगानी समायोजन जगेडा कोष | |
|---|---|---|---|---|---|
| | | | | प्रतिशत | रकम |
| १ | सिटिजन ईन्भेष्टमेन्ट ट्रष्ट | संस्थापक सेयर | २८२,३०५ | २% | ५,६४६ |
| २ | ग्लोबल आईएमई समुन्नत स्किम १ | प्रारम्भिक सार्वजनिक निष्कासन | ३१,५७० | २% | ६३१ |
| ३ | ज्योति लाईफ ईन्स्योरेन्स लिमिटेड | संस्थापक सेयर | १५०,००० | २% | ३,००० |
| ४ | कर्जा सुरक्षा केन्द्र लिमिटेड | संस्थापक सेयर | १,६१२ | २% | ३२ |
| ५ | माहुली सामुदायिक लघ'वित्त वित्तीय संस्था | संस्थापक सेयर | ३३,८०८ | २% | ६७६ |
| ६ | मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | संस्थापक सेयर | १७१,४७५ | २% | ३,४३० |
| ७ | नविल ईक्वीटी फन्ड | प्रारम्भिक सार्वजनिक निष्कासन | ४,४४१ | २% | ८९ |
| ८ | नेशनल बैंकिङ ईन्स्टिच्युट | संस्थापक सेयर | २,४०० | २% | ४८ |
| ९ | नेशनल लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड | संस्थापक सेयर | ६०,४२२ | २% | १,२०८ |
| १० | नेपाल लाइफ ईन्स्योरेन्स कम्पनी | अतिरिक्त सार्वजनिक निष्कासन/दोस्रो बजार | ५०३,३३१ | २% | १०,०६७ |
| ११ | एसियन लाइफ ईन्स्योरेन्स कम्पनी | दोस्रो बजार | २२,१४७ | २% | ४४३ |
| १२ | निको ईन्स्योरेन्स कम्पनी | दोस्रो बजार | ४८,३८५ | २% | ९६८ |
| १३ | शिखर ईन्स्यारेन्स कम्पनी | दोस्रो बजार | ४५,९४२ | २% | ९१९ |

| क्र.सं. | कम्पनीको नाम | लगानी प्रकार | बजार मुल्य | लगानी समायोजन जगेडा कोष | |
|---|---|---|---|---|---|
| | | | | प्रतिशत | रकम |
| १४ | नेपाल क्लियरिङ हाउस लिमिटेड | संस्थापक सेयर | ५,००० | २% | १०० |
| १५ | नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिस्टम | प्रवर्द्धक सेयर | १५,००० | २% | ३०० |
| १६ | एनआईबीएल प्रगति फन्ड | प्रारम्भिक सार्वजनिक निष्कासन | ७,६४४ | २% | १५३ |
| १७ | एन आई सी एशिया क्यापिटल लिमिटेड | संस्थापक सेयर | २००,००० | २% | - |
| १८ | एनएमबी हाईब्रिट फन्ड लिमिटेड-१ | प्रारम्भिक सार्वजनिक निष्कासन | ११,०४७ | २% | २२१ |
| १९ | आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड | संस्थापक सेयर | १७९,४७१ | २% | ३,५८९ |
| २० | एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | संस्थापक सेयर | १,००४,५०० | २% | - |
| २१ | नेपाल ईन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | संस्थापक सेयर | १,०००,००० | २% | २०,००० |
| २२ | एन आई सी एशिया ग्रोथ फन्ड | संस्थापक सेयर | १५४,२०० | २% | ३,०८४ |
| २३ | ग्रामीण स्वयमूसेवक लघुवित्त वित्तीय संस्था लिमिटेड | संस्थापक सेयर | ९,००० | २% | १८० |
| २४ | सिर्जना कम्युनिटी डेभलपमेन्ट सेन्टर | संस्थापक सेयर | १०,००० | २% | २०० |
| २५ | सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड | संस्थापक सेयर | ११,४०० | २% | २२८ |
| २६ | बैंकिङ फाईनान्स एण्ड ईन्स्योरेन्स ईन्स्टिच्युट अफ नेपाल | संस्थापक सेयर | ३,००० | २% | ६० |
| २७ | सुर्य लाईफ ईन्स्योरेन्स | संस्थापक सेयर | ४६,६०२ | २% | ९३२ |
| | जम्मा | | ४,०१४,७०१ | | ५६,२०४ |
| | गत वर्षको मौज्दात | | | | ४४,२४४ |
| | अतिरिक्त | | | | ११,९६० |

### ५.२४.५ नियमनकारी कोष

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ४ अनुसार बैंकले नियमनकारी जगेडा कोष निर्माण गरेको छ र उक्त जगेडा कोषमा वर्षभरी भएका गतिविधि निम्नानुसार छन् :

| सुरुवाति रकम | | ४५५,५७६ |
|---|---|---|
| जगेडा कोषमा रकमान्तर | २१७,८२६ | |
| **अन्तिम रकम** | | ६७३,४०२ |

२०७६ मा साउन १५ सम्ममा रु ३०,५२५,७७७ रुपैयाँ व्याज संकलन भए पनि परिपत्र नम्बर २७/०७५/७६ बमोजिम नियमनकारी कोषमा रकमान्तर गरिएको छैन ।

### ५.२४.६ स्थगित कर जगेडा कोष

वासलातमा स्थगन कर खडा भैसेको हुनाले स्ताथागन कर जगेडा कोषलाई राखिरहनु आवश्यक छैन त्यसैले, ४१,८४५,८०४ रुपैयाँ स्थगित कर जगेडा कोषबाट संचित मुनाफामा रकमान्तर गरिएको छ ।

### ५.२४.७ सामाजिक उत्तरदायित्व कोष

रकम रु हजार मा

| सुरुवाति रकम | | २४,६१६ |
|---|---|---|
| जगेडा कोषमा रकमान्तर | | ३०,२३३ |
| वर्षभरीको खर्च | ११,७५४ | |
| **बाँकी रकम** | | ४३,०९५ |

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ६ मा भएको संस्थागत सामाजिक उत्तरदायित्वको व्यवस्था अनुसार बैंकले आफ्नो खुद नाफाको १ प्रतिशत यो वर्ष सामाजिक उत्तरदायित्व क्रियाकलापको लागि राखेको थियो । सामाजिक उत्तरदायित्वको लागि विनियोजित रकम यो वर्ष र गत वर्षको गरी क्रमशः ३०,५३३,०४१ र १३,३४८,६१९ रुपैयाँ छ ।

## ५.२५ विदा र उपदानको लागि विनियोजित रकमको प्रकटीकरण

रकम रु. हजारमा

| विवरण | २०१९ | | २०१८ | |
|---|---|---|---|---|
| | उपदान | बिदा (लगानी नभएको) | उपदान | बिदा (लगानी नभएको) |
| दायित्वको वर्तमान मुल्यमा भएको परिवर्तन | | | | |
| वर्षको सुरुवातमा रहेको दायित्वको वर्तमान मुल्य | १४२,७६८ | १२८,५१२ | १३०,५०१ | ९६,१९५ |
| सुरुवाति दायित्वमा समायोजन | - | - | - | - |
| व्याज खर्च | ११,८३८ | ४७,५३२ | ११,००४ | ७,७४८ |
| वर्तमान सेवा खर्च | २५,४१६ | ९,९६८ | २४,९८० | ५०,५४२ |
| वितरित लाभ | (२२,४६६) | (३५,५११) | (१६,४६०) | (२०,२०५) |
| वीमांकिक नाफा/नोक्सान | (१७,७७३) | ५,१२२ | (७,२५७) | (५,७६७) |
| वर्षको अन्तिममा रहेको दायित्व | १३९,७८४ | १५५,६२४ | १४२,७६८ | १२८,५१२ |
| | | | | |
| **योजना सम्पत्तिको fair value मा भएको परिवर्तन** | | | | |
| वर्षको सुरुवातमा रहेको योजना सम्पत्तिको fair value | ११७,९७० | - | ९७,३३८ | - |
| सुरुवाति कोषमा गरिएको समायोजन | - | - | (३,६४४) | - |
| व्याज आम्दानी | ९,०३७ | - | ९,८५३ | - |
| रोजगारदाताको योगदान | २७,७९५ | - | ४०,७३५ | - |
| वितरित लाभ | (२२,४६६) | - | (१६,४६०) | - |
| वीमांकिक नाफा/नोक्सान | (१,०७३) | - | (९,८५३) | - |
| **वर्षको अन्त्यमा योजना सम्पत्तिको** fair value | १३१,२६३ | - | ११७,९७० | - |
| | | | | - |
| वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गरिएको रकमः | | | | |
| वर्षको अन्त्यमा दायित्वको वर्तमान मुल्य | १३९,७८४ | १५५,६२४ | १४२,७६८ | १२८,५१२ |
| वर्षको अन्त्यमा योजना सम्पत्ति को fair value | १३१,२६३ | - | ११७,९७० | - |
| **लगानी नभएको** | (८,५२१) | १५५,६२४ | (२४,७९९) | (१२८,५१२) |

## ५.२६ हिसाबमिलानको अवस्था

रकम रु हजार मा

| विवरण | जम्मा रकम | < ३ महिना | > ३ < ६ महिना | > ६ <१२ महिना | <१२ महिना |
|---|---|---|---|---|---|
| शाखा हिसाबमिलान | शुन्य | शुन्य | शुन्य | शुन्य | शुन्य |
| एजेन्सी खाता | १,१४७,६१४ | १,१४५,३५२ | १,९३१ | ३३१ | - |

कूल रकम डेबिट र क्रेडिट रकमको जम्मा हो । भिन्नता पनि लेखाङ्कन, हिसाबमिलान गरिएको छ र आवधिक रुपमा समीक्षा गरिएको छ ।

## ५.२७ तालिम खर्च सम्बन्धी प्रकटीकरण

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनको निर्देशन नम्बर ६ अनुसार बैंकले अघिल्लो वर्षको कूल कर्मचारी खर्चको ३ प्रतिशत रकम कर्मचारीको तालिम र व्यक्तित्व विकासमा खर्च गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार बैंकले आर्थिक वर्ष २०७५/७६ मा विभिन्न आन्तरिक र बाहृय तालिमको लागि ६४,२३७,४९८ रुपैयाँ खर्च गरेको छ ।

| विवरण | रकम रु. मा |
|---|---|
| आर्थिक वर्ष २०७४/७५ मा कुल कर्मचारी खर्च | १,७८२,११२,९४७ |
| माथिको रकमको ३ प्रतिशत | ५३,४६३,३८८ |
| गत वर्षबाट बाँकी रकम | - |
| खर्च गर्नुपर्ने न्यूनतम रकम | ५३,४६३,३८८ |
| वर्षभरीमा गरिएको खर्च (बाहृय र आन्तरिक तालिम) | ६४,२३७,४९८ |
| अर्को वर्षको लागि बाँकी रकम | - |

# सहायक कम्पनी एन आई सी एशिया क्यापिटल लिमिटेडको वार्षिक विवरण

# तेश्रो बार्षिक साधारण सभामा
## संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

### आदरणीय शेयरधनी महानुभावहरु :

एन आई सी एशिया क्यापिटल लिमिटेडको तेश्रो बार्षिक साधारण सभामा उपस्थित सबैलाई संचालक समितिको तर्फबाट म हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको सत् प्रतिशत शेयर स्वामित्व रहेको सहायक कम्पनी हो । तपाइहरुको साथ सहयोग, सद्भाव एवं शुभेच्छाबाट संचालन भएको हाम्रो यस एन आई सी एशिया क्यापिटल लिमिटेडले सफलतापूर्वक तेश्रो आर्थिक बर्ष पुरा गरी हाल संचालनमा रहेका नयाँ मर्चेण्ट बैंकरहरु मध्ये अग्रणी मर्चेण्ट बैंकर तथा निक्षेप सदस्यको रुपमा आफ्नो कार्य क्षेत्रको विस्तार गर्न सफल भएको छ । यस कम्पनीले आगामी दिनहरुमा आफ्नो सेवाग्राही समक्ष विश्वसनीयताका साथ सशक्त रुपमा कार्य गरी आधुनिक र सर्वसुलभ सेवा उपलब्ध गराई नेपालकै अग्रणी मर्चेण्ट बैंकर बन्ने लक्ष्य लिएको छ ।

कम्पनीले समीक्षा अवधिमा गरेको प्रगति, आफ्नो व्यवसाय विस्तारमा लिएको रणनीति तथा भविष्यमा लिइने रणनीतिक योजनाहरु यस गरिमामय सभामा प्रस्तुत् गर्न पाउनु मेरो लागि एक सम्मान र सुअवसर दुवै हो । म यस अवसरमा यहाँहरु समक्ष एन आई सी एशिया क्यापिटल लिमिटेडले आ.व. २०७५/०७६ मा सन्तोषजनक व्यवसाय विस्तार गरी उचित मुनाफा आर्जन गर्न सफल भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

यहाँहरु समक्ष म संचालक समितिको अध्यक्षको हैसियतले वर्तमान प्रतिस्प्रधात्मक अवस्थामा संचालक समितिको तर्फबाट यहाँहरुलाई पूर्ण सहयोग र साथ रहने ब्यहोरा जानकारी गराउँदछु । हाल कम्पनीको वर्तमान व्यवस्थापन समुहसँग क्यापिटलले लिएको अल्पकालिन तथा दीर्घकालीन व्यवसायिक रणनीतिक कार्ययोजना सफलता पूर्वक अगाडी बढाउनको लागि सक्षम रहेको विश्वास लिएका छौं । क्यापिटलले लिएका हरेक लक्ष्य कार्ययोजनाहरु पुरा गर्नको लागि हाम्रो तर्फबाट पूर्ण साथ सहयोग र सद्भाव रहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं ।

अब, म शेयरधनी महानुभावहरु समक्ष यस कम्पनीको कार्य क्षेत्रको परिदृश्यहरु प्रस्तुत गर्दै गत आ.व. २०७५/०७६ को कार्यसम्पादनको समीक्षा तथा भावी योजनाहरु प्रस्तुत गर्दछु ।

### १. समग्र आर्थिक वृद्धिदर

#### (क) विश्व अर्थतन्त्र :

अन्तराष्ट्रिय मुद्रा कोष (IMF) ले सन २०१९ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले वृद्धि हुने जनाएको छ भने सन २०१८ को सोही अवधिमा ३.६ प्रतिशत रहेको थियो । विकसित तथा विकासशिल देशहरुको अर्थतन्त्र क्रमश १.९ प्रतिशत एवम ४.१ प्रतिशत रहने प्रक्षेपण गरेको छ । सोही वृद्धिदर सन २०१८ मा क्रमश २.२ प्रतिशत एवम ४.५ प्रतिशत रहेको थियो । विकसित देशहरु बिचको बढ्दो व्यापार युद्धले गर्दा विश्व अर्थतन्त्रमा प्रभाव परेको देखिन्छ । यस वर्ष विकसित देशहरुको मुद्रा स्फीती १.६ प्रतिशत तथा विकासशिल देशहरुको ४.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।  साथै यस्तो वृद्धिदर गत बर्ष २ प्रतिशत र ४.८ प्रतिशत रहेको थियो । विकसित राष्ट्रहरु बीच वढ्दै गएको व्यापार तनाव, भु-राजनीतिक अस्थिरता, संरक्षणवाद आदि घटाउँदै पारस्परिक सम्बन्धवाट अगाडी वढाउन सकेमा विश्वव्यापी व्यापार विस्तार गर्न सकिने देखिन्छ । यसरी दिगो विकास लक्ष्य हासिल गर्न सके सवैका लागि राम्रो र दिगो हुने देखिन्छ ।

#### (ख) छिमेकी अर्थव्यवस्थाको आर्थिक वृद्धि :

छिमेकी देशको अर्थतन्त्रको आर्थिक वृद्धिदर सुस्त नै रहेको देखिन्छ । जहाँ चीनको वृद्धि घट्दो क्रममा देखिन्छ । जसको मुख्य कारण अमेरिका सँगको बढदो ब्यापार तनाब र अन्य देशहरुसंगको कारोवारमा समेत मन्दीले गर्दा भएको देखिन्छ भने भारतको आर्थिक वृद्धिदर सामान्य मात्रमा बढेको देखिन्छ । सन २०१९ मा चीन तथा भारतको आर्थिक वृद्धिदर क्रमश ६.२ प्रतिशत तथा ७ प्रतिशत हुने देखिन्छ । गत वर्ष उक्त वृद्विदर क्रमश ६.६ प्रतिशत र ६.८ प्रतिशत रहेको थियो । दुई ठुला छिमेकी देशको अर्थतन्त्रमा पर्ने प्रभावको असर नेपालको अर्थतन्त्रमा समेत पर्ने देखिन्छ ।

#### (ख) राष्ट्रिय आर्थिक गतिविधिहरु :

आर्थिक बर्ष २०७५/७६ नेपाली अर्थव्यवस्था अति अनुकुल अवधि रहयो । कृषि उत्पादनमा बृद्धि, उर्जा आपुर्तिमा सहजता निर्माण क्रियाकलापहरुमा तिव्रता, औद्योगिक उत्पादनमा बिस्तार र पर्यटक आगमनमा उच्च बृद्धिका कारण आर्थिक गतिबिधि वृद्धि हुनाले उच्च आर्थिक बृद्धि हुन योगदान पुर्याएको देखिन्छ । उक्त अवधि मा नेपालको कुल ग्राहस्थ उत्पादन (जीडीपी) ७.१५ प्रतिशतले बृद्धि भएको छ भने गत बर्ष यस्तो वृद्धिदर ६.७५ प्रतिशत मात्र रहेको थियो । स्थिर राजनीति, बलियो सरकार, संघियताको

कार्यान्वयन जस्ता कारणले गर्दा आर्थिक गतिविधि बढ्नको लागि उत्प्रेरित गर्न मद्दत गरेकोले आर्थिक वृद्धिदर उच्च भएको देखिन्छ । दुई अंकको आर्थिक वृद्धिदर कायम गर्नको लागि नेपाल सरकारले आर्थिक नीतिमा समसामयिक सुधार गर्दै लैजानु पर्ने देखिन्छ। आयतलाई निरुत्साहित गरि निर्यातलाई प्रोत्साहन गर्ने नीति कार्यन्यवन गर्दै लैजानु पर्ने देखिन्छ। बैदेशिक लगानीलाई आकर्षित गर्नको लागि आवश्यक नीति/नियम तर्जुमा गरि गर्नुपर्ने सम्पुर्ण प्रकियाहरुलाई एकद्धारा प्रणालि मार्फत गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ। हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढी भएको हुँदा यस क्षेत्रमा संलग्न व्यक्ति तथा संस्थाहरुलाई आवश्यक पर्ने कृषि जन्य सामग्री, मल, बीउ, तालिम, सिंचाई तथा आवश्यक अनुदान आदिको व्यवस्था गरेको अवस्थामा समेत देशको उच्च आर्थिक वृद्धिमा थप टेवा पुग्ने देखिन्छ।

## २. पूँजी बजार

### (क) प्राथमिक बजार

नेपाल धितोपत्र बोर्डले आर्थिक वर्ष २०७५/०७६ मा २८ वटा कम्पनीको रु. ७.३५ अर्व वरावरको प्राथमिक शेयरको सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गरेको छ । सबै कम्पनीहरुले नै शेयर निष्काशन गरी रु. ७.३५ अर्व वरावरको रकम संकलन गरिसकेका छन। यो रकम गत आ.व. २०७४/०७५ को तुलनमा १२.९५ प्रतिशतले कम हो। साथै उक्त अवधि मा रु.५.८८ अर्व वरावरको हकप्रद निष्काशनको अनुमति प्रदान गरेको छ। जसको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

अवधिमा, नेप्से परिसूचक न्युन विन्दु १,१००.५८ अंक सम्म पुगेको थियो भने अधिक विन्दु १,३२१ अंक सम्म पुगेको थियो। साथै, आ.व. २०७५/७६ मा नेप्सेमा सूचिकृत हुने शेयरहरुको संख्या अधिक मात्रामा वृद्धि भएकोले बजारमा शेयरको आपुर्ति बढी भई बिक्री चाप अधिक मात्रामा बढेको देखिन्छ। कम्पनीहरुले निस्काशन गरेको हकप्रद शेयरमा समेत माग अनुसारको आवेदन नपरेको हुँदा ठुलो मात्रामा अवितरित हकप्रद शेयर लिलाम बढाबढ मार्फत बिक्री गर्नु पर्दा समेत धितोपत्रको दोश्रो बजारमा शेयरको विक्री चाप वृद्धि भएको देखिन्छ। लामो समयको प्रतिक्षा पछि नेपाल स्टक एक्सचेन्जले ल्याएको अनलाईन प्रणालीको प्रभावकारी कार्यान्वयन नहुदा समेत शेयर कारोवार गर्ने लगानीकर्ताहरुमा उक्त प्रणालीको प्रभावकारिता प्रति नकरात्मक धाराणा विकास भएको पाइन्छ। साथै बेलाबखतमा नेप्स तथा सिडिएस एण्ड क्लियारिङ्ग लि.को प्रणालिमा आउने प्रविधिक समस्याले गर्दा शेयर बजारमा नकरात्मक प्रभाव पर्ने गरेको देखिन्छ।

अर्को तर्फ नेपाल राष्ट्र बैंक ले व्याजदरमा सिमा तोकेर कर्जा व्याजदर खासै परिवर्तन आउन सकेन परिणाम स्वरुप, लगानीकर्ता मार्जिन कर्जा लिन निरु निरुत्साहित भई दोस्रो बजारमा तर्फ कुनै आकर्षण देखिएन।

तथापी आ.व.को अन्त्यमा, तरलता केही हदसम्म सहज भएकोले बैंकको व्याजदर घट्दो क्रममा देखिएको छ। साथै

(रकम रु अर्वमा)

| विवरण | २०७२/०७३ | | २०७३/०७४ | | २०७४/०७५ | | २०७५/०७६ | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| प्राथमिक सार्वजनिक निष्काशन | १४ | २.७६ | १९ | १.४० | २१ | ८.३० | २८ | ७.३५ |
| हकप्रद निष्काशन | ३७ | ९.४० | ६९ | ४१.२० | ५५ | २५.७० | १९ | ५.८८ |
| थप सार्वजनिक निष्काशन | ३ | ५.८३ | ३ | ७.७८ | ६ | ११.५१ | - | - |
| सामुहिक लगानी कोष | १ | १.०० | ४ | ४.२५ | ४ | ४.८० | ६ | ६.५५ |
| ऋणपत्र तथा डिबेन्चर | - | - | - | - | १ | ३.०० | ११ | ९.०२ |
| **जम्मा** | **५५** | **१८.९९** | **९२** | **५४.६३** | **८७** | **५०.३१** | **६४** | **२८.८०** |

### (ख) दोश्रो बजार :

आर्थिक बर्ष २०७५/७६ को पहिलो तिन त्रैमासिक अवधिमा नेप्से सूचकाङ्क घट्दो क्रममा रह्यो। त्यसपछि नेप्से परिसूचक केहि बढदो क्रममा देखियो। समग्रमा आ.व. २०७५/०७६ मा नेप्से परिसूचक ४६.६५ अंक ले बृद्धि भई आषाढ मसान्त, २०७६ मा १,२५९.०१ बिन्दु कायम भएको थियो। समीक्षा

बाणिज्य बैंकहरुले सहायक कम्पनी स्थापना गरेर शेयर दलाल कार्य गर्नको लागि स्वकृतीको लागि प्रकृयामा रहेकोले यदि बैंकहरुले ब्रोकर कारोवार गर्नको लागि इजाजत प्राप्त गरेको अवस्थामा शेयरको कारोवार देश भर फैलिने भएकोले नेप्से परिसूचकमा सकरात्मक असर पर्ने आशा गर्न सकिन्छ। त्यसै गरी शेयर दलाल कम्पनीहरुले मार्जिन कारोवार सञ्चालनमा

आईसकेकोले बजारमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ।

| विवरण | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ |
|---|---|---|---|---|
| सुचिकृत कम्पनीहरुको संख्या | २३० | २०८ | १९६ | २१३ |
| सुचिकृत कम्पनीहरुको चुक्ता पूँजी | २०४.०२ | २८९.५९ | ३५२.०९ | ४१८.८७ |
| कुल कारोवार दिन | २३३ | २३० | २३३ | २४६ |
| बजार पुँजीकरण (विलियनमा) | १,८९०.१३ | १,८५६.८२ | १,४३५.१४ | १५६७.५० |
| नेप्से सुचकाङ्क | १,७१८.१५ | १,५८२.६७ | १,२१२.३६ | १२५९.०१ |
| नेप्से फ्लोट सुचकाङ्क | १२५.४१ | ११६.१४ | ८७.१५ | ९२.४३ |
| नेप्से सेन्सेटिभ सुचकाङ्क | ३६९.०७ | ३३६.०४ | २५५.२ | २७१.२५ |

**(ग) नेपालको शेयर बजारको स्थिति :**

समीक्षा अवधिमा शेयर बजार मिश्रित रहेपनि पहिलो तीन त्रैमासिक सम्म घट्दो क्रममा रहेको देखिन्छ भने त्यसपछि बजार केही बढ्ने जस्तो देखिए पनि समग्रमा समीक्षा अवधिमा जम्म ४६.६५ अंकले मात्र नेप्से परिसूचक वृद्धि भएको देखिन्छ। राजनितिक स्थिरता पछि धितोपत्रको दोश्रो बजारमा राम्रो चहलपहल आउने अपेक्षा आम लगानीकर्ताहरुमा रहेको भएपनि सोचे जस्तो सरकारले लगानिकर्ताको विश्वास वढाउन असफल भएको देखिन्छ। सरकारले विभिन्न नीतिहरुको माध्यम बाट समग्र आर्थिक अवस्था सुधार गर्ने प्रयास गरे पनि त्यसको प्रभाव शेयर बजारमा शुन्य रह्यो। यस बाहेक, अनलाइन ट्रडिङ्ग प्रणालिमा आवद्ध लगानीकर्ताहरुको सहभागीता बढदै जानु, शेयर कारोवारको रकम भुक्तानी अनलाइन मार्फत गर्न व्यवस्था मिलाउनु, धितोपत्र दलाल मार्फत मार्जिन ट्रेडिङ्ग सुविधा प्रदान गर्नु, वाणिज्य बैंकहरुलाई धितोपत्र दलाली इजाजतपत्र वितरण गर्ने प्रकृया अगाडी पढाउनु, म्युचुअल फण्ड तथा माइक्रो फाइनान्स क्षेत्रको छुट्टै गणना गर्ने इन्डेक्सको व्यवस्था गर्नु जस्ता सकरात्मक कार्यहरु अगाडी बढेकोले आगामी दिनहरुमा नेप्से परिसूचकमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ। उता वाणिज्य बैंकहरुको आधारदरमा थोरै कमी भए पनि कर्जा व्याजदर भने घटन सकेको छैन। तर आगामी आ.व.हरुमा सरकारले पूँजीगत खर्च आर्थिक वर्षको सुरुवात सगै गर्नको लागि सम्बन्धित मन्त्रालयका सचिवहरुलाई कार्यसम्पादन करार गर्ने व्यवस्था गरेको पूँजीगत खर्च बढ्ने तथा विदेशी प्रत्यक्ष लगानी फस्टाउँदा तरलता समस्या कम हुनेछ र व्याज दर घट्ने सम्भावना देखिन्छ। जसको सकरात्मक असर शेयर बजारमा पर्ने आंकलन गर्न सकिन्छ।

यसका साथै सरकारले निकट भविष्यमा गैरआवसीय नेपालीलाई पूँजीबजामा लगानी गर्नको गर्न खुल्ला गर्ने, बैंकहरुलाई ब्रोकर इजाजतपत्र, नयाँ म्युचुअल फण्डहरुको बजार प्रवेश, मार्केट मेकरको लागि सरकारी तहबाटै आवश्यक पहल हुनु, शेयर बजार सकरात्मक प्रभाव पर्ने गरि नीतिगत सुधार हुनु, बजार न्यूनतम बिन्दुमा रहनु जस्ता कारणले गर्दा आगामी दिनमा शेयर बजार सकरात्मक बाटोमा जाने अनुमान गर्न सकिन्छ।

**३. मर्चेण्ट बैंकिङ्ग उद्योग तथा कम्पनीलाई प्रभाव पार्ने तत्वहरु :**

यस प्रतिवेदन तयारी गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २१३ कम्पनी सूचीकृत छन। जुन गत वर्ष १९६ मात्र रहेको थियो। समीक्षा अवधिमा नेपाल स्टक एक्सचेन्जमा सूचिकृत हुने अधिकांश माइक्रोफाइनान्स जलविद्युत कम्पनीको मात्र रहेका छन। नेपाल सरकारले रु.५० करोड वा सो भन्दा बढी क्यापिटल भएको कम्पनीहरुलाई समेत सर्वसाधरणमा शेयर जारी गर्नको लागि प्रात्साहन गर्ने योजना तर्जुमा गर्दै जानु, बाणिज्य बैंकहरुले डिबेन्चर निष्काशनलाई प्राथमिकता दिनु, जनताको जलविद्युत कार्यक्रम अन्तर्गतका जलविद्युत कम्पनीहरुको साधारण शेयर निष्काशन गर्ने कम्पनीहरु बाँकी रहनु तथा लघुवित्त कम्पनीहरुले क्यापिटल वृद्धि गर्नको लागि हकप्रद शेयर निष्काशन गर्नुपर्ने तथा बीमा कम्पनीहरुको समेत सर्वसाधारणमा शेयर जारी गर्नुपर्ने अवधि नजिकिदै जाँदा आउने दिनमा क्यापिटलको व्यवसाय बढ्ने देखिन्छ।

धितोपत्रको दोश्रो बजारमा सूचिकृत कम्पनीहरुको शेयर मुल्य अंकित मुल्य भन्दा कममा कारोवार भएको देखिन्छ। जसले गर्दा नयाँ जलविद्युत कम्पनी लगायत अन्य उत्पादनमुलक कम्पनीहरुको शेयरको प्रत्याभूति गर्न तथा सम्बन्धित कम्पनीहरु समेत सर्वसाधारणमा शेयर निष्काशन गर्नको लागि सकरात्मक नहुने हुँदा मर्चेण्ट बैंकिङ्ग व्यवसाय विस्तार हुनको लागि धितो पत्रको दोश्रो बजार चलायमान हुनु पर्ने देखिन्छ।

## ४. एन आई सी एशिया क्यापिटलको प्रविधि :

आजको युगमा सूचना तथा प्रविधि प्रतिस्पर्धात्मक फाइदा थप्ने कारक भएको देखिन्छ । हामीले यस कारकलाई स्वीकार गरि हाम्रा प्रतिस्पर्धात्मक लाभलाई अझ मजबुत बनाउन र काम गर्ने लागत र समय घटाउन सूचना प्रविधि एकीकृत गर्न सम्भावित सबै तरिकाहरूको विश्लेषण गरेका छौं । हामीले मौलिक विश्लेषण र प्राविधिक विश्लेषण दुबै मौलिक रूपमा सबै भन्दा राम्रो स्क्रिप्ट, संकेत, शेयर मूल्य र अनुक्रमणिका को ढाँचा पहिचान गर्न सिस्टम एक्स (System X) सफ्टवेयर जडान गरेका छौ । यसका साथै, हामीले हाम्रो वेबसाइटलाई नयाँ डिजाइन गरेका छौँ र मोबाइल ऐप समेत सुरू गरिसकेका छौं ।

संचालक समितिको तर्फबाट म नेपाल धितोपत्र बोड, नेपाल सरकार, कम्पनी रजिस्ट्रार कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियारिङ्ग लि.का अधिकारीहरुलाई उहाँहरूको अमूल्य सहयोग सदभावका लागि धन्यवाद दिन चाहन्छु । मर्चेण्ट बैंकिङ्ग क्षेत्रमा मार्गदर्शन प्रदान गरि उहाँहरुले मर्चेण्ट बैंकको स्तर बढाउन र नीतिगत निर्णय र नियमहरु मार्फत नयाँ उपायहरु ल्याउने नवीन प्रयासको कदर गर्दछु । यसका साथै हामी शेयर ब्रोकर, ग्राहकहरू, पत्रकार, एन आई सी एशिया क्यापिटल तथा एन आई सी एशिया बैंक लिमिटेडका सबै कर्मचारी सदस्यहरू र कम्पनी प्रति उनीहरूको ईमान्दार सहयोग, संरक्षण र अमूल्य योगदानका लागि हार्दिक धन्यवादन दिन चाहन्छु । हामी आगामी दिनमा समेत यहाँहरुको निरन्तर साथ, समर्थन र सहयोगको रहने अपेक्षा गर्दछौं ।

हामी हाम्रा कर्मचारीमा रहेका राम्रा प्रतिभालाई कायम राख्ने र आकर्षण गर्ने र उनीहरूलाई राम्रो कर्पोरेट संस्कृति र प्लेटफर्म प्रदान गर्नेमा सचेत छौं । जहाँ उनीहरू सिक्छन्, उनीहरूको क्षमता विकास गर्नमा मद्दत गर्नेछौं ।

हामी उत्कृष्ट प्रदर्शन र राम्रो व्यवहारलाई पुरस्कृत गर्दै आएका छौं । म हाम्रा स्टाफ सदस्यलाई एन आई सी एशिया क्यापिटललाई यो स्थानमा ल्याउने निरन्तर योगदान गर्नुभएकोमा उहाँहरुलाई संचालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिनुका साथै यहाँहरुको लगन, मिहिनेत र तपाइँहरुको प्रयासको सराहना गर्दछु ।

हामी मर्चेण्ट बैंकिङ्ग उद्योगमा प्रतिस्पर्धाको प्रकृति बुझेको छैं र हाम्रो सेयर बजार विस्तार गर्न र ब्रान्डको साथ साथै सेवाको गुणस्तर र लागत व्यवस्थापनमा मुख्य ध्यान केन्द्रित गर्दछौं ताकि सेयरधनीहरू तथा कर्मचारीहरुलाई अधिकतम प्रतिफल वितरण गर्न सकियोस् । आर्थिक वर्ष २०७६/७७ मा यस कम्पनीको व्यवसायमा आउने चुनौती र अनिश्चितता को सामना गर्न हामी केन्द्रित रहने छौं र हाम्रो प्रतिज्ञाहरू पुऱ्याउन कटिबद्ध भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

धन्यवाद !

संचालक समितिको तर्फबाट
विशाल सिग्देल

अध्यक्ष

# कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको विवरण

## १.आर्थिक वर्ष २०७५/०७६ मा कम्पनीको कार्यसम्पादनको सिंहावलोकन :

यस कम्पनी प्रचलित कम्पनी ऐन, बमोजिम मिति २०७३ साल जेष्ठ २ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ अनुसार मिति २०७३ साल फागुन ८ गते मर्चेण्ट बैंकिङ्ग व्यवसाय सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०७३ साल फागुन २२ गतेदेखि विधिवत रुपमा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोवार प्रारम्भ गरेको हो।

एन आई सी एशिया क्यापिटल औपचारिक रुपमा संचालनमा आउँदा जम्मा १९ बटा मर्चेण्ट बैंकरहरु मात्र संचालनमा रहेका थिए भने हाल हामी सहित मर्चेण्ट बैंकरहरुको संख्या ३१ वटा पुगिसकेको छ। यस क्यापिटल संचालनमा आएको ४ महिनामै अर्थात पहिलो आ.व. मै २ प्रतिशत नगद लाभाँश वितरण गर्न सफल भएका थियौं । नेपाल धितोपत्र बोर्डबाट सम्पुर्ण मर्चेण्ट बैंकिङ्ग व्यवसाय गर्ने मर्चेण्ट बैंकहरुलाई न्युनतम चुक्ता पूँजी रु.२० करोड पुऱ्याउन निर्देशन भएबमोजिम क्यापिटलको पहिलो बार्षिक साधारण सभाले पारित गरेको हकप्रद शेयर बापतको रकम मिति २०७५ पौष महिनाको २५ गते थप पश्चात् कायम पूँजीमा आ.व. २०७४/०७५ को लागि ७ प्रतिशत नगद लाभाँश वितरण गर्न सफल भएका थियौं।

### क्यापिटलको स्थिति :

समीक्षा अवधिमा ३१ वटा मर्चेण्ट बैंकरहरु मध्ये एन आई सी एशिया क्यापिटल लिमिटेडको समग्र व्यवसायको आधारमा निम्न स्थान हासिल गर्न सफल भएको छ।

| क्र. सं. | विवरण | समग्रमा स्थिति |
|---|---|---|
| १ | निक्षेप सदस्य सेवा तर्फ | दोश्रो स्थान |
| २ | शेयर रजिष्ट्रार सेवा तर्फ | नवौं स्थान |
| ३ | लगानी व्यवस्थापन (पि.एम.एस) सेवा तर्फ | तेश्रो स्थान |
| ४ | निष्काशन तथा बिक्री प्रबन्धक सेवा तर्फ | - |

### निष्काशन तथा बिक्री प्रबन्धक सेवा अन्तर्गत प्रदान गरिएको सेवाहरु :

समीक्षा अवधिमा एन आई सी एशिया क्यापिटलले एउटा कम्पनीको हकप्रद शेयर तथा दुई वटा कम्पनीको बोलकबोल शेयरको निष्काशन तथा बिक्री प्रबन्धकको कार्य सम्पन्न गरेका छौं । दुई वटा कम्पनीको सार्वजनिक निष्काशन गर्नको लागि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएकोमा एउटा कम्पनीको लागि बोर्डबाट माग गरेबमो जिमको विवरण पुनः पेश गरि आ.व. २०७६/०७७ भित्र सार्वजनिक निष्काशन गर्ने गरि प्रकृया अगाडी बढाइसकिएको छ । साथै एन आई सी एशिया म्युचुअल फण्ड अन्तर्गतको दोश्रो योजनाको एन आई सी एशिया ब्यालेन्सड् फण्डको इकाई सार्वजनिक निष्काशन गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त गरेको छ।

### आर्थिक बर्ष २०७५/०७६ को अन्त्यसम्म यस कम्पनीले शेयर रजिष्ट्रेशन सम्बन्धी कार्य गरेका कम्पनीहरुको विवरण :

समीक्षा अवधिमा क्यापिटलले सामूहिक लगानी कोष सहित ६ वटा कम्पनीहरुको शेयर रजिष्ट्रारको सेवा प्रदान गर्दै आइरहेको छ। जुन समकालीन मर्चेन्ट बैंकरहरुको तुलनामा उक्त संख्या उत्साहजनक मान्न सकिन्छ।

| सि.नं. | कम्पनीको नाम |
|---|---|
| १ | श्री एन आई सी एशिया बैंक लिमिटेड |
| २ | श्री स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ३ | श्री सहयोगी विकास बैंक लिमिटेड |
| ४ | श्री आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड |
| ५ | श्री एन आई सी एशिया ग्रोथ फण्ड |
| ६ | श्री सुर्या लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड |

## आर्थिक बर्ष २०७५/०७६ को अन्त्यसम्म यस कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्य गरेका कम्पनीहरुको विवरण :

| सि.नं. | कम्पनीको नाम | कैफियत |
|---|---|---|
| १ | श्री आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि. | सार्वजनिक निष्काशन |
| २ | श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड | हकप्रद शेयर निष्काशन |
